CC-0. Digitized by eGangotri and MIDF- Delhi

अमरभारतीगौरवम्



रामहरि दाहाल

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अनन्यमित्र प्रा. श्री नवराज कट्टेलज्यूमा सप्रेम-
रामहरि दाहाल
२०६३/४/१८

अमरभारतीगौरवम्

रामहरि दाहालः

मोलुङ फाउन्डेसन
कोटेश्वर, काठमाडौँ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अमरभारतीगौरवम्

रामहरि दाहाल

प्रकाशकः मोलुङ फाउन्डेसन
कोटेश्वर, काठमाडौँ

प्रतिः १०००

वैशाख २०७३

कम्प्युटर लेआउट : आर. के. अधिकारी

सर्वाधिकारः लेखक

मुद्रणः त्रिकोण प्रिन्टिङ एण्ड सप्लायर्स प्रा. लि.
कपन, काठमाडौँ

मूल्य रू. : १५०/-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशकीय

जीवन र जगतको अर्थको खोजमा निरन्तर लागिरहेको मानव जातिले कहिल्यै पूर्ण विराम गरेन। अलिबेर थाकेपनि केहीछिन विश्राम गऱ्यो अनि फेरि काममा लागिरह्यो, लागिरह्यो। विज्ञान वा कला, दर्शन वा नीति जुनसुकै विधामा होस् अर्थ निकाल्दै रह्यो र त्यस अर्थ उपर प्रश्नका चुनौतिहरू आउँदै रहे। त्यसको पनि उत्तर पत्ता लगाउँदै गयो र फेरि पनि चुनौति खडा हुँदै गए। किन्तु मानव जाति कहिल्यै थाकेन। पूर्ण सत्य प्राप्त नभएर के भो आंशिक सत्यको प्राप्तिले नै संसारको कायाकल्प गऱ्यो।

यस्तो सत्यको उद्‌घाटन अथवा भनूँ अर्थको खोज पूर्वीय र पाश्चात्य जगतमा समान ढङ्गले पनि भयो होला तर दर्शनका क्षेत्रमा भने आधारभूत रूपमा नै भिन्नता रह्यो। संस्कृत वाङ्मयमा लिखित वेद, उपवेद, उपनिषद, पुराण, नीतिशास्त्र, योग इत्यादि विषयका गहन ग्रन्थहरूमा जीवन र जगतको विशद व्याख्या र विश्लेषण गरेकोबाट थाहा हुन्छ पूर्वीय दर्शन कति विराट् छ।

यस्तो गरिमामय पूर्वीय दर्शन र संस्कृत वाङ्मयका विद्वान् लेखक प्राध्यापक रामहरि दाहाल पनि अध्ययन अनुसन्धान र सिर्जनात्मक लेखनमा अनवरत लागिरहनुभएको छ। विशाल भवन निर्माणका लागि जसरी प्रत्येक इँटाको महत्व हुन्छ अमूल्य वाङ्मय भण्डारमा उहाँको यस कृतिले एउटा इँटाकै काम गऱ्यो भने पनि त्यो महान् हुन्छ। त्यसो त उहाँको यो कृति यसै पनि महान् छँदै छ।

पूर्वीय दर्शन र वाङ्मयको महत्व पाश्चात्य जगतमा पनि अनुभव भएकै हुनु पर्दछ। केवल अन्तरविषयक अनि अन्तरद्वीपीय संयुक्त अध्ययन अनुसन्धानको खाँचो आजको सन्दर्भमा अझ बढी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ट्टकारो रुपमा देखा पर्छ। विश्व द्रुततर गतिमा बदलिँदै छ। एकांगी अध्ययन अनुसन्धान अपूरो नै हुन्छ।

अङ्ग्रेजी भाषा–साहित्यको विद्यार्थी हुनाले उहाँको यो कृतिको प्रत्येक अवयवको गहन अर्थ त मलाई बुझ्न गाह्रो भयो तर पनि मेरो अन्तर्ज्ञानले यसको जीवनोपयोगी सार अनूभूत गर्छ। यो र यस्तै अमूल्य अर्को कृति ***गतो मदीयो ननु कुत्र देशः*** प्रकाशन गर्न पाएकोमा मोलुङ फाउन्डेसन गौरवान्वित छ। उहाँलाई फाउन्डेसनको तर्फबाट हार्दिक बधाइ ज्ञापन गर्दछु।

प्रा. भूप प्रसाद धमला
अध्यक्ष
मोलुङ फाउन्डेसन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अमरभारतीगौरवम् सदा श्लाघनीयम्

प्राध्यापकपदालङ्कृतेन संस्कृतसाहित्यस्य प्रामाणिकेन विदुषा रामहरिदाहालमहाभागेन विरचितम् "अमरभारतीगौरवम्" इत्याख्यं रमणीयं काव्यं विहङ्गमदृष्ट्या मया व्यलोकि । काव्यमिदं वर्तमानसमये ज्ञान–विज्ञाननिधिस्वरूपायाः प्राच्यदर्शन–साहित्य–सभ्यतामूलाया अमरवाण्याः सुरवाण्या वैशिष्ट्यप्रकाशनाय क्षमं सहृदय–हृदयोल्लासकं च वरीवर्ति । एतादृशमनोमोदकमौलिक–संस्कृतकाव्यप्रणयनाय काव्यप्रणेता रामहरिदाहालमहाभागः श्लाध्यतर इति मनोभावं प्रकटयामि ।

अस्माकं रीति–साहित्य–दर्शनानि संस्कृते निवद्धानि सन्ति । संस्कृतस्याभावे वयं रिक्ता भवामः । संस्कृतमस्मदीयं जीवनं वेविद्यते । परन्तु सम्प्रति नेपाले संस्कृतशिक्षणस्य परिपाटी शिथिला वर्तते । साधारणशिक्षाप्रणाल्यामनिवार्यरूपेण शिक्षणन्तु शून्यमेव दृश्यते । संस्कृतस्य प्रचुरतरमहत्त्वे सत्यपि स्वार्थसाधकाः परम्पराविरोधिनः संस्कृतस्य, संस्कृतेर्धर्मस्य, तदनुयायिनाञ्च विरोधे वितण्डां कुर्वन्ति । "छिन्ने मूले नैव शाखा न पत्रम्" इति न्यायेन सकलानां मूलदेशेऽवस्थितायाः सुरभाषाया विरोधेन सर्वाण्यपि प्राच्यवैशिष्ट्यानि दूषयितुं तेऽभिवाञ्छन्ति ।

वस्तुतः संस्कृतममृतं वर्तते । अमरभारतीसुरवाणीत्यादि–विविधनामपदभूषितं संस्कृतं न कदापि क्षयपथं प्रयाति । सूर्यबिम्बे मेघस्येव कुत्रचित् स्थानविशेषे देशविशेषे वा किमपि मालिन्यं कियत्कालावच्छिन्नं दरीदृश्यते । अमेरिका–भारत–जर्मनी–जापानादिदेशेषु वर्धमानं संस्कृतविद्याया लोकप्रियत्वं सुदृढं प्रमाणमस्य सम्मुखस्थमेव ।

कविना रामहरिणा रचितस्य काव्यस्य भावभूमिरियमेव । अतोऽनेन काव्यस्य पूर्वभागे संस्कृतभाषाया उपयोगित्वं महत्त्वञ्च सम्यक् प्रतिपादितम् । तत्र मानवजातेः समुन्नतये संस्कृतभाषानिबद्धानि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सदाचार-सज्ज्ञान-जनकल्याणकारीणि वेद-धर्मशास्त्रज्योतिष पुराणादीनि समुल्लिख्य तत्तच्छास्त्रनिबद्धज्ञानलाभाय संस्कृतभाषा पठितव्यैवेति स्फुटीकृतम् ।

संस्कृतं विश्वभाषा वरीवर्ति । प्रायः सकलासु भाषासु सर्वप्राचीन संस्कृतभाषाया प्रभावो वर्ततेतरामिति तदध्ययनस्यौचित्यं कविना प्रादर्शि । यथैकं निदर्शनम्-

अहो देववाण्या गृहीतप्रभावाः
स्वदेशेऽपि सर्वा विभान्तीह भाषाः ।
नदीवल्लसन्तेऽपरा मातृभाषाः
समुद्रायतेऽसौ सदा देवभाषा ॥

अमरभारतीगौरवम्, श्लोक १६ ।

अन्या भाषा नदीतुल्याः, संस्कृतमगाधजलसागरसमानमिति तुलना विहिता । वस्तुतः कथनमिदं यथार्थं परिलक्ष्यते । काव्यकारेण संस्कृते रामायण-महाभारत-सङ्गीत-भैषज्य-वेदान्तादिदर्शन-कला-साहित्य-नीतिकृषिविद्याप्रभृतिविविधशास्त्राणि विद्यन्ते यदनुशीलनेन जनाः कल्याणपथं व्रजन्तीति सुष्ठु निगदितम् । पर्यावरणरक्षणे, विमाननिर्माणादिप्रविधौ भगवच्छरणागतिविधौ चामरभारतीज्ञानम-निवार्यमिति कृतिकारस्य चिन्तनं प्रतिभाति । व्यावसायिक-व्यावहारिक-कार्येषु कूटनीति-भूतसिद्धि-मायाप्रयोगादिषु च सुरवाणीनिबद्धशास्त्राणां महत्युपयोगिता रामहरिकविना सुललितपद्यरचनया प्रतिपादिता । यथा-

द्यूते सौगन्ध्ययोगे ....
... सूरिभिर्देववाण्याम् ॥

अमरभारती श्लोक, ९९-१००

रचनायामस्यां भागद्वयं निर्दिष्टम् । पूर्वभागे १०४ श्लोकैः संस्कृतोपयोगिता प्रदर्शिता । उत्तरभागे ४७ श्लोकैः संस्कृतभाषानिन्दकानां विचारा युक्तिभिर्निराकृताः । इत्थं १५१ पद्येषु रचितं खण्डकाव्यमिदं विदुषां मोदजनकम् । वर्तमाने संस्कृत निन्दकबहुले समाजे संस्कृतस्याध्ययनम्, अध्यापनम्, लेखनम्, सेवनं च नितरां प्रशस्यम् । तत्रापि संस्कृतमहत्त्वमुपगीय संस्कृतकाव्यनिर्माणं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्वेषामपि संस्कृतविज्ञानां संस्कृतप्रेमिणां च कृते हर्षप्रदम्, उत्साहवर्धकञ्चेति मन्यते ।

रचयित्रा उत्तरभागे संस्कृतस्योपरि प्रक्षिप्तानामारोपाणां काव्यमयशैल्या तर्कयुक्तं खण्डनं व्यधायि । क्रमेऽस्मिन् सुरभाषां मृतां कथयतामुत्तरमित्थं कविना प्रदत्तम्–

या भाषा पठ्यमाना चिरतरसमयाल्लिख्यमाना तथाऽस्ते
यस्याः साहित्यमुच्चं सकलजनपदैर्मानितं दर्शनञ्च ।
इत्थं लोके प्रसिद्धामपि सुरभणितिं ये निरर्थां गदन्ति
सूर्यो नास्तीत्युलूकैः कथितमिव स्वतस्ते निरर्था भवन्ति ॥

अमरभारती, श्लोक १०६

संस्कृतं प्रति पाश्चात्त्या विद्वांसो मुग्धाः सन्ति । एतेन संस्कृतमहिमा संवर्धितोऽस्ति । इत्युक्त्वा कविः संस्कृतनिष्ठं विज्ञानं चोद्भासयति । एवमेव, वेद–पुराण–तन्त्रादीनामुपरि प्राप्तान् आरोपान् खण्डयित्वा तेषामुत्कृष्टत्वं च साधु प्रदर्शयति ।

अमरभारतीगौरवे विवेचिते काव्यमिदं समयसन्दर्भानुसारि संस्कृतमहत्त्वप्रतिपादकं संस्कृतनिन्दकविपक्षिविचारप्रतिरोधकं च वेविद्यते । एतादृशमहनीयसंस्कृतकाव्यप्रणेतारं रामहरिदाहालमहाभागं हृदयेन धन्यमुक्त्वा काव्यस्यास्य सफलप्रकाशनाय शुभकामनां प्रकटयामि ।

२०७२/११/१

प्रा. डा. माधव भट्टराई
अध्यक्षः
राष्ट्रिय धर्मसभा–नेपालस्य ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किञ्चिन्निवेदनम्

कतिचन सुरवाण्या भूरिमाहात्म्यमूचुः
कति च सुरगवीयं नोपयुक्तेत्यवोचन् ।
इति मतद्वयमध्ये तथ्यजातं समीक्ष्य
लिखित इह बुधानामग्रतः पद्यबन्धः ॥१॥

अधिकसमयतोऽसौ विश्वमध्येऽवतीर्य
विविधकृतिविधाभिर्लोकसंराधिकाऽभूत् ।
ऋषिकविबुधवर्गैः सेवितेयं पुराणी
वितरति जनतायै शान्तिमैत्र्योर्धनानि ॥२॥

वितरणमयभुक्तौ मेलभावस्य वृद्धौ
सकलजनहिते वा या भृशं प्रेरिकाऽऽस्ते ।
प्रचलितबहुभाषामातृतां प्राप्य चेयं
जयति किमु न लोके लोकजागर्तिमूला ॥३॥

विधिनियम–निषेधान् दर्शयित्वा सुभावं
भरति जनसमूहे नित्यशो भारतीयम् ।
अत इयममृता गीर्नैव निन्द्या विचार्य
जनसदसि विचारः स्वल्पको व्यक्त एषः ॥४॥

समयगतिवशाद् वा भौतिकाविष्कृतेर्वा
जनरुचिवशतो या म्लायमानाऽधुनास्ते ।
तदपि च सुरगव्यामास्थितो ज्ञानराशिः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सततमिह सुसेव्यः किन्न भूयाज्जनेभ्यः ॥५॥
पश्यद्भ्योऽशुद्धिनिर्देशपूर्वकं सूक्ष्मरूपतः ।
श्रीमाधवगुरुभ्योऽ यं हार्दीं श्रद्धां प्रयच्छति ॥६॥

सूचनामूलकं ज्ञानं प्रदाय सहयोगिनः ।
गुरवश्च सखायश्च नम्यन्ते भक्तिभावतः ॥७॥

अक्षराङ्कणकर्तारं सुखांख्ये यत्नपूर्वकम् ।
महेशगौतमं मित्रं हृत्तो धन्यं वदाम्यहम् ॥८॥

एतस्य खण्डकाव्यस्य प्रकाशाय समुद्यतम् ।
कृतज्ञताक्षरै स्तौमि मोलुङ फाउन्डेसनाऽमिधम् ॥९॥

दोषं विलोक्य सुधियः किल पद्यपुष्पं
त्यक्ष्यन्ति नूनमिति नैव विभावयामि ।
दोषान् विहाय गुणसौरभपानमत्ता
धीराः सदा मधुकरा इव सारभाजः ॥१०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषयसूची

१.	प्रकृतिप्रत्ययादिसंस्कारितभाषा	१
२.	वेदमूला संस्कृतभाषा	१-२
३.	नेपाल्यादिभाषाणां मूलभाषा	४
४.	ज्योतिषममहत्त्वम्	४
५.	वास्तुमहत्त्वम्	५
६.	आदिकाव्यस्य रामायणस्य भाषा	७
७.	जयकाव्य (महाभारत) स्य महत्त्वम्	८-९
८.	सङ्गीतस्रोतः संस्कृतम्	१०-१३
९.	छन्दसां स्रोतो महत्त्वञ्च	१०
१०.	संस्कृतप्रभव आयुर्वेद्यः	१०-११
११.	स्मृतिगौरवम्	१४
१२.	सूत्रग्रन्थप्रणयनम्	१३
१३.	रत्नधारणोपयोगिता	१४
१४.	पारदभस्मन आविष्कारः	१५
१५.	योगस्वरूपं सिद्धयश्च	१६-१७
१६.	ब्रह्मसूत्रोपादेयता	१७-१८
१७.	साहित्यविलासः	१८-२१
१८.	कौटलीयार्थशास्त्रस्योपयोगिता	२२-२३
१९.	नीतिकाव्यानां प्रणयनम्	२४
२०.	अनासक्तकर्मसु प्रेरणम्	२५
२१.	दर्शनशास्त्रमहत्त्वम्	२५-२६
२२.	शिक्षाशास्त्रस्य चर्चा	२७
२३.	निघण्टुमहत्त्वम्	२८
२४.	कल्पसूत्रस्वरूपम्	२८
२५.	श्रौतगृह्यसूत्राणां लोकहितकारित्वप्रतिपादनम्	२९
२६.	तन्त्रोपयोगिता	३०
२७.	सांख्यदर्शनस्वरूपम्	३१

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२८.	मीमांसोपयोगिता	३२
२९.	भक्तिशास्त्रस्योपयोगिता	३२–३४
३०.	गीताया दर्शनम्	३४
३१.	बैद्धदर्शनचर्चा	३६
३२.	चार्वाकमतचर्चा	३७
३३.	जैनदर्शनचर्चा	३८
३४.	श्रीकृष्णस्य सर्वोच्चताप्रतिपादनम्	४१
३५.	संस्कृतभाषायां निबद्धाःकलाः	४१–४२
३६.	प्राच्येतिहासज्ज्ञानाय सेव्या संस्कृतभाषा	४३
३७.	संस्कृतभाषा मृतेति कथयद्भ्य उत्तरम्	४६
३८.	कर्मकाण्डीयभाषेति आरोपस्य खण्डनम्	४७
३९.	पाश्चात्त्यविदुषां संस्कृतेऽभिरुचिः	४८–४९
४०.	संस्कृतनिष्ठविज्ञान (शिल्पशास्त्र) स्योल्लेखः	५०
४१.	संस्कृतनिष्ठविज्ञानस्योतलेख	५०–५२
४२.	आचारज्ज्ञानाय संस्कृताऽध्ययनम्	५३
४३.	त्यागमहत्त्वम्	५४
४४.	जातिप्रधानभाषेति आरोपस्य खण्डनम्	५५–५६
४५.	सामयिकविषयैः सह संस्कृतस्य पठनपाठनायोरावश्यकता	५८
४६.	सार्वत्रिकेशदृष्टिताप्रतिपादनम्	५८
४७.	पुराणवर्णितानां घटनानां सारः	६०–६२
४८.	संस्कृतनिष्ठदर्शनानां लोकहितकारित्वम्	६४
४९.	संस्कृते शब्दन्यूनताया अभावचर्चा	६६
५०.	संस्कृते कठिनताया आरोपणस्य निराकरणम्	६६
५१.	संस्कृतपठनपाठनशैलीनिदर्शनम्	६५–६७
५२.	देवस्वरूपप्रतीकचर्चा	६८–६९
५३.	तारारामयोः कालीकृष्णयोः जीवब्रह्मणोश्च एकतायाः प्रदर्शनम्	७४
५४.	नेपाले संस्कृतस्य गतिविधयः	७६–७७
५५.	संस्कृतसंरक्षणाय गुरुकुलीयविद्यालयानां योगदान–प्रतिपादनम्	७८
५६.	जयतुसंस्कृतमित्यान्दोलनतोऽधिगता उपलब्धयः।	७८
५७.	सुसांख्यीयप्रविधावपि संस्कृतमुययुक्तमिति छयनम्	८१

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्वभागः

उपयोगिता

श्रियं शाश्वतां मानेवेभ्यो ददाना
पुराकालतो या समाजे प्रयुक्ता ।
सुसंस्कारितत्वादियं संस्कृतेति
जनैरुच्यमाना विभातीह भाषा ॥१॥[१]

प्राचीनकालदेखि नै लोकलाई सदाचारको शिक्षा दिँदै समाजमा चलेको अनि संस्कार गरिएको हुनाले संस्कृत नामले चिनिएको यो भाषा विश्वमा शोभित छ ॥१॥

जनैर्देवतानां समाराधनाय
बुधानां गुरूणां कृपाप्राप्तये च ।
प्रयुक्तेति हेतोरियं देवभाषा
तथा विज्ञभाषेति दीप्ता बभूव ॥२॥[२]

मनुष्यहरूले देवताको आराधनाका लागि, अनि विद्वज्जन र गुरुवर्गको कृपा प्राप्तिका लागि समेत यस भाषालाई प्रयोग गरेकाले यसको प्रकाश देवभाषा तथा विद्वद्भाषाको रूपमा फैलिएको छ ॥२॥

जनेभ्यो विभिन्नान् नवान् ज्ञानराशीन्
ददानाऽत्र संराजते वेदशिक्षा ।
विभिन्नेषु वर्णेषु वर्गेषु चैव
यतः संसृतोऽभूत् समत्वस्य घोषः ॥३॥[३]

---

१. तैत्तिरीयसंहिता ६/३/७, सायणाचार्यको ऋग्वेद भाष्य उपोद्घात भाग १, महाभाष्य १/१/१ उद्धृत– सं. साहित्यका इतिहास, वाचस्पति गैरोला पृ. ३१ ।

२. पूर्ववत्, पृ. ३१ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृतभाषाभित्रको वैदिक शिक्षाले मानवजगत्‌लाई नयाँनयाँ अनेकखाले ज्ञान दिलाएको छ । यही वेदले भिन्न वर्ण र वर्गका मानिसहरूमा समताको (भेदभावविहीन जीवनको) उद्घोष फैलाएको छ ॥३॥

पुराणानि, वेदास्तदङ्गानि तन्त्रं
तथाऽऽचारनिर्देशकं धर्मशास्त्रम् ।
विचारस्य मन्थानतः सम्प्रमथ्य
समाजाय दत्तानि पूर्वैः सुधीभिः ॥४॥[४]

पुराण, वेद, वेदाङ्ग, तन्त्र र सन्मार्ग देखाउने धर्मशास्त्रहरू विचारको मदानीले मथेर पूर्वका विद्वान्‌हरूले निधिको रूपमा समाजलाई दिएका छन् ॥४॥

पुराणानि वेदान्तसूत्रञ्च व्यासो
पुरा देववाण्यां प्रणिन्ये जनाय ।
ततः प्राप लोकोऽक्षरं ज्ञानराशिं
यतन्ते हि लोकस्य भूत्यै महान्तः ॥५॥[५]

महर्षि व्यासले जनताका लागि संस्कृत भाषामा पहिले नै पुराणहरू र ब्रह्मसूत्रको रचना गर्नुभयो । यिनै ग्रन्थहरूबाट लोकले अक्षय ज्ञानराशि पाएको छ । ठिकै हो ठूलाबडाहरू लोकहितका लागि मरिमेट्छन् ॥५॥

---

३. स्वस्ति न इन्द्रो वृद्धश्रवाः, द्यौः शान्तिरन्तरिक्षं शान्तिः, आनो भद्राःक्रतवो, सहनाववतु, समानीव आकूती समानि हृदयानि वः, जस्ता वैदिक उद्घोषले मानवजगत्‌लाई शान्तिमार्गमा हातेमालो बढाउन निर्देश दिएको स्पष्ट हुन्छ ।

४. १८ महापुराण, ४ वेद, ६ वेदाङ्ग, तन्त्रशास्त्र र १८ आचार्यद्वारा प्रणीत धर्मशास्त्र प्राच्य विद्वद्वर्गले समाजलाई उपहार दिए ।

५. द्यौः शान्तिरन्तरिक्षगुं शान्तिः यो वैदिक मन्त्रले द्युलोक, अन्तरिक्षलोक, पृथिवी, जल, रुख, लहरा, वनस्पतिवर्ग, विश्वेदेव, ब्रह्म, सबै अन्य पदार्थ र आफैंमा समेत शान्तिकामना गरेको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्षितावन्तरिक्षे जले वृक्षवल्ली–
पतङ्गेषु शान्तिं सदैवेहमानैः ।
परार्थैकचित्तैर्महामानवैर्या
भृशं वर्धिताऽऽराधिता दीव्यतीह ॥६॥[६]

पृथिवी, अन्तरिक्ष, पानी, रुखलहरा, पुतली र चराहरूमा समेत सधैँ शान्ति फैलेको देख्न चाहने र अरुको निम्ति जीवन सुम्पने महामानवहरूले यो संस्कृत भाषाको आराधना गरेका छन् साथै यसलाई बढाएका छन् ॥६॥

कृतां तद्धितानां, समासस्य, सन्धे–
र्निपाताऽव्ययादेः क्रियायाश्च रूपैः ।
विभिन्नैः प्रयोगार्हवेशैर्विभूष्य
बुधान् रञ्जयन्ती नटी नृत्यतीह ॥७॥[७]

कृत्प्रत्यय र त्यसबाट बनेका शब्दहरू, तद्धित प्रत्यय र त्यसबाट बनेका शब्दहरू, समास, सन्धि, निपात, अव्यय अनि कर्तृवाच्य, कर्मवाच्य र भाववाच्य क्रियाका अनन्त रूपहरूले, प्रयोग गर्न योग्य अरु पनि विभिन्न (यङन्त, यङ्लुङन्त, सन्नन्त र उणादि प्रयोगका) वेशभूषाले सिंगारिएकी नर्तकी विद्वान् रसिकलाई प्रसन्न पार्दै भाषाको रङ्गमञ्चमा नाचिरहेकी छिन् ॥७॥

जनैरत्र नैपालकैर्भाषितासु
समस्तासु भाषासु गीर्वाणवाण्याः ।
प्रभावं यथेष्टं समालक्ष्य चेतो

---

६. अठार महापुराण, १८ उपपुराण, १८ औपपुराणहरू र ब्रह्मसूत्र ग्रन्थ व्यासले संस्कृतमा रचे ।

७. कृत्प्रत्ययका प्रयोग / तद्धित प्रत्ययबाट शब्दनिर्माण / समास, सन्धि, निपात, अव्यय अनि कर्तृवाच्य / कर्मवाच्य, भाववाच्यका क्रियावलीहरू आदि पदले सन्नन्त, यङन्त, यङ्लुङन्त नामधातु, उपसर्गबाट हुने अर्थभेद आदिद्वारा शब्दसुन्दरी नर्तकीले विद्वान् रसिकवर्गलाई आनन्दित बनाएकी छिन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भवत्येव श्रद्धानतं संस्कृतेऽसौ ॥८॥[८]

नेपालवासीले प्रयोग गरेका समस्त भाषाहरूमा संस्कृतभाषाको यथेष्ट प्रभाव देखेर आश्चर्यचकित भएको चित्त संस्कृतप्रति श्रद्धाले झुक्दछ ॥८॥

ग्रहाणां प्रभावं, गतिं, दिग्बलञ्च
दशान्तर्दशे वा स्थितिं जातकस्य
यथार्थं विबोद्धुं जनैराश्रितव्यं
श्रुतेरङ्गभूतैकहोराख्यशास्त्रम् ॥९॥[९]

ग्रहहरूको जीवजगत्मा पर्ने प्रभाव, गति, दिग्बल, ग्रहको कारण आइपर्ने दशा, अन्तर्दशा जन्म पाएको व्यक्तिको सम्बन्धमा बुझ्नका लागि वेदाङ्गको रूपमा प्रतिष्ठित ज्योतिषशास्त्रको आश्रय लिनुपर्छ ॥९॥

ललाटे च बाह्वोः पदोरङ्गुलीषु
स्थितैश्चिह्नरेखादिभिर्जातकस्य ।
यथार्थं विबोद्धुं जनैराश्रितव्यं
श्रुतेरङ्गभूतैकहोराख्यशास्त्रम् ॥१०॥

---

८. भारोपेली वर्गका भाषाहरूमा नेपाली पनि पर्छ । जसमा संस्कृतभाषाको व्यापक प्रभाव परेको स्पष्ट छ । ७० प्रतिशतसम्म शब्दहरू संस्कृतबाट सोझै र तद्भव बनाई नेपालीले ग्रहण गरी आफ्नो स्वरूप खडा गरेको छ ।

९. ग्रहहरूको प्रभाव– आकाशीय पिण्डहरूको प्रकाशजन्य असर, गति– सूर्यादिनवग्रहको कक्ष भ्रमणको चाल, दिग्बल– ग्रहहरूको षड्बलमध्ये एक प्रमुख बल जसमा दिशाअनुसार अवस्थितिको आधारमा ग्रहको शक्ति विचार गरिन्छ । दशा– जातकको जीवनमा निश्चित अवधिभर, निश्चित ग्रहले पार्ने विशेष प्रभाव । अन्तर्दशा– ग्रहले पार्ने सूक्ष्म प्रभाव, जसमा एउटै ग्रहको प्रभावकालभित्र सबै ग्रहको पृथक् पृथक् प्रभावको विचार गरिन्छ । यस सम्बन्धमा विशेष बुझ्न– पराशरद्वारा निर्मित– बृहत्पाराशर–होराशास्त्रम्, वराहमिहिरको बृहज्जातकम् र बृहत्संहिता, नारदसंहिता, कश्यपसंहिता, केशव दैवज्ञको केशवीयजातक आदि ग्रन्थहरू हेर्नुपर्ने हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निधारमा, दुई हातमा, दुई पाउमा र औंलाहरूमा रहेका जातकका चिह्न वा रेखाबाट फलको शुभ, अशुभ, अल्पकालिक वा दीर्घकालिक प्रभावको बारेमा गरिने फलादेश फलित ज्योतिषबाट छिटै बुझ्न सकिन्छ ॥१०॥[१०]

कदा खातयामः कदा निर्मितिश्च
कदा कार्यलाभाय यात्रा विधेया ।
इतीमानि तत्त्वानि मौहूर्तिकानि
बिबोद्धुं प्रपठ्या गवी वै पुराणी ॥११॥[११]

घरगोठको जग खन्ने, निर्माण गर्ने, कार्य पूरा होस् भनेर यात्रा गर्ने समयलगायतका मुहूर्तविद्या बुझ्नका लागि पुरानो भाषा (संस्कृत वाणी) पढ्नु पर्दछ ॥११॥

कथं भूमिनिर्धारणं कुत्र सद्म
विनिर्माय वस्तूनि धार्याणि कुत्र ।
इतीमानि वास्तोर्विधानानि बोद्धुं
सुरैर्भाषितां भो गवीमाश्रयध्वम् ॥१२॥[१२]

---

१०. समुद्रले बताएको सामुद्रिकशास्त्र, नारायणदत्त श्रीमालीको हस्तरेखाविज्ञान विलोकनीय / पूर्वका विद्वान्हरूले शङ्ख, चक्र, कमल, जौ, माला, पर्वत, कछुवा, ध्वजा आदि शारीरिक रेखाका चिह्नबाट र आयुरेखा, विद्यारेखा, जीवनरेखा, मस्तिष्करेखा, सन्तानरेखा आदि हत्केलाका रेखाद्वारा, भ्रुकुटीको रोमावलि, अनि निधारका रेखा हेरेर त्यसको आधारमा व्यक्तिको जीवनका विविध आयामका सम्बन्धमा फलादेश गर्दथे । यो अहिले पनि चालु छ ।

११. घर, मण्डप आदि बनाउन जग खन्ने, गारो लगाउने, यात्रा गर्ने साइत जस्ता विभिन्न कार्यका लागि आवश्यक साइत बुझ्न, मुहूर्तमार्तण्ड र मुहूर्तचिन्तामणि ग्रन्थ पठनीय छन् ।

१२. वास्तुसम्बन्धी ज्ञान प्राप्त गर्न वृहत्संहिताको वास्तुविद्याऽध्याय पठनीय ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कसरी जमिनको छनोट गर्ने, घर बनाएपछि कुनकुन सामान (भान्सा शयनकक्ष आदि) कहाँ कहाँ राख्ने, यस प्रकारको वास्तुको विधान बुझ्न संस्कृत भाषाको सेवा गर्नुहोस् ॥१२॥

वराहमिहिरो बुधो गणितभास्करो भास्करस्
तथाऽऽर्यभटकः कृती ग्रहगतिं पुराऽवर्णयन् ।
खभूवलयमानकं प्रथितमेव तैर्दर्शितं
जयन्ति किल ते चिरं बुधसभासु मौहूर्तिकाः ॥१३॥[१३]

विद्वान् वराहमिहिर, गणितका सूर्यसमान भास्कराचार्य र कुशल आर्यभटले पहिले नै ग्रहगतिका सम्बन्धमा प्रकाश पारेका हुन् । उनीहरूले खगोल–भूगोलको मान बताए । विद्वत्सभामा यी गणितज्ञ सर्वोच्च छन् ॥१३॥

---

१३. आचार्य वराहमिहिर (५ औं शताब्दी)का कालजयी विद्वान्का रूपमा देखा पर्छन् । बृहज्जातक र बृहत्संहिता ग्रन्थ उनको अगाध पाण्डित्य र विविध ज्ञानका प्रतिनिधि ग्रन्थ हुन् । महर्षि भृगुको भृगुसंहिता प्रसिद्ध फलादेशकारी ग्रन्थको रूपमा सर्वत्र चर्चित छ । हाल यसका सबै खण्ड अप्राप्य छन् । आचार्य भास्कर (११ औं शताब्दीको उत्तरार्ध)को सिद्धान्तशिरोमणि ग्रन्थ ज्यौतिषका बीजगणित, अङ्कगणित र ज्यामितिका विषयमा लिखित अद्भुत र प्रामाणिक ग्रन्थ मानिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पदानां गृहोद्यानके संस्कृतस्य
प्रसिद्धान् कथाकाव्यगुच्छान् गृहीत्वा
प्रबन्धस्य रूपेण वाल्मीकिमाली
नवां रामागाथास्रजं संजुगुम्फ ॥१४॥[१४]

संस्कृतका पदहरूको बगैंचामा पहिलदेखि नै प्रसिद्ध कथाकाव्यको गुच्छाहरूलाई समेटेर वाल्मीकिरूपी मालीले प्रबन्ध (महाकाय ग्रन्थ) का रूपमा रामगाथाको नयाँ माला गुँथे ॥१४॥

जनानामृषीणां समाजस्य मध्ये
सराजर्षिवृन्दं स्थिते कोशलेन्द्रे ।
कुशाद्यैरगीयन्त गीर्वाणवाण्यां
शुभं रामभद्रस्य कारुण्यवृत्तम् ॥१५॥[१५]

ऋषि र जनसमाजको बीचमा राजर्षिहरूको उपस्थितिमा कोशलनरेश (रामचन्द्र) को सामु कुशलवले रामभद्रको मङ्गलदायी कारुणिक वृत्तान्त गाए ॥१५॥

अहो देववाण्या गृहीतप्रभावाः
स्वदेशेऽपि सर्वा विभान्तीह भाषाः ।
नदीवल्लसन्तेऽपरा मातृभाषाः
समुद्रायतेऽसौ सदा देवभाषा ॥१६॥[१६]

---

१४. महर्षि वाल्मीकिले संस्कृत भाषामा वाल्मीकि रामायण लेख्नुभयो, जो चौबीस हजार श्लोकमा छ । यो आदिकाव्य हो र वाल्मीकि आदिकवि हुन् । यसमा रामचन्द्रको आदर्श प्रजाप्रेम, भरतको त्याग, लक्ष्मणको समर्पण, सुमन्त्रको राज्यनिष्ठा, सीताको महनीय पातिव्रत चरित्र र हनुमानको स्वामिभक्ति प्रतिपादित छ ।

१५. यो रामायणलाई कुश र लवले गाएर समाजमा फैलाएका हुन् ।

१६. शतम् वर्गका भारत इरानी, भारत युरोपेली, आल्बेनियम, आर्मेनियम, हिताइल र बाल्तोस्लाविक शाखाका शब्दराशि संस्कृतभाषाबाट अनुप्राणित छन् । –

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आश्चर्य छ कि संस्कृत भाषाबाट प्रभाव लिएका प्रायः भाषाहरू नेपालमा प्रचलित छन् । अरु भाषा नदीजस्ता छन् भने यो संस्कृत समुद्रजस्तै भएर सुहाएको छ ॥१६॥

अहो देववाण्या अपत्यस्वरूपे
लसन्तीह पारेशतं कथ्यभाषाः ।
इयं मातृरूपेण पुष्णाति सर्वा
जनन्यो हि सन्तानप्राणा भवन्ति ॥१७॥

अहो ! संस्कृत भाषाका सन्तानका रूपमा सयौं कथ्यभाषाहरू शोभित छन् । यसले आमाको रूपमा सबै भाषालाई पुष्ट बनाएको छ । किन कि आमाहरू सन्तानलाई प्राणसमान सर्वस्व ठान्दछन् ॥१७॥

मनुष्यैः सुराध्यां सदाचारशिक्षां
खभूगोलराजर्षिदेवर्षिवृत्तम् ।
विबोद्धुञ्च षाड्गुण्यनीतिं सुधीभिः
प्रपठ्यो जयाख्यो महाकायग्रन्थः ॥१८॥

मनुष्यले पालन गर्नुपर्ने सदाचारको शिक्षा, खगोल, भूगोल, राजर्षि, देवर्षिका चरित्रहरू, सन्धि, विग्रह, यान, आसन आदि षाड्गुण्य नीति जान्न पनि व्यक्तिहरूले जयनामको महाकाय ग्रन्थ पढ्नुपर्छ ॥१८॥

वाचस्पति गैरोला - संस्कृत साहित्यका इतिहास,चौखम्बा विद्याभवन । लिच्छिविकालमा संस्कृतभाषा राजभाषा भएको, नेपाल भाषा पनि संस्कृतकै सन्तान भएको तथ्य भाषाविद् वालकृष्ण पोखरेलले राष्ट्रभाषा पुस्तकमा व्यक्त गरेका छन् । भारोपेली खलकको नेपालमा बोलिने भाषामा नेपाली, अवधि, बोटे, दरै, कुमाले, थारुवानी, मैथिली, भोजपुरी, ताजपुरी, दनुवारी, माझी, चुरेटी भाषाहरू हुन् । पृष्ठ ५०, ८६/८७ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कथं वर्णधर्माः कथं राजधर्माः
कथं दानधर्मादयश्चेह सेव्याः ।
कथं मानवीया जनिर्धारणीया
विबोद्धुं जयाख्या कृतिः सेवनीया ॥१९॥

वर्णधर्म, राजधर्म, दानधर्म आदि कसरी पालना गर्नुपर्ने हो । मानवले आफ्नो जीवन कस्तो आचरण गरेर बिताउनुपर्ने हो भन्ने जान्न जयकाव्य पढ्नुपर्छ ॥१९॥

जनैः कर्मयोगः कथं सेवनीयः
कथं भक्तियोगश्च वा वर्धनीयः ।
इदं ज्ञातुकामैर्महाभारतीयं
कुरूणां यदूनां चरित्रं विबोध्यम् ॥२०॥

मानवले कुन प्रकारले कर्मयोगको पालना गर्ने र कुन प्रकारले भक्तियोग बढाउने भन्ने जान्न महाभारतको कुरुवंश र यदुवंशको चरित्र बुझ्नु जरुरी छ ॥२०॥

कथं कामकोपावहङ्कारलोभौ
मदो मत्सरो वा जनान् मारयन्ति ।
इदं दर्शयित्वा नरान् पुण्यकार्ये
नयन्ती महर्षेर्गवी संश्रितव्या ॥२१॥[१७]

काम, क्रोध, अहङ्कार, लोभ, मद र मात्सर्यले मानिसलाई कसरी गिराउँदछन् भन्ने देखाएर पुण्यकार्य गर्न मानवलाई प्रेरणा दिने महाभारत ग्रन्थको अध्ययन आवश्यक छ ॥२१॥

---

१७. महाभारत, आदिपर्व १ अध्याय, ६५–६७ श्लोकहरू, आदिपर्व २ अध्याय, ३८३ औं पद्य, पूर्ववत् ६२ औं अध्याय, ५३ औं पद्य ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वकीयः परो वेति मोहस्य वृत्तिं
नधार्या नधार्येति व्यासो ब्रवीति ।
न भोगाय दिव्याय वा मानुषाय
परेशस्य लब्ध्यै हि जातो मनुष्यः ॥२२॥

व्यास भन्नुहुन्छ- हे मानव हो ! आफू र पराइ भन्ने मोहको वृत्ति त्याग । उहाँको भनाइमा दिव्य वा मानवीय भोगका लागि मात्र मानव जन्मेको हैन । ऊ त परमात्मासँग मिल्नका लागि नै जन्मेको हो ॥२२॥

स्वराः सप्त नैषादगान्धारमुख्या-
स्ततो रागग्रामादयो मूर्च्छनाश्च ।
अहो शार्ङ्गदेवादिभिर्देववाण्यां
जनानां हितार्थं पुरा सन्निबद्धम् ॥२३॥

निषाद, गान्धार आदि मुख्य सात स्वर र त्यसका राग, ग्राम, मूर्च्छना आदि साङ्गीतिक विषयवस्तु शार्ङ्गदेव आदिले संस्कृत भाषामा जनहितका लागि पहिले नै लेखेका हुन् ॥२३॥

समादाय भूरीणि छन्दांसि वेदा
दृषी रामगाथां मनोज्ञामगायत् ।
अमाङ्गल्यनाशाय लोकोपकृत्यै
सदा चिन्त्यमाना भवन्तीह सन्तः ॥२४॥

धेरै छन्दहरू वेदबाट लिएर ब्रह्मर्षि वाल्मीकिले सुन्दर रामायण बनाए । हो पनि अमङ्गलको नाश र लोकोपकारका लागि सज्जनहरू सधैँ चिन्तित हुन्छन् ॥२४॥

अपथ्यानि कानीह पथ्यानि कानि
कथं रोगनाशश्च लाभः कथं वा ?
कथं दीर्घजीवित्वमेतच्च बोद्धुं
प्रपठ्यं बुधैरत्र भैषज्यशास्त्रम् ॥२५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अपथ्य के के हुन् ? पथ्य के के हुन् ? रोग कसरी उब्जन्छ र त्यसको नाश कसरी हुन्छ ? मानव के गर्दा दीर्घजीवी हुन्छ ? यो बुझ्न बुझक्कड व्यक्तिले (प्राचीन) औषधविज्ञान पढ्नुपर्छ ॥२५॥

अहो सुश्रुताद्यैः परं शोधलग्नैः
प्रदत्तं नु भैषज्यमष्टाङ्गपूर्णम् ।
यदाश्रित्य लोकोऽधुना स्वस्थ आस्ते
सतां दानमुत्तर्तुमीशो न कोऽपि ॥२६॥[१८]

निरन्तर शोधमा समर्पित सुश्रुत आदि अनुसन्धाताले हामीलाई अष्टाङ्गयोगको औषधशास्त्र दिए । जसलाई अँगालेर आज मानिसले स्वास्थ्यलाभ गरिरहेछ । हो पनि सज्जनको गुन तिर्न कोही सक्तैन ॥२६॥

इदानीं चिकित्साविधेर्भूरिलाभो
जनैःप्राप्त इत्यत्र तोषश्चकास्ति ।
परन्त्वस्य पृष्ठेऽपि प्राच्यैर्भिषग्भिः
कृतं कर्म मूर्धन्यमास्ते सदैव ॥२७॥

अहिले आधुनिक चिकित्साविधिको विकासबाट मानवले धेरै फाइदा लिएको देख्दा सन्तोष लाग्छ, तर त्यसको पृष्ठभूमिमा पुराना वैद्य, हकीम र औषधीवेत्ताहरूले गरेका कर्म (अनुसन्धान, आविष्कार र प्रयोग) शीर्षस्थानमा सधैं रहेकै छन् ॥२७॥

---

१८. शल्य, शालाक्य, कायचिकित्सा, भूतविद्या, कौमारभृत्य, अगदतन्त्र, रसायन र वाजीकरण नामका आठ अङ्गको भैषज्यशास्त्रमा बयान पाइन्छ । चरकसंहिता सूत्रस्थान ३०/२८ सुश्रुतसंहिता सूत्रस्थान १/७ उद्धृत वाचस्पति गैरोला, संस्कृत साहित्यका इतिहास, पृष्ठ ६०४ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नरो रामवत् स्याद् दशास्यो न भूयात्
परेषां हितार्थं सदा तत्परः स्यात् ।
नरो भाति त्यागान्न भोगादितीदं
मुहुर्वक्ति रामायणं पूर्वकाव्यम् ॥२८॥

मान्छे रामजस्तो हुनुपर्छ, रावणजस्तो होइन, अरुको हितका लागि सधैँ तयार हुनुपर्छ । मानिस त्यागले यशस्वी बन्छ, भोगले हैन भन्ने ज्ञान आदिकाव्य रामायणले बारबार बताइरहेको छ ॥२८॥

अहो श्यामवंशीध्वनेः सम्प्रसारैः
खगा वृक्षवल्ल्यश्च मुग्धा अभूवन् ।
सतां, गोपगोपीगवां का नु वार्ता
महत्त्वं हि तच्च् चारुसङ्गीतकस्य ॥२९॥[१९]

आश्चर्य छ श्यामले बजाएको बाँसुरीको धूनले चराचुरुङ्गी र रुखलहरा पनि लठ्ठिए अरू सज्जन र गोपाल गोपिनीहरूको कुरै के रह्यो र ? उनीहरू न लठ्ठिने त कुरै भएन) यो मीठो सङ्गीतको कारणले भएको हो ॥२९॥

---

१९. गोविन्दवेणुमनु मत्तमयूरनृत्यं प्रेक्ष्याद्रिसान्वपरतान्यसमस्तसत्त्वम् । धन्यास्म मूढमतयोऽपि हरिण्य एता या नन्दनन्दनमवेक्ष्य विचित्रवेषम् । आकार्य वेणुरणितं सहकृष्णसाराः पूजां दधुर्विरचितां प्रणयावलोकैः ॥ श्रीमद्भागवत, १० औं स्कन्ध, अध्याय २१ श्लोक ११ । जब गोविन्द बाँसुरी बजाउँछन् तब मुग्ध बनेका हरिणीहरू कृष्णसार मृगका साथ आएर विचित्र वेश भएका कृष्णलाई प्रेमपूर्ण तरिकाले हेरी सम्मान प्रकट गर्दछन् । यस्तै गाई, बाच्छाले घाँस खान छाडेको, दूध पिउन छाडेको, नदीको छाल भगवान्को चरणकमल छुन लालायित भएको पनि त्यहाँ बयान छ । यसबाट सङ्गीत जडजगतका लागि पनि शक्तिशाली हुने तथ्य बुझिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इदं नृत्यगीतादिकं नाट्यराजो
ऽसृजल्लोकभूत्यै तथा लोकतुष्ट्यै ।
सदा भाति सङ्गीतकं धन्यधन्यं
यतः सर्वलोकोऽधिकं मुह्यतीव ॥३०॥[२०]

यी नृत्य, गीत र वाद्य नटराज (महादेव) ले लोकको मनोरञ्जन र कल्याणका लागि सृष्टि गर्नुभएको हो । यो सङ्गीत धन्यधन्य छ, किनकि यस सङ्गीत (नाचगानबजान) बाट सबै व्यक्ति अत्यन्तै लठ्ठ बन्दछन् ॥३०॥

कथं नित्यधर्मा निमित्ताश्च धर्माः
कथं पालनीयाश्च वर्णाश्रमाद्याः ।
कथं धर्मविघ्नेच्छवो दण्डनीया
इतीमानि प्राकाशयन् सूत्रकाराः ॥३१॥[२१]

नित्य र नैमित्तिक धर्महरू कसरी परिपालन गर्नुपर्छ । वर्णधर्म, आश्रमधर्म आदिको पालना कसरी गर्नुपर्छ । धर्ममा विघ्न पार्न चाहनेहरूलाई कसरी दण्ड दिनुपर्छ भन्ने कुरा सूत्रकारहरूले प्रकाशित गरेका छन् ॥३१॥

२०. नृतावसाने नटराजराजो ननाद ढक्कां नवपञ्चवारम्, उद्धर्तुकामः सनकादिसिद्धान्
यहाँ नृत्यविद्याविशारद शिवले १४ पटक डमरु बजाएर सनकादि सिद्धहरूलाई उद्धार गर्न खोजेको बयान छ । यसबाट शिव नटराज भएको पुष्टि हुन्छ ।

२१. गौतमधर्मसूत्र, आपस्तम्बधर्मसूत्र, बौधायनधर्मसूत्रहरू यस सम्बन्धमा विलोकनीय छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मनुर्व्यासदक्षौ मुनिर्याज्ञवल्क्यो
यमः शुक्रहारीतबौधायनाद्याः ।
स्मृतीर्धर्मशास्त्राणि निर्माय चैमे
समाजं सदाचारिणं कर्तुमैच्छन् ॥३२॥[२२]

मनु, व्यास, दक्ष, याज्ञवल्क्यमुनि, यम, शुक्राचार्य, हारीत बौधायन आदिले धर्मशास्त्र र धर्मसूत्रहरू बनाएर समाजलाई सदाचारी बनाउन चाहे ॥३२॥

अहो याज्ञवल्क्यादिभिर्भाषितास्ताः
सदाचारधर्माश्चिरं पालिताः स्युः ।
तदाऽऽनन्दिताः स्युः समा व्यक्तिसंस्था-
स्तथा विस्मरेयुर्जना रामराज्यम् ॥३३॥

अहो याज्ञवल्क्य आदिले बताएका ती महत्त्वपूर्ण सदाचारका शिक्षा राम्ररी पालना गरियुन् त त्यतिखेर सबै व्यक्ति तथा सङ्घसंस्थाहरू आनन्दित हुनेथिए र जनताले रामराज्य बिर्सनेथिए ॥३३॥

सुवर्णस्य, रौप्यस्य वा ताम्रकस्य
मणेः पद्मरागस्य वा पुष्पकादेः ।
ग्रहाणां सुशान्त्यै कियच्छक्तिरेषा-
मिदं रत्नविद्भिः पुरा वर्णितं नः ॥३४॥[२३]

---

२२. मनु, अत्रि, विष्णु, हारीत, याज्ञवल्क्य, उषना, अङ्गिरा, यम, आपस्तम्ब, सम्वर्त, कात्यायन, बृहस्पति, पराशर, व्यास, शङ्ख, लिखित, गौतम, दक्ष, शातातप र वशिष्ठ यी धर्मशास्त्रका प्रयोजक मानिन्छन् । याज्ञवल्क्यस्मृति, चौखम्बा कृष्णदास एकादमी, विद्याभवन, वाराणसी, २०६५, पृष्ठ ३ ।

२३. कुण्डलीमा ग्रह शुभकारक हुँदाहुँदै पनि उनीहरूले यथेष्ट शुभफल दिन नसकेको खण्डमा रत्न धारण गरिन्छ । रत्न धारण गर्नाले ग्रहहरू शुभ फलदायी हुन्छन् भन्ने मान्यता छ । माणिक्य, पुष्पराज, मोति, मुगा, पन्ना,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुन, चाँदी, तामोको, पद्मराग, पुष्पकमणि र अरु धातु तथा रत्नहरूको (कुपित) ग्रहको शान्तिका लागि कति शक्ति हुन्छ (यी धारण गर्दा ग्रहको प्रभाव कसरी वृद्धि वा मत्थर हुन्छ) भन्ने कुरा रत्न जान्ने पारखीहरूले हामीलाई पहिले नै बताएका हुन् ॥३४॥

अहो स्पर्शमात्रेण ताम्रं सुवर्णं
विधातुं समर्थस्य वै पारदस्य ।
चिरं शोधविज्ञानतः पूर्वजैर्नो
रहस्यं समन्विष्य लोकाय दत्तम् ॥३५॥[२४]

अहो छुनेबित्तिकै (अलिअलिमात्रै घोट्दा पनि) तामोलाई सुन बनाउन पारसले सक्थ्यो । त्यस्तो पारस लामो समयको शोध विज्ञानबाट पूर्वजहरूले पत्ता लगाएर लोकलाई दिएका थिए (थिए भन्नुपर्‍यो, किन कि आज त्यो विधि जान्ने मनीषी छैनन्) ॥३५॥

हिरा, निलम, गोमेद, वैदुर्य आदि रत्नहरू सुन, चाँदी, ताबो, फलाम आदि कुन धातुमा कति क्यारेट परिमाणको लाउनुपर्ने हो, त्यो बुझ्न उत्तम विज्ञ ज्योतिषीको सम्पर्कमा रहनु उपयुक्त हुनेछ ।

२४. पारदको सम्बन्धमा शिवराज विजयको द्वितीय निश्वासमा संन्यासी दौवारिक संवादमा यस्तो उल्लेख छ–
"तद् यदि त्वं मां प्रविशन्तं न प्रतिरुन्धेस्तदधुनैव परिष्कृतं पारदभस्म तुभ्यं दद्याम् । यथा त्वं गुञ्जामात्रेणापि द्वापञ्चाशत्संख्याकतुलापरिमितं ताम्रं जाम्बूनदं विधातुं शक्नुयाः" यदि तिमी मलाई भित्र पस्न रोक्दैनौ भने अहिले नै परिष्कृत पारदभस्म तिमीलाई दिन्छु, जसबाट तिमी एक रातीगेडी बराबर भस्मले पनि ५२ तोलासम्मको ताबोलाई सुन बनाउन सक्छौ । यो भनाइबाट पत्ता लाग्छ, त्यो बेलामा पारसमणि/पारदभस्मको प्रयोग सुन बनाउने काममा गरिन्थ्यो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गतासौ शरीरे स्वजीवं प्रवेश्य
विभिन्नानि कार्याणि पूर्वैः कृतानि ।
तथा योगविद्यां जनेभ्यो ददाना
विभातीह मृत्युञ्जयी देववाणी ॥३६॥[२५]

पूर्वजहरूले (योगशक्तिद्वारा) मरेको शरीरमा आफ्नो जीवात्मालाई प्रवेश गराएर धेरै काम गरे । त्यस्तो प्रकारको योगविद्या मानिसहरूमा दिने मृत्युञ्जयी देववाणीको महत्त्व धेरै छ ॥३६॥

सहस्रारचक्रे प्रविष्ये यदा स्यात्
तदा शुद्धबुद्धश्च मुक्तो यतिः स्यात् ।
क्रियायोगमेवं रमेशो दिनेशं
दिनेशश्च सूनुं मनुं साध्ववोचत् ॥३७॥[२६]

---

२५. शङ्कराचार्यले अमरुक राजाको निष्प्राण शरीरमा प्रवेश गरेर कामकलाका सम्बन्धमा ज्ञान प्राप्त गरेको प्रसिद्धि छ । योगेश्वर श्रीकृष्णले आफ्ना १६१०८ रानीहरूसँग उति नै रूप लिएर एकैसाथ रहेको, सौभरि ऋषिले ५० ओटी पत्नीका साथ ५० रूप लिएर रमण गरेको, गोपीहरूले रास लीलाको अवसरमा एउटा रूप घरमै कामकाजको लागि छाडी अर्को दिव्य रूपले योगेश्वरसँग रासमा सहभागी भएको, तैलङ्ग स्वामीलाई अङ्ग्रेज सरकारले जेलमा राख्दा बारम्बार जेल बाहिर हिंड्नुभएको, मिरावाई गिरिधरसामु नृत्य गर्दा श्रीविग्रहमा लीन हुनुभएको यस्तै रैदास, नामदेव, ज्ञानेश्वर, श्यामाचरण लाहिडी, रामानुजाचार्य, प्रणवानन्द, नारायणदत्त श्रीमाली, विवेकानन्द, पवहारीबाबा आदिले आफ्नो जीवन अवधिमा असमान्य गतिविधि देखाएर लोकोपकारका कार्य गर्नुभएको घटना जनश्रुतिमात्र नभई प्रायः यथार्थमा आश्रित छन् । यसबाट योगविद्याको असामान्य क्षमताको बोध हुन्छ । जो संस्कृत भाषामा नै मूलरूपमा निबद्ध छ । केही सिद्धसावरमन्त्र अरु भाषामा पनि छन् ।

२६. श्रीमदभगवद्गीता ४औं अध्याय, १–३ श्लोकहरू विलोकनीय ।

२६. श्रीमदभगवद्गीता ४औं अध्याय, १–३ श्लोकहरू विलोकनीय ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जब साधकले कुण्डलिनीलाई सहस्रारचक्रमा पुऱ्याउँछ, तब त्यो साधक शुद्ध, बुद्ध र मुक्त बन्दछ । यो क्रियायोग रमेश (श्रीकृष्ण) ले सूर्यलाई र सूर्यले आफ्ना पुत्र मनुलाई राम्ररी व्याख्या गरे ॥३७॥

क्रमेणैव ब्रह्मर्षिराजर्षिमध्ये

ऽभ्रमद् देशव्यक्त्योर्हितायैष योगः ।

इदानीञ्च सिद्धेषु योगः स्थिरोऽस्ति

समेषां हितायैव जीवन्ति सिद्धाः ॥३८॥[२७]

यो योग देश र व्यक्तिको हितका लागि राजर्षि र ब्रह्मर्षिका बीचमा धेरै समय घुम्यो । अहिले पनि सिद्धहरूमा यो योग स्थिर भएर रहेको छ । हुन पनि हो, सज्जनहरू सबै व्यक्तिको हितका लागि बाँचेका हुन्छन् ॥३८॥

क्षितिश्चैव तेजो रसो व्योम वातः

कथं चल्यमाना भवन्तीह शिष्याः ।

चरं वाऽचरं भो जगत् केन सृष्टं

जनो ज्ञातुमेतत् पठेद् ब्रह्मसूत्रम् ॥३९॥

पृथिवी, तेज, जल, आकाश र हावा कसरी नियमपूर्वक चलेका छन् । चरअचर जगत् कसले सृष्टि गरेको हो ? यो जान्न ब्रह्मसूत्र पढ्नुपर्छ ॥३९॥

कथं केन शैलाः समुद्राश्च तारा

ग्रहा लोकपालाः कृता विश्वस्थित्यै ।

समेषां तथा चालकः कोऽस्ति बोद्धुं

बुधैराश्रितव्यं शिवं ब्रह्मसूत्रम् ॥४०॥

---

२७ भारत वर्षमा क्रियायोगको प्रचार पछिल्लो समयमा महावतारबाबा, श्यामाचरण लाहिडी, प्रणवानन्द, रामकृष्ण परमहंस, युक्तेश्वर गिरि, निखिलेश्वरानन्द, योगानन्द, पाइलट बाबा आदिले गरे ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विश्वको स्थितिका लागि पहाड, समुद्र, तारा, ग्रहगण र लोकपालहरू कसले निर्माण गरेका हुन् ? यी सबैलाई चलाउने चालक को छ ? यो बुझ्न कल्याणकारी ब्रह्मसूत्रको आश्रय लिनुपर्छ ॥४०॥

क ईशो जगत् किं तथा का च माया
किमस्तीति सद्ब्रह्म वा कश्च जीवः ।
जनैः के च ग्राह्यास्तथा के च हेया–
स्तदर्थं विबोध्यं बुधैर्ब्रह्मसूत्रम् ॥४१॥

ईश्वर को हो ? जगत् के हो ? माया के हो ? ब्रह्म र जीव कस्ता कस्ता हुन्छन् ? मानवले लिनुपर्ने के के हुन् ? र त्यागनुपर्ने के के हुन् ? यो जान्न विद्वान्हरूले ब्रह्मसूत्र बुझ्नुपर्छ ॥४१॥

कविः कालिदासः कविर्भारविश्च
कवी माघश्रीहर्षकौ बाणभट्टः ।
इमे काव्यपुष्पैर्धरां भूषयन्तो
विभान्तीह लोकोत्तराः काव्यकाराः ॥४२॥[२८]

कविहरू कालिदास भारवि, माघ, श्रीहर्ष र बाणभट्टले काव्यरूप फूलद्वारा धर्ती सिंगारेका छन् । यस्ता लोकोत्तर काव्यकर्ताहरू यस लोकका गहना हुन् ॥४२॥

२८. महाकवि कालिदास, महाकवि भारवि, महाकवि माघ, महाकवि श्रीहर्ष र गद्यसम्राट् कवि बाणभट्टहरूले काव्यरूप फूलद्वारा साहित्यरूपी उद्यानको श्रीवृद्धि गरेका छन् । कालिदास महाकविमात्र नभई विश्वकवि नै मानिन्छन् । उनले दुई महाकाव्य, तीन नाटक र दुई खण्डकाव्य लेखेका छन् । भारविले किरातार्जुनीय नामको महाकाव्य र श्रीहर्षले नैषधीयचरितम् महाकाव्य दिए । बाणभट्टले हर्षचरितम् नामको आख्यायिका तथा कादम्बरी नामको कथाग्रन्थ गद्यमा लेखे ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विनिर्माय लोकेषु मान्यान् प्रबन्धान्
स्वदेशे, विदेशेषु कीर्तिं प्रसार्य ।
जनान् काव्यपीयूषमास्वादयन्तो
जयन्तीह सत्कर्मतः काव्यकाराः ॥४३॥

लोकमा प्रभाव पार्न सक्ने धेरै प्रकारका प्रबन्धहरूको रचना गरेर स्वदेश र विदेशमा आफ्नो कीर्ति फैलाएर मानवलाई काव्यामृतको स्वाद दिलाउने काव्यकारहरू शुभकर्म गरेको कारण यो विश्वमा सर्वोत्कृष्ट छन् ॥४३॥

गुणैःपुष्परूपै रसैः स्वादरूपै-
स्तथा रीतिवृत्त्यादिकैः स्कन्धभूतैः ।
विचारस्य तोयैर्मलैर्वर्धितोऽसा-
वलङ्कारवृक्षो विभातीह शश्वत् ॥४४॥

गुणरूप फूल, रसरूप आस्वाद, रीतिवृत्तिरूप फेद भएको विचारको जल र मलले बढेको यो अलङ्काररूपी वृक्ष बारम्बार यो संसारमा चम्किरहेको छ ॥४४॥

गुणैः कान्तिमाधुर्यरूपैर्मनोज्ञै-
रलङ्कारवैचित्र्यभूषाप्रकारैः ।
तनुं रीतिविच्छित्तितो भूषयन्ती
भृशं भाति विद्वद्विटैः काव्ययोषा ॥४५॥

साहित्यपक्षः कान्ति माधुर्यजस्ता सुन्दर (शब्द र अर्थका) गुणले (उपमा आदि) अलङ्कारका विचित्र शृङ्गारले अनि वैदर्भी आदि रीतिका छटाले आफूलाई सिंगार्ने काव्यरूपी महिला विद्वान् रसिकरूप धूर्तका सामु अत्यन्त सुहाएकी छिन् ।

महिलापक्ष : हिस्सी परेको रूप, मिठास र बोलीरूपी सुन्दर व्यवहारले, गहनाको अनेक प्रकारका सजावटले र विशेष प्रकारको शरीर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सिगार्ने सीपले आफूलाई सजाएकी काव्यजस्ती रमणी विद्वान्‌रूपी धूर्त रसिकका सामु अत्यन्त रूपवती भएर सुहाएकी छिन् ॥४५॥

रणज्झङ्कृतैस्तैः पदैर्नृत्यमानैः
प्रसादेन माधुर्यतः पोषमाप्तैः ।
रसार्द्रैश्च विच्छित्तिमिश्रैर्वचोभि-
र्जनान् मोहयन्ती नटी भाति काचित् ॥४६॥

झन्‌झन् झङ्कारको आबाजमा पाउ नचाउने, प्रसन्नता र मधुरताले पुष्ट भएकी, रसिला र कलापूर्ण वचन बोल्ने, मानवहरूलाई मोहमा फसाउने, सबैलाई मनपर्ने कुनै नर्तकी/अभिनेत्री छिन् ॥४६॥

जनान् नर्तयन्तस्तथा मादयन्तो
रसै रीतिवृत्यादिभी रञ्जयन्तः ।
हितैर्वाग्विलासैर्भृशं तोषयन्तो
जयन्त्येव मृत्युञ्जयाः काव्यकाराः ॥४७॥

मानवहरूलाई नचाउने, मादकता बढाउने, रस, रीति, वृत्ति आदिले रँगाउने, हितकारी वचनद्वारा खुसी गराउने मृत्युजयी काव्यकारहरू सर्वोच्च वन्दनीय छन् ॥४७॥

सुधीभिः प्रयुक्ता जडा नीरसा वा
पदार्थाः सजीवाः रसाला भवन्ति ।
अहं जीर्णशिल्पी जितः काव्यकारै
र्विचिन्त्येति धाताऽस्ति किं ध्याननिष्ठः ? ॥४८॥

विद्वान् कविहरूले प्रयोग गरिएका जड अथवा नीरस पदार्थहरू पनि चेतन र रसिला हुन्छन् । यो देखेर म सृष्टिकर्ता बूढो भएँ, कविहरूले मलाई जिते भन्ने सोच्दै ब्रह्मा ध्यानमग्न भएका हुन् कि ? ॥४८॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पद्यैर्विभिन्नैः खलु वृत्तगुम्फितै-
राख्यायिकाचूर्णकवृत्तगन्धिभिः ।
रस्यानि काव्यानि विलिख्य भूरिशो
जीवन्ति कल्पं कवयो मनस्विनः ॥४९॥

अनेकौं छन्दमा उनिएका पद्यहरू, आख्यायिका, चूर्णक र वृत्तगन्धि रचनाका साथ रसिला धेरै ग्रन्थ लेखेर मनस्वी कविहरू कल्प कल्प बाँच्दछन् ॥४९॥

जयति स भामहनामा
काव्यस्वरूपविवेचको धीरः ।
यस्य विशेषश्रमतः
फुल्लितान्यलङ्कारकुसुमानि ॥५०॥[२९]

ती भामह नाम गरेका काव्यस्वरूपको विवेचना गर्ने विद्वान् सर्वोत्कृष्ट छन् जसको विशेष प्रयासले अलङ्काररूपी फूलहरू फुलेका छन् ॥५०॥

नौमि समीक्षकराजान्
विश्वनाथमम्मटकजगन्नाथान् ।
येषां व्यञ्जनराज्ये
सन्ति सुखिन्यः काव्यप्रजाः ॥५१॥[३०]

---

२९. आचार्य भामहले काव्यालङ्कार नामको साहित्य विषयको समीक्षाग्रन्थ लेखे । यिनले काव्यशरीर, अलङ्कृतिनिर्णय, दोषनिर्णय, न्यायनिर्णय र शब्दशुद्धि नामका काव्यतत्त्वको छ परिच्छेदमा प्रायः साङ्गोपाङ्ग वर्णन गरेका छन् । यी अलङ्कारवादी आचार्य हुन् ।

३०. विश्वनाथले साहित्यदर्पणमा, मम्मटले काव्यप्रकाशमा र जगन्नाथले रसगङ्गाधरमा काव्यसिद्धान्तका बारेमा विवेचना गरेका छन् । यस्तै आनन्दवर्धनले ध्वन्यालोकमा, रुद्रटले काव्यालङ्कारमा, वामन, उद्भट, हेमचन्द्र आदिले आआफ्ना लक्षणग्रन्थमा काव्यको स्वरूप सम्बन्धमा लेखेको पाइन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समीक्षकहरूमा अग्रणी विश्वनाथ, मम्मट र जगन्नाथलाई नमन गर्छु, जसको व्यङ्ग्यव्यञ्जनाको राज्यमा रहेका काव्यरूपी प्रजाहरू सुखी छन् ॥५१॥

नृपोऽमात्यकोशौ सुहृद्, देशदुर्गौ
बलञ्चेति सप्ताङ्गकं पूर्णराष्ट्रम् ।
नयाच्छिल्पव्यापारतो रक्षितव्यं
पुराऽवोचदेवं बुधो विष्णुगुप्तः ॥५२॥

शासक, मन्त्री, कोश, मित्र, देश, किल्ला र सेना यी सात अङ्गले पूर्ण भएको राष्ट्रलाई नीति, विविधसीप र व्यापार वृद्धि गरेर सुरक्षा गर्नुपर्छ भनेर विद्वान् विष्णुगुप्त (चाणक्य) ले पहिले नै हामीलाई बताए ।५२॥

चरा वैरिराज्ये कथं प्रेषणीयाः
कथं कोशवृद्ध्या जना रक्षणीयाः ।
कथं राज्यसञ्चालकाः शोधनीया
इतीमानि प्राकाशयद् विष्णुगुप्तः ॥५३॥[३१]

वैरीको राज्यमा गुप्तचरहरू कसरी घुसाउनुपर्छ, कुन प्रकारले ढुकुटी बढाएर जनतालाई रक्षा गर्नुपर्छ । राज्यका स्थानीय र राष्ट्रियस्तरका सञ्चालकहरूलाई आचरणका दृष्टिले कसरी शुद्ध राख्नुपर्छ भन्ने खालका विषयहरू विष्णुगुप्तले हामीलाई खुलाउनु भएको छ ॥५३॥

धरापालकोऽसौ कृषेर्वर्धनाय
तडागान् प्रपूर्णान् विदध्यात् सदैव ।

मम्मट, विश्वनाथ, जगन्नाथ, आनन्दवर्धन र अभिनव गुप्तले साहित्यको सर्वस्व व्यञ्जनावृत्तिको चमत्कारका बारेमा प्रकाश पारेका छन् ।

३१. यस बारेमा बुझ्न कौटिल्यरचित 'कौटिलीयमर्थशास्त्रं' को अध्यक्षप्रचार, विनयाधिकारिक, योगवृत्त–षाड्गुण्य, कण्टकशोधन प्रकरणहरू विलोकनीय छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

असंरक्ष्य दीनान् जनान् नैव शास्ता

करं भोक्तुमीशोऽब्रुवन् नीतिविज्ञाः ॥५४॥

देशका शासकवर्गले कृषि बढाउनका लागि पानीले भरिएका पोखरीहरू सधैँ तयार राखुन् । दीनहीन जनतालाई संरक्षण दिन नसक्नेले कर लिने अधिकार छैन भनेर नीतिकारहरूले भनेका छन् ॥५४॥

दशांशः प्रदेयोऽर्जिते वित्तजाते

प्रदेयश्च राज्याय षष्ठो धनांशः ।

अलोभेन भुञ्जीत भोगान् विभज्य

ब्रुवाणाऽतिशेते सदा देववाणी ॥५५॥

कमाएको धनबाट दशांश दान गर्नुपर्छ । राज्यलाई ६ भागको एक भाग करको रूपमा बुझाउनुपर्छ । सबैलाई भाग लगाएर निर्लोभी भई भोग गर भन्ने संस्कृतवाणी सबै भाषाभन्दा माथि छ ॥५५॥

ऋणैरन्यसौविध्यतः शिल्पिवर्गान्

समुन्नीय राज्यं नु राजा सुरक्षेत् ।

इदं नीतिकारा वदन्ति स्म नित्यं

विरोधो निवर्तेत राज्ये समृद्धे ॥५६॥

सहुलियत ऋण र अरु पनि राहत दिएर राजाले श्रमसिपले बाँच्ने वर्गलाई सुरक्षा देओस् । नीतिकारहरू सधै यही भन्छन् कि राज्य समृद्ध भएमा जनताको विरोध हट्छ ॥५६॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किमस्तीति कार्यं मदीयं धरायां
कियत् पूरितन्तत् कियद्वाऽवशिष्टम् ।
इदं नित्यमालोचनीयं ब्रुवाणा
जयन्तीह सत्प्रेरका नीतिकाराः ॥५७॥[३२]

पृथ्वीमा मेरो काम के के छन् ? कति पूरा भए र कति बाँकी छन् ? भन्ने बारेमा सधैँ विचार गर भन्दै प्रेरणा दिने नीतिकारहरू धेरै माथि छन् ॥५७॥

अणुत्वं महत्त्वं लघुत्वञ्च प्राप्ति–
र्वशित्वञ्च सङ्कल्पजा शीघ्रसिद्धिः ।
चिरं साधनातोऽधिलब्धानि पूर्वै
र्निबद्धानि तानीह वै देववाण्याम् ॥५८॥[३३]

अति सूक्ष्म रूप लिने सक्ने, विशालतम स्वरूप खडा गर्न सक्ने अधिक हल्का हुने, टाढाको वस्तु पाउन सक्ने, सबै चर अचरलाई वश लिन सक्ने, इच्छा गरेअनुसारको सिद्धि लिन सक्ने सिद्धि लामो साधना गरेर पहिलेका व्यक्तिले पाएका थिए र त्यस्ता सिद्धिका बारेमा देववाणीमा उनीहरूले लेखे पनि ॥५८॥

---

३२. भर्तृहरि, विदुर, चाणक्य, विष्णु शर्मा, नारायण शर्मा आदि नीतिकारहरूले क्रमशः नीतिशतक, विदुरनीति, चाणक्यनीतिदर्शन, पञ्चतन्त्र, हितोपदेश ग्रन्थमा र अन्य समयोचित पद्यमालिका, सुभाषितसङ्ग्रह आदि ग्रन्थमा नीति शिक्षण सम्बन्धमा प्रकाश पारेका छन् । महाभारतको शान्ति र अनुशासन पर्व पनि मानव कर्तव्य सम्बन्धमा बुझ्न पठनीय छन् ।

३३. रामायणमा हनुमानले ठूलो सानो रूप लिएको, आकाशमा उडेको, तैलङ्ग स्वामीले संकल्प अनुसार जेलबाहिर डुल्नुभएको, लाहिडी, महावतार बाबा, प्रणवानन्दले समय समयमा ठाउँठाउँमा प्रकट भएर कार्य गर्नु भएका सिद्धिका घटनाहरू योगका पुस्तकहरूमा उल्लिखित छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कथं क्लेशहानिः कथं द्वन्द्वनाशः
कथं पुंप्रकृत्योर्विवेकात् स्वबोधः ।
इदं योगसन्दर्शनं देववाण्या
जनान् बोधयन्तो जयन्तीह सन्तः ॥५९॥[३४]

कसरी क्लेशको नाश हुन्छ । कसरी द्वन्द्व नाश हुन सक्छ ? पुरुष र प्रकृतिको स्वरूप बुझेर आफूलाई कसरी छुट्याउन सकिन्छ ? यस्तो योगदर्शन मानवलाई बुझाउने सन्तहरू यस संसारमा सर्वातिशायी महत्त्वका छन् ॥५९॥

अनासक्तभावात् कथं कर्म कार्यं
कृतं कर्म मत्तो कथं नेति धार्यम् ।
कथं ब्रह्मजीवात्मनोरेकता स्या-
दिदं प्राहुरार्याः पुरा वेदतत्त्वम् ॥६०॥[३५]

साक्षीभावले कसरी कर्म गर्ने ? आफूबाट कर्म गरिँदागरिँदै पनि मैले गरेको हैन भनेर कसरी मान्ने ? र जीवात्मा र परमात्माको एकता कसरी हुन्छ ? भन्ने सम्बन्धमा पूर्व आर्यहरूले वेदतत्त्वमा खुलाएका छन् ॥६०॥

समत्वस्य धृत्यै, सृतेः पूर्णक्षत्यै
तथा लिङ्गजात्योर्विभेदस्य हत्यै ।
जनान् प्रेरयन्तः पराज्ञानलब्ध्यै
जयन्तीह वेदान्तिनोऽद्वैतनिष्ठाः ॥६१॥

---

३४. श्रीमद्भागवतको तृतीय स्कन्धको कपिलदेवहूति संवाद साङ्ख्यदर्शन बुझ्नका लागि अवलोकनीय ।

३५. श्रीमद्भगवद्गीताको कर्मयोग नामको तृतीय अध्याय, ज्ञानकर्मसन्यास नामको चतुर्थ अध्याय र कर्मसन्यास नामको पञ्चम अध्याय यस सम्बन्धमा बुझ्न मननीय छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबै प्राणीमा समरूपले व्यवहार गर्न, संसार (आसक्ति) लाई पूर्ण रूपमा त्याग्न, लिङ्ग, जातिको विभेद समाप्त बनाउन र पराज्ञान पाउन मानवलाई प्रेरणा दिने अद्वैत मार्गका वेदान्तीहरू सर्वोत्कृष्ट छन् ॥६१॥

विकारी विनाशी विवर्ती न हि त्वं
सदा शुद्धबुद्धः शिवस्त्वं शिवस्त्वम् ।
इदं वेदतत्त्वं जनान् बोधयन्ती
विभातीह लोकेषु गीर्वाणवाणी ॥६२॥[३६]

हे मानव ! तिमी विकारी, विनाशी र विवर्ती हैनौ । तिमी त शुद्ध बुद्ध र शिवस्वरूपका छौ । यस्तो वेदको तत्त्व (ब्रह्मज्ञान) दिएर मानवलाई जगाउने संस्कृत भाषा विश्वमा सम्मानित छ ॥६२॥

प्रमाणानि कानीह के वा प्रमेयाः
प्रमेयाः कियन्तश्च नित्या अनित्याः ।
कथं ते च बोध्यास्ततः कश्च लाभः
पुरा ज्ञापितं नोऽखिलं न्यायविद्भिः ॥६३॥[३७]

---

३६. विकारी–सत्त्व, रज, तम गुणयुक्त, विनाशी– नाश हुने, विवर्ती– आफ्नो स्वरूपमा अर्कै स्वरूपको भान हुनु, विवर्त–'सतत्त्वतोऽन्यथाप्रथा विवर्तः' संसार ब्रह्मको विवर्त मायाको परिणाम मानिन्छ । शुद्ध– सत्त्वादि गुणको प्रवेश नभएको, बुद्ध– ज्ञानरूप, शिव– प्रपञ्चहीन कल्याणस्वरूप, अवस्थातीत, पञ्चकोषातीत, त्रिगुणातीत ब्रह्म छ । जीव पनि ब्रह्मवत् छ भन्ने माण्डूक्योपनिषद् आदि वेदवचनको सार संस्कृत भाषामै निबद्ध पाइन्छ । त्यसैले संस्कृत भाषा दर्शन बुझ्नका लागि पढ्नै पर्छ ।

३७. प्रमाण के के हुन् भन्दा प्रमाण = ज्ञानका साधन जस्तै न्यायदर्शनमा चार, प्रत्यक्ष, अनुमान, उपमान र शब्द, वैशेषिक दर्शनमा दुई– प्रत्यक्ष र अनुमान, चार्वाक दर्शनमा एक– प्रत्यक्षमात्र, वेदान्तमा ६– प्रत्यक्ष, अनुमान, उपमान, शब्द, अर्थापत्ति र संभव, मीमांसामा ५– प्रत्यक्ष, अनुमान, उपमान, शब्द र अर्थापत्ति एवं प्रकारले प्रमाणको विवेचना पौरस्त्य दर्शनमा गरिएको छ ।
प्रमेय– प्रमाणद्वारा सिद्ध गराइने साधन । गौतमन्यायदर्शन अनुसार प्रमेय बाह्र छन्– आत्माशरीरेन्द्रियार्थबुद्धिमनःप्रवृत्तिदोष–प्रेत्यभावफल–दुखापवर्गास्तु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रमाण कति छन् र ती के के हुन् ? प्रमेय कति प्रकारका छन् ? त्यसमा नित्य कति प्रकारका र अनित्य कति प्रकारका छन् ? ती कसरी जान्न सकिन्छन् र त्यसबारेमा जान्दा हामीलाई कस्तो लाभ हुन्छ भन्ने कुरा न्यायज्ञाताहरूले पहिले नै हामीलाई जानकारी दिएका हुन् ॥६३॥

कथं वर्णमात्रास्वरा वाचनीयाः
कथं स्थानयत्नादयः पालनीयाः ।
तथात्वे हि शब्दाः फलार्थं समर्था
इदं नारदाद्यैर्ध्रुवं शिक्षितं नः ॥६४॥[३८]

वर्ण, मात्रा र स्वरको कसरी वाचन गर्नुपर्छ । (कण्ठ आदि) स्थान (आभ्यन्तर, बाह्य आदि) प्रयत्नको पालना कसरी गर्नुपर्छ । नियमपूर्वक उच्चारण गरिएका शब्दहरू फल दिन समर्थ हुन्छन् भनेर नारदहरू (पाणिनि, याज्ञवल्क्य आदि) ले हामीलाई शिक्षा दिएका छन् ॥६४॥

प्रमेयम् यी प्रमेयको यथार्थ ज्ञानबाट मुक्ति मिल्छ भनेर गौतम न्यायदर्शनले उल्लेख गरेको छ । केशव मिश्र, गौतमीयसूत्रप्रकाशः १/१/८

३८. "अकारादि वर्ण, उदात्तादि स्वर, ह्रस्वादिमात्रा, वर्णोच्चारणका कण्ठादि स्थान, जिह्वामूलादि करण, संवारादि प्रयत्न, वर्णोच्चारण गुणदोष पदान्त–पदादिसन्धि नियम इत्यादि बुझाई वेदको वर्णस्वरको आनुपूर्वी स्पष्ट रूपमा जान्न सहायता गर्ने शास्त्र शिक्षाशास्त्र भनिन्छ ।"
शिक्षाशास्त्रका ग्रन्थहरूको वेदका ती ती शाखासित सम्बन्ध राख्ने ऋग्वेदप्रातिशाख्य, तैत्तिरीयप्रातिशाख्य, शुक्लयजुर्वेदप्रातिशाख्य, शैशिरीयशिक्षा, व्यासशिक्षा, याज्ञवल्क्यशिक्षा, नारदीयशिक्षा, माण्डूकीयशिक्षा, आपिशलीयशिक्षासूत्र, पाणिनीयशिक्षा इत्यादि ग्रन्थ प्रसिद्ध छन् । (उद्धृत–शिवराज आचार्य कौडिन्यायन, वैदिकधर्म मूलरूपमा– पृ. १५८ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रुतेरर्थपर्यायशब्दान् प्रदर्श्य

मुनिर्यास्कनामा निरुक्तं चकार ।

तथाऽन्ये च विश्वादिकोशान् प्रणीय

विकासाय योगं ददुर्देववाण्याः ॥६५॥[३९]

वेदको अर्थ र पर्याय शब्दहरू देखाएर यास्कनामका मुनिले निरुक्तको रचना गरे । त्यस्तै अरु भाषाविज्ञले पनि विश्व आदि कोष बनाएर संस्कृतको विकासमा योगदान दिएका छन् ॥६५॥

कियन्तो हि गृह्यास्तथा श्रौतयागाः

कथं ते च निर्दोषतः साधनीयाः ।

इदं कल्पसूत्रेषु वै कर्मजातं

समुक्तं विशेषेण वर्णाश्रमिभ्यः ॥६६॥

गार्हस्थ्य जीवनका नियमहरूका बारेमा निरूपण गरिएका गृह्यसूत्रका यागहरू तथा श्रुतिप्रतिपादित यज्ञहरूका बारेमा विवेचना गर्ने श्रौतयाग कति छन् ? ती के के हुन् ? ती यागहरू दोष नहुने गरी विधिपूर्वक कसरी सम्पादन गरिनुपर्छ भन्ने बारेमा वर्णाश्रमीहरूका लागि कल्पसूत्रमा विशेष रूपमा बताइएको छ ॥६६॥

पर्जन्यवृद्ध्यै जलवायुशुद्ध्यै

लतौषधीनां क्षमताभिवृद्ध्यै ।

श्रौताश्च स्मार्ता विविधाः प्रयागा

आविष्कृता लोकहिताय पूर्वैः ॥६७॥[४०]

---

३९. प्राचीनतम शब्दकोषको रूपमा यास्कको निरुक्त प्रसिद्ध छ । पद, पदार्थ सम्बन्धको विवेचना गर्ने शास्त्र निरुक्त हो ।

४०. कात्यायनश्रौतसूत्र, आपस्तम्बगृह्यसूत्र, पारस्करगृह्यसूत्र आदि श्रौतगृह्यसूत्रहरूले द्विजले गर्नुपर्ने अग्न्याधानादि श्रौतकर्म, सन्ध्योपासनादि गृह्यकर्मका सम्बन्धमा प्रकाश पारेको हुँदा यस सम्बन्धमा जान्न कल्पशास्त्र अन्तर्गतका ग्रन्थहरू पठनीय छन् । नियमपूर्वक गरिएका यज्ञानुष्ठानबाट जलवायु शुद्ध रहने,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पानी बर्साउने बादल बढाउन र जल र वायुको शुद्धिका लागि लता अनि फलफूलका वृक्षहरूको फलक्षमता बढाउन लोकहित गर्ने ध्येयले पूर्वजहरूले श्रौत र स्मार्त यज्ञहरूको आविष्कार गरे ॥६७॥

जनानां सुहृद्भावतो लोकनाथं
मिथो मेलभावात् पुरो वर्धनार्थम् ।
जनान् लोकसेवाव्रतं बोधयन्ती
जयत्येव लोके ध्रुवा वेदवाणी ॥६८॥[४१]

सबै मानिसलाई मित्रको भावले हेर्न, मेलभाव लिएर अगाडि बढ्न र जनसेवाको महत्त्वका बारे जनतालाई झक्झकाउने सत्य वेदवाणी सधैं माथि छ ॥६८॥

पदार्थैश्च कैस्कैः कथं पितृदेवाः
कदा कैश्च मन्त्रैः समाराधनीयाः ।
इतीमानि कर्माणि गार्हस्थ्यशुद्ध्यै
स्वसूत्रेषु प्रोक्तानि कात्यायनाद्यैः ॥६९॥

कुन कुन पदार्थ अर्पण गरेर कुन बेला र कसरी पितृ र देवताको आराधना गर्नुपर्छ । गृहस्थधर्मको शुद्धिका लागि गरिने यस्ता कर्महरूका बारेमा कात्यायन आदि ऋषिले आफ्ना सूत्रहरूमा बताएका छन् ॥६९॥

पानीको वर्षा हुने जसबाट वृक्ष, वनस्पति हुर्कने, बढ्ने कुरा वैज्ञानिक तथ्यबाट पनि पुष्टि भइसकेको छ ।

४१. दृते दृगुं हमा मित्रस्य मा चक्षुषा सर्व्वाणि भूतानि समीक्ष्यन्ताम्
मित्रस्याहञ्चक्षुषा सर्व्वाणि भूतानि समीक्षे । मित्रस्य चक्षुषा समीक्षामहे ।
सह नाववतु सह नौ भुनक्तु सह वीर्यं करवावहै – यस्ता वैदिक मन्त्रहरूले मित्रको दृष्टिले सबैसँग व्यवहार गर्न र बाँडीचुँडी झगडा नगरी मिलेर प्रकृतिका पदार्थ उपयोग गर्न प्रेरणा दिएका छन् । (रुद्राभिषेकपद्धतिः शान्तिपाठ, अष्टम अध्यायभित्रका मन्त्र ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कियन्तो हि पाशाः कथं ते च भेद्याः
क आचार आम्नायदीक्षाविधिः कः ? ।
तथा यन्त्रमन्त्रादिबोधश्च पूर्वै-
र्निबद्धा हि तन्त्रे परं लोकभूत्यै ॥७०॥

पाश कति प्रकारका छन्, ती पाश कसरी काटिन्छन् । आचार के हो ? आम्नाय के हो ? दीक्षाविधि कस्तो हुनुपर्छ ? यस्तै यन्त्रमन्त्र बोधका लागि पनि पूर्वजहरूले हामीलाई मङ्गलकारी तन्त्रशास्त्रको ज्ञान दिलाए ॥७०॥

गुरुः कश्च निर्धारणीयः कथं वा
कथं कैश्च मन्त्रैः सुराः साधनीयाः ।
कथं मार्गनिर्धारणञ्चेति पूर्वैः
शुभं तन्त्रशास्त्रं जनेभ्यः प्रदत्तम् ॥७१॥ [४२]

गुरु कस्तो हुनुपर्छ ? कसरी र कुन मन्त्रले देवताहरूको आराधना गर्नुपर्छ । आराधनाको मार्ग कसरी निर्धारण गर्ने भन्ने कुरा जनहितको लागि तन्त्रमा उल्लेख गरेका छन् ॥७१॥

कृते सोमयागे स्थिते देववर्गे
प्रगीते च गेयक्रमात् सामगाने
कियन्तो हि धन्याः स्थिताः पूर्वजा नो
निपायैव सोमं सुरान् नर्तयन्ति ॥७२॥ [४३]

---

४२. नवमीसिंहविरचित तन्त्रचिन्तामणिको ३, ४, ५ प्रकाशहरू र अन्य तन्त्र ग्रन्थहरू यस सम्बन्धमा अध्ययनार्थ उपयोगी छन् । जसबाट गुरुलक्षण, गुरुदोष, गुरुभेद, दीक्षानियम, शिष्यलक्षण, कुन कुन मन्त्र कुन कुन देवताका लागि उपयोगी, मन्त्रजागरणकला आदि जान्न सकिन्छ ।

४३. सोमयागको बेला देवताहरूको तुष्टिका लागि अनिवार्य रूपमा उद्गाताहरूले साममन्त्रको गान गर्दथे । सोमरस देवतालाई अर्पण गर्दथे । सोमपानले प्रसन्न भएका देवताहरू कतिपय यज्ञमा नाच्दथे । सोमलता नामको लहराको चर्चा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सोमयागको अवसरमा देवताहरूको उपस्थितिमा गेयको क्रम मिलाएर साम गाएर, सोमरस पान गराई देवताहरूलाई नचाउने हाम्रा पूर्वजहरू धन्य छन् ॥७२॥

किमर्थं पुमांसं निबध्नाति माया
प्रधानाच्च पुंसः कथं मुक्तिरिष्या ।
इदं सांख्यसन्दर्शनं देववाण्यां
पुरा देवहूत्याःसुतोऽवोचदस्मान् ॥७३॥[४४]

प्रकृतिले जीवलाई किन वशमा तान्छे ? प्रकृतिबाट पुरुषले कसरी छुटकारा पाउँछ ? यस्तो सांख्यदर्शन महर्षि कपिलले हामीलाई संस्कृतमा बताएका छन् ॥७३॥

शास्त्रमा पाइन्छ । जो शुक्लपक्षमा चन्द्रमाको कलासँगै एक एक पत्ता बढेर १५ पातको हुन्थ्यो भने कृष्णपक्षमा एक एक पात घट्दै औंसीमा पत्रहीन हुन्थ्यो । पूर्णिमाको दिन कन्दसहितको लहरा निकालेर त्यसलाई अभिमन्त्रित गरी कुटेको रस देवतामा सामगान सहित अर्पण गर्दा इन्द्रादि देवताहरू पूर्ण सन्तुष्ट हुन्थे भनिएको छ । "मघोनिमाद्यस्युरुणोमयीये" श्रीमद्भागवत वचन ।

४४. आफ्ना सत्त्व रज र तम गुणद्वारा प्रकृतिले प्रजा सृष्टि गर्दछिन् । तर प्रकृतिको आवरण शक्तिले ढाकिएको पुरुष प्रकृतिका कार्यलाई आफूले गरेको ठानी ती कार्यमा आफ्नो कर्तापन मान्न थाल्दछ । जुन कारण आफू अकर्ता, स्वाधीन, साक्षी र आनन्दरूप भएको बिर्सेर परतन्त्रमा फस्दछ । जन्म, मृत्यु, सुख र दुःखको बन्धनमा पर्दछ तर तत्त्वबोध गरेपछि भने पुरुषले आत्मस्वरूप बुझ्दछ । म प्रकृतिको अधीनमा पर्ने जीव होइन भन्ने बुझेपछि प्रकृतिले पुरुषलाई केही गर्न सक्दिन । (विस्तृत बुझ्न ईश्वरकृष्णरचित साङ्ख्यकारिका र श्रीमद्भागवत तृतीय स्कन्धको सत्ताइसौं अध्याय हेर्नुपर्दछ ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विधिः कोऽत्र मन्त्राश्च के नामधेयाः
निषेधार्थवादौ च कौ वेदवाक्ये ।
इतीमानि मीमांसितानीह विज्ञैः
श्रुतेरर्थबोधक्रमे लोकभूत्यै ॥७४॥[४५]

वेदवाक्यको अर्थ बोध गर्ने सन्दर्भमा विधि, मन्त्र, नामधेय, निषेध र अर्थवादका बारेमा लोककल्याणका लागि विज्ञहरूले विवेचना गरेका छन् ॥७४॥

जनोत्थानकारीणि तत्त्वानि भूरि
निबद्धानि सन्तीह वै देववाण्याम् ।
पुराणानि, वेदाश्च नित्यं गदन्ति
नरो लोकसेवाव्रताज्जीवतीति ॥७५॥[४६]

मानवलाई उठाउने तत्त्वहरू संस्कृतमा धेरै छन् । पुराण र वेदले मानव लोक सेवाको व्रतबाट नै बाँच्दछ भनेर सधैँ बताइरहेका छन् ॥७५॥

अदम्येन कालाहिना दष्टदेहान्
विलोक्येह मन्दायुषो जीवसंज्ञान्
समुद्धर्तुकामा महान्तः प्रपत्त्यां
बलं दित्सवस्तेऽगदुर्भक्तितत्त्वम् ॥७६॥

---

४५. विधि– अज्ञात अर्थ बुझाउने वेदभाग, मन्त्र– कर्मस्मारक वेदभाग, अर्थवाद– प्रशंसा वा निन्दा बुझाउने वेदभाग, नामधेय– यज्ञका नाम, निषेध– प्रत्यवायजनक क्रियाबोधकवाक्य यी पाँच थरी वाक्यका वेदवाक्यलाई छुट्टयाएर जैमिनि महामुनिले वेदको अर्थ गर्नुभयो । पछिल्ला समयमा कुमारिलभट्टले तन्त्रवार्तिक र श्लोकवार्तिकको रचना गरेर यसलाई स्पष्ट पार्नुभयो ।

४६. श्रीमद्भागवत तृतीय स्कन्ध ३ । २२, २३

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यस संसारमा जित्न नसकिने कालरूपी सर्पले डस्दै गरेको शरीर पाएका, मन्द आयुका, जीवलाई उद्धार गर्न चाहने महात्माहरूले शरणागत बन्न जोड दिँदै भक्तितत्त्वका सम्बन्धमा बताए ॥७६॥

वरं नैव याचे परं लोकसेवां
समीहे गदन्तं विलोक्येह भक्तम् ।
गुणैरेष मां जेष्यतीति विचिन्त्य
गतः किन्नु सिन्धौ हरिर्भीतभीतः ॥७७॥ [४७]

कुनै पनि वर चाहन्न, तर जनताको सेवामा समर्पित हुन चाहन्छु भन्ने भक्तलाई यस लोकमा देखेर आफ्ना गुणले यसले मलाई जित्ने भयो भन्ने ठानी अत्यन्त डराएका नारायण समुद्रमा लुक्न गएका हुन् कि क्या ? (हैन भने नारायण समुद्रमा किन सुत्छन् त ?) ॥७७॥

शुको व्यासगर्गौ मुनिर्नारदश्च
भवाब्धेर्जनान् रक्षयन्तो गदन्ति ।
हरेर्नामनावं समारुह्य भक्ता
भवाब्धिं समुत्तीर्य शान्तिं लभध्वम् ॥७८॥ [४८]

शुकदेव स्वामी, व्यास, गर्गाचार्य, नारद ऋषिहरूले संसाररूपी समुद्रमा मानव नपरुन् भनेर उनीहरूको रक्षा गर्दै भन्छन् कि हे भक्तजन हो ! हरिको नामरूपी डुङ्गा चढेर संसाररूपी समुद्र तरी शान्ति पाओ ॥७८॥

---

४७. न कामयेऽहं गतिमीश्वरात्परामष्टर्धियुक्तामपुनर्भवं वा । आर्तिं प्रपद्येऽखिलदेहभाजामन्तःस्थितो येन भवन्त्यदुःखाः ॥ पूर्ववत् नवौं स्कन्ध, अध्याय २१, श्लोक १२ ।

४८. शुकदेव स्वामीले श्रीमद्भागवतमा, व्यासले १८ पुराण, महाभारत र ब्रह्मसूत्रमा, गर्गाचार्यले गर्गसंहितामा, नारद, शाण्डिल्य आदि ऋषिले भक्तिसूत्र आदिमा भगवद्भक्तिमा जोड दिएका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अस्तीह तत्त्वं किल वासुदेवः
सर्वत्र व्याप्तः परब्रह्मरूपः ।
लोकस्य मैत्र्या परया च भक्त्या
भजस्व तं वक्ति ह भक्तिशास्त्रम् ॥७९॥

वासुदेव भनिने कुनै तत्त्व छ जो सर्वव्यापक र परब्रह्मरूप छ । लोकका सबै व्यक्तिमा मित्रताको व्यवहार गरेर अनि परम भक्तिभावले उनलाई रिझाऊ भनेर भक्तिशास्त्र बताउँदछ ॥७९॥

श्वपाको भवेद् वाऽन्त्यजः सङ्करो वा
जपित्वा हरेर्नाम मुक्ता भवन्ति ।
विभातीह शास्त्राणि, तीर्थानि जित्वा
त्रिलोकं पुनाना हरेर्भक्तिगङ्गा ॥८०॥[४९]

चाण्डाल, शूद्र वा वर्णसङ्कर व्यक्ति पनि हरि (लक्षणया हर) को नाम जपेर मुक्त हुन सक्छन् । हरिभक्तिरूपी गङ्गा सारा शास्त्र र तीर्थलाई जिती तिनै लोकलाई पवित्र बनाउँदै शोभित छ ॥८०॥

क आत्मा शरीरञ्च किं ज्ञेयमेव
समत्वेन शीतोष्णयोर्वर्तितव्यम् ।
ऋते वासुदेवं न किञ्चेति मत्वा
तदर्थं चरेतीह गीता ब्रवीति ॥८१॥[५०]

---

४९. स्कन्ध पुराण, वैष्णव खण्ड १० । ७३, ७४ ।
श्रीमद्भागवत, २ । ४, १८ ।
किरातहूणान्ध्रपुलिन्दपुल्कसा आभीरकङ्का यवनाः खसादय ।
येऽन्ये च पापा यदुपाश्रिताऽऽश्रयाः शुद्ध्यन्ति तस्मै प्रभविष्णवे नमः ॥
५०. श्रीमद्भगवत गीता १०, ११ अध्याय, द्रष्टव्य ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गीता भन्दछ– देह र देहीमा सधैँ भिन्नता देख्नुपर्छ । चिसो, तातो (लक्षणाले– सुख, दुःख, लाभ, हानि, वृद्धि क्षय) मा एकरूप रहनुपर्छ । वासुदेवभन्दा बाहेक अरु केही छैन भन्ने बुझ्रेर अगि बढ ॥८१॥

यतिं वर्णमात्रागणादीन् प्रदर्श्य
मुनिः पिङ्गलाह्वः कृतिं संलिलेख ।
यतो गेयभाषाक्रमो विश्वमध्ये
कवीनां समाजे प्रचारं प्रपेदे ॥८२॥[५१]

वर्ण, मात्रा, गण र यति आदि देखाएर पिङ्गल मुनिले छन्दशास्त्रको ग्रन्थ रचना गरे । जसबाट विश्वमा गेय भाषा छन्दको विकास भयो । जुन कवि समाजमा फैलियो ॥८२॥

भृशं दुरूहाणि च न्यायसांख्य–
वेदान्तशास्त्राणि च ज्योतिषाणि ।
विभिन्नछन्दस्सु विलिख्य पूर्वे
स्मर्तुञ्च बोद्धुं सरलान्यकुर्वन् ॥८३॥[५२]

अत्यन्त कठिन न्याय, साङ्ख्य, वेदान्त र ज्योतिषका विषयहरू विभिन्न छन्दमा लेखेर पहिलेका व्यक्तिहरूले (सबैका लागि) सम्झन र बुझ्न सकिने बनाए ॥८३॥

---

५१. पिङ्गलले पिङ्गलच्छन्दसूत्र लेखे जसमा वैदिक मन्त्र र लौकिक पद्य साहित्यको गण, यति छुट्टयाएर छन्दको नाम दिए ।

५२. सिद्धान्तमुक्तावली, सांख्यकारिका, पञ्चदशी, माण्डूक्यकारिका मुहूर्तचिन्तामणि, वाक्यपदीयजस्ता न्याय, सांख्य, वेदान्त, ज्योतिष, व्याकरणका र योग तन्त्र मन्त्र आदि विषयका ग्रन्थ पनि छन्दमा लेखिएका छन् । जुन गेयात्मक र सूत्रात्मक छन् । यसै हुनाले यी ग्रन्थ पढ्न, लेख्न र सम्झन सुगम बनेका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जयति स पिङ्गलनामा
माली देववाणीसुमोद्याने ।
यस्य श्रमजलयोगात्
फुल्लितानि छन्दः कुसुमानि ॥८४॥

ती पिङ्गल नामका माली संस्कृत वाणीरूपी बगैंचामा सर्वमान्य भएर विराजित छन् । जसको श्रमजलबाट छन्दका फूलहरू फुलेका छन् ॥८४॥

विधिं वा निषेधं स्तुतिं वाऽथ निन्दां
कथं नैव कुर्युर्बुधाः पूर्वजा नः ।
परं लोकभूत्यर्थमेते तदूचु
र्यतन्ते जनानां हितायैव सन्तः ॥८५॥

हाम्रा पूर्वजहरूले हाम्रा निम्ति यो गर यो नगर भन्दै कुनैको प्रशंसा र कुनैको निन्दा गरेर जेसुकै बताएको भए पनि त्यो लोकहितको लागि बताएका हुन् । किनकि सज्जन व्यक्तिहरू जनहितका लागि नै सधैँ जागरूक हुन्छन् ॥८५॥

पदार्था न सन्तीति केचिद् वदन्ति
विवर्तस्वरूपान् परे संलपन्ति ।
तथाऽन्ये क्षणध्वंसिभावान् गदन्ति
सदा भावसत्ताञ्च व्याख्यान्ति केचित् ॥८६॥ [५३]

केही तत्त्व विवेचकहरू पदार्थ छैनन् भन्छन्, केही पदार्थ विवर्त स्वरूपका मान्दछन् । केही भाव छन् तर क्षणिक छन् भन्छन् भने केही विवेचक पदार्थको सत्ता स्थायी छ भन्दछन् ॥८६॥

---

५३. वौद्धदर्शनका चार आचार्य प्रसिद्ध छन् । वैभाषिक–संसार सत्य निर्वाण सत्य छ भन्ने वाद । सौत्रान्तिक– बाह्यार्थानुमेयवादी – संसार सत्य निर्वाण असत्य । योगाचार– विज्ञानवादी – संसार असत्य, निर्वाण सत्य । माध्यमिक– शून्यवादी संसार र निर्वाण दुवै असत्य ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परेशोऽस्ति नान्यो विहायैव भूपं
सुखं यौनसम्बन्धतो नास्ति चान्यत् ।
गते देहबन्धे गतं सर्वमेवं
भणन्तीह केचिच्च देहात्मवादम् ॥ ८७॥[५४]

केही व्यक्ति देहलाई नै आत्मा मानेर भन्छन् कि राजा भन्दा अर्को देवता छैन । पत्नी/प्रेयसीसँग रमाउनुभन्दा अर्को विशेष सुख छैन । (शरीरलाई जसरी पनि सुखमा राख्नु पर्दछ किनकि) शरीर बितेपछि सबै सकियो । (मरेपछि डुमै राजा) ॥८७॥

विवादे च द्यूते कलिस्तिष्ठतीति
प्रसङ्गं प्रदर्श्येह लोकं निषेद्धुम् ।
कुरूणां यदूनां गदन्तो विनाशं
जनान् शान्तिमार्गेऽनयन् पूर्वजा नः ॥८८॥[५५]

झगडा र जुवामा कलि बस्छ भन्ने प्रसङ्ग देखाएर त्यसप्रति जनसमुदायमा निषेधभाव जगाउन कुरुवंश र यदुवंशको विनाश बताई मानिसलाई हाम्रा पूर्वजहरूले शान्तिको बाटोमा लगाएका छन् ॥८८॥

भोगाय भाषा इतरा भवन्ति
मुक्त्यै च शान्त्यै सुरगीर्विभाति ।
भोगाः सदा तृप्तिकरा न सन्ति
ततः सुसेव्या सुरभारतीयम् ॥८९॥

अरु भाषा भोग (आयआर्जनादि) का लागि हुन्छ भने यो संस्कृत भाषा मुक्ति र शान्तिको लागि पनि सहयोगी छ । कुनै पनि भोगहरू सधैँ तृप्तिदायी हुँदैनन् त्यसकारण संस्कृत भाषाको सेवा गर्नुपर्दछ ॥८९॥

---

५४. ‘लोकसिद्धो भवेद्राजा परेशो नापरःस्मृतः । देहस्य नाशो मुक्तिस्तु न ज्ञानाद् मुक्तिरिष्यते । – उद्धृत सर्वदर्शनसंग्रह चार्वाकमत ।
५५. श्रीमद्भागवत प्रथम स्कन्ध । ११ औं स्कन्ध– तीसौं अध्याय ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मते शैवशाक्ते मतं वैष्णवं वा

मतं गाणपत्यञ्च सौरं गदन्ति ।

नरत्वं न यायाद् वृथेदं विचार्य

नरा लोककल्याणनिष्ठा भवन्तु ॥९०॥

शैव, शाक्त, वैष्णव र सौरमतहरूले हामीलाई मानवचोला व्यर्थ नजाओस् भन्ने हेतुले मानव लोककल्याणमा समर्पित हुनुपर्छ भनेका छन् ॥९०॥

दोषैर्विहीनस्य जिनस्य सद्गुरोस्

तत्त्वोपदेशान् परिपाल्य संसृतेः ।

आत्मानमुन्मोच्य त्वमर्हतां व्रज

वक्तीति नो जैनमतं सुमङ्गलम् ॥९१॥[५६]

दोषरहित सद्गुरु जिनको तत्त्वोपदेशलाई पालना गरेर संसारको बन्धनबाट आफूलाई मुक्त राखेर तिमी अर्हत् बन । हामीलाई मङ्गलमय जैनमतले यही बताएको छ॥९१॥

समाजाय देशाय योगं प्रदातुं

यतध्वं न क्षुद्राय स्वार्थाय मर्त्याः ।

इदं तथ्यजातं जनान् बोधयन्त्यो

जयन्त्येव लोके सदा देववाण्यः ॥९२॥ [५७]

---

५६. सर्वज्ञो जितरागादिदोषस्त्रैलोक्यपूजितः ।
यथास्थितार्थवादी च देवोऽर्हत् परमेश्वरः ॥ – अर्हतदर्शन ५ औं कारिका उद्धृत सर्वदर्शनसंग्रह ।

५७. ब्राह्मणस्य तु देहोऽयं क्षुद्रकामाय नेष्यते ।
कृच्छ्राय तपसे चेह प्रेत्यानन्तसुखाय च ॥ स्मृतिवचन।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे मानव हो तिमीहरू समाज र देशलाई योगदान दिने प्रयास गर । क्षुद्र स्वार्थको लागि अघि नबढ भन्ने तथ्य मानवजातिलाई बुझाउने देववाणी लोकमा सधैँ सर्वोपरि छ ॥९२॥

जनः स्याद् गृहस्थोऽथवा ब्रह्मचारी
वनस्थो भवेद् वाऽथ सन्यासधारी ।
अनासक्तभावेन कार्याणि कुर्वन्
विमुक्तो भवत्येव शास्त्राण्यवोचन् ॥९३॥[५८]

शास्त्रहरू भन्छन् कि मानिस गृहस्थ होस् वा ब्रह्मचारी, वानप्रस्थ होस् वा सन्यासी यदि त्यो अनाशक्त भावले कार्य गर्दछ भने अवश्य मुक्त हुन्छ ॥९३॥

मधुकरस्य निदर्शनतोऽग्रजा
अतिपरिग्रहदोषमवर्णयन् ।
प्रतिपदं जनताहितकारिणः
सुजनतो हि धरा सुभगाऽस्ति नः ॥९४॥

मौरीको उदाहरण दिएर अग्रजहरूले अतिसङ्ग्रह दोषको बयान गरे, हो पनि प्रत्येक पाइलामा जनहित चाहने सज्जनकै कारण यो हाम्रो धर्ती भाग्यमानी बनेको छ ॥९४॥

खगकपोतनिदर्शनतो बुधा
गृहरतिं भयदां जगदुः किल ।
यदि न सन्ति बुधाः सुरगीस्तथा
वसतये किमु भो क्षमते धरा ?॥९५॥[५९]

५८. आसक्तिरहित कर्म बन्धनकारक हुँदैनन् भन्ने बुझ्न गीताको कर्मयोग सम्बन्धी सिद्धान्तका बारे विवेचना गरिएका ४, ५ अध्यायहरू अवलोकनीय ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

परेवा नामको चरोको दृष्टान्त दिएर विद्वान्हरूले घरमा भुल्नु भयदायी हुन्छ भन्ने कुरा बताए । यदि विद्वान् जन र संस्कृत भाषा नहुँदा हुन् त यो पृथ्वी के बस्न योग्य हुन्थ्यो र ? ॥९५॥

मिष्टं स्मितं मार्दवमेव वक्तुं

दुरन्ततर्षञ्च मदं विहातुम् ।

उत्प्रेरयन्तो विविधैः प्रसङ्गै-

र्जयन्ति पूर्वे मुनयः सुकृत्यैः ॥९६॥

मीठो (हितकारी), हँसिलोरसिलो र नरम बोल्न, कहिल्यै पूर्ति नहुने तृष्णा र घमण्ड छाड्न अनेकौं प्रसङ्गद्वारा अधिक जोड दिने पूर्ववर्ती मुनि (महात्मा) हरू राम्रा कर्म गरेका कारण सर्वोच्च स्थानमा छन् ॥९६॥

कायेन वाचा मनसा कदापि

दुर्भाववृत्त्या जनतामपीड्य ।

उदारवृत्त्या चलितुं समाजे

समादिशन् लोकहिताय पूर्वे ॥९७॥[६०]

शरीर, वचन र मनमा कहिल्यै पनि दुर्भावना नबढाउन र जनतालाई दुःख नदिई उदार तरिकाले समाजमा अघि बढ्न पुर्खाहरूले हामीलाई आदेश दिएका छन् ॥९७॥

५९. मौरीको मधुसञ्चय उसैका लागि घातक, परेवाको परिवारमोह उसकै लागि प्राणान्तक भएको प्रसङ्ग श्रीमदभागवतको ११ औं स्कन्धको सातौं र आठौं अध्यायमा मिल्दछ ।

६०. अयं निजः परो वेति गणना लघुचेतसाम् । उदारचरितान्तु वसुधैव कुटुम्बकम् (सानो चित्त भएकाले मात्र यो मेरो, यो अर्काको भन्छ । उदार चित्त भएका मानिसका लागि संसार नै एक परिवार बनेको छ – नीतिपद्य)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भूमिं वित्तञ्च योषां सुतसदनसुहृद्बन्धुवर्गान् समेतान्
जातिं मानं प्रतिष्ठां कुलवचनकलाः शिल्पविज्ञानवार्ताः ।
अन्यान् सर्वान् पदार्थानपि क्षणिकतया साधनत्वेन मत्वा
साध्ये कृष्णस्य प्राप्तौ प्रयतितुमधिकं प्रैरयन् पूर्वजा नः ॥९८॥

जमिन, रुपियाँ, पैसा, पत्नी/प्रेयसी, छोराछोरी, घर, इष्टमित्र, बन्धुबान्धवका साथै (ब्राह्मण, क्षत्री आदि) जाति, मान, प्रतिष्ठा, कुल, चालचालन, व्यायाम आदि कला, वस्त्र निर्माण आदि सिप निर्माणका कार्यहरू, विज्ञान (गाडी, विद्युत्बाट चल्ने उपकरण) खेतिपाती, जीविका र अरु जति पनि पदार्थ छन् ती सबै नाशवान् छन् । ती साधनमात्र हुन् भन्ने बुझेर साध्य श्रीकृष्ण (रसेश्वर) को प्राप्तिका लागि पूर्वजहरूले हामीलाई अत्यन्तै जोड दिएका छन् ॥९८॥

पूर्वजैः अस्मभ्यं किं किं दत्तमित्यत्र उत्तरम्–

द्यूते, सौगन्ध्ययोगे, कनकरजतयोर्भूषणाधानकार्ये
नेपथ्ये, केशवेशे, कुसुमवसनयोर्निर्मितौ, रत्नज्ञाने
गेहानां, धातुभाण्डस्य च रचनविधौ, कूटनीत्याञ्च, नाट्ये,
वास्तोर्ज्ञाने च पूर्वैर्निपुणतमकलाकौशलं दर्शितं नः ॥९९॥

हामीलाई पुर्खाले के–के दिए त–

जुवा खेल्ने सिप, अत्तर आदि सुगन्धित पदार्थ बनाउने र प्रयोग गर्ने सिप, सुन चाँदीका गहना बनाउने र सजाउने कला (स्त्री, पुरुष, नट, नटीका), शृङ्गार, केशका विविधथरी जुरोको निर्माण, फूल सजाउने, कपडा सजाउने कार्य, रत्न परीक्षा, घर बनाउने विधि, धातुका भाँडाकुँडा बनाउने कला, विदेशीहरूसँग राख्नुपर्ने कूटनीति, नाट्यमञ्चको प्रस्तुति र वास्तुविद्याको ज्ञानमा हाम्रा पूर्वजहरूले अत्यन्त निपुण योग्यता हामीलाई प्रस्तुत गरेका छन् ॥९९॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ऊर्णावासोविधाने, पशुविहगरुतानुकृतौ, काष्ठकार्ये,
हृद्भावस्यावबोधे, जलतरणविधौ, शैलवृक्षाधिरोहे ।
स्वादोः खाद्यस्य पाकेऽशकुनशकुनयोर्बोधने, भूतसिद्धौ
तद्वद्मायाप्रयोगेऽधिकमिह लिखितं सूरिभिर्देववाण्याम् ॥१००॥[६१]

ऊनका कपडा बुन्न, पशु र चराको स्वरको नक्कल गर्न, काठका सामान (झ्याल, ढोका, फर्निचर आदि) बनाउन, प्राणीहरूको मनको भाव बुझ्न, नदी, खोलामा पौडेर पारी पुग्न, पहाड उक्लिन, रुख चढ्न, मीठा खानेकुरा बनाउन, शकुन अपशकुनको ज्ञान गर्न, पिशाचसिद्ध गराउन, माया (हातको सफाइ) सम्बन्धी खेल देखाउने विषयमा विद्वान्हरूले संस्कृतमा धेरै लेखेका छन् ॥१००॥

योगो दत्तो विशिष्टे विमलशिवपदप्रापकः सच्चिदाख्यो
भक्तिर्दत्ता यशोदातनयपदसमाकर्षिणी, दिव्यरूपा ।
दत्तं जीवात्मसंयोजनपरश्रुतिसम्बोधितं दिव्यज्ञानं
किं किं नो नैव दत्तं प्रकृतिगतकलासाधकैर्देववाण्याम् ॥१०१॥

(हाम्रा पूर्वजहरूले) विशेष प्रकारको योगदर्शन हामीलाई दिएका छन्, जसबाट साधकले निर्मल सच्चित् आनन्दरूप शिवपद पाउन सक्छ । भक्तिको दिव्य रूप बताएका छन्, जसबाट श्रीकृष्णको पद (पाउ/उनी रहने ठाउँ) तान्न सकिन्छ । वेदले बताएको जीवात्मा र परमात्माको संयोग

---

६१. श्रीकृष्ण र बलराम परात्पर ईश भएर पनि लोकसङ्ग्रहका लागि व्रतबन्धपछि सान्दीपनि नामका अवन्तिपुरनिवासी विद्वान् गुरुकहाँ विद्या पढ्न गए । ६४ दिनमा ६४ कलाको ज्ञान पाए भन्ने उल्लेख भागवतमा पाइन्छ । शैवतन्त्रको हवला दिँदै ६४ कलाको नाम श्रीधरस्वामीले भागवतको टीकामा देखाउनुभएको छ । श्रीमद्भागवतको ४५ औं अध्यायको टीकामा नृत्य, गीत, वाद्य, चित्रकारिता पुष्पोपहार, पुष्पकौशल, अङ्गराग, वस्त्रराग, जलबन्ध, सिद्धिप्रदर्शन आदि कलाको नाम देख्न त्यहाँ सकिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गराउने (तत्त्वमसिरूप) ब्रह्मज्ञान दिएका छन् । प्रकृतिका कलाको बारेमा अनुसन्धान गर्ने साधकहरूले देववाणीमा के के पो दिएनन् र ? ॥१०१॥

पाषाणोत्कीर्णलेखान्, विधिनियमनृपादेशकार्याणि, वंशान्
सीमां देशस्य, नीतिं, जनवसति–कलाऽऽजीववार्ताऽभिलेखान् ।
संस्कारान्, कोशभाषालिपिनिधिप्रभृतीन् प्राक्तनान् बोद्धुकामै–
र्नित्यं मातेव सेव्या जयति जनमनोहारिणी देववाणी ॥१०२॥[६२]

ढुङ्गामा कुँदेका लेख, ऐन, नियम, राजादेश, राजकार्य, राजवंश (अरु जातिका वंश पनि) देशको तात्कालिक सीमा, नीति, जनताका आवास, कला, जीविका, खेतिपाती, अभिलेखहरू अनेकौं संस्कार शब्दकोश/ढुकुटी, देशको अर्थव्यवस्था, तात्कालिक प्रचलित भाषाहरू, लिपि, खानीहरू बुझ्न खोज्ने व्यक्तिहरूले जनमनलाई आनन्द दिने यो संस्कृत भाषाको आमालाई झैँ नित्य सेवा गर्नुपर्छ ।
(यसको पठनपाठन र अनुसन्धान चलाउनुपर्दछ) ॥१०२॥

खाद्याऽखाद्यप्रयोगे मनुजतुरगयोर्लक्षणे कार्ययोगे
देवाह्वाने च मन्त्रात् समरगजकलाबोधने चेन्द्रजाले ।
एवं कृत्याऽभिचारे निगदितमिह नः पूर्वजैर्देववाण्यां
सिद्धाः किं किं न दद्युर्जनहितकरणे दत्तदेहा जगत्याम् ॥१०३॥[६३]

---

६२. शिलामा कुदिएका लेख, राजाज्ञा, नियम कानुन र तात्कालिक कार्य, राजवंश, देशको सीमा, आन्तरिक र वाह्य नीति, जनताको बसोवासको स्वरूप, पेसा, कृषि व्यवसाय, संस्कारका प्रकार, कोष, भाषा, लिपि, खानी सञ्चालन आदि पुराना घटना बुझ्न संस्कृत पढ्नै पर्छ किनकि त्यहाँ त्यस्ता विवरण लेखिएका छन् भन्ने तात्कालिक इतिहासबाट ज्ञात हुन्छ ।

६३. वर्णअनुसारको खाद्य, अखाद्य बुझ्न स्मृतिशास्त्रको आचार प्रकरण, मानव पशु आदिको लक्षण बुझ्न सामुद्रिक शास्त्र र शालिहोत्र शास्त्र रचना गरिएको पाइन्छ । मन्त्रद्वारा देवतालाई डाक्ने काम कुन्तीले सूर्य, यम, इन्द्रलाई बोलाएर पुत्र उत्पादन गरेको प्रसङ्ग महाभारतमा पाइन्छ । त्यो मन्त्र दुर्वासाले कुन्तीलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खाद्य र अखाद्य वस्तुको परिज्ञान, मानवको लक्षण, घोडाको लक्षणज्ञानमा, मानव र अश्वलाई कार्यमा लगाउने सिपको सन्दर्भमा मन्त्रद्वारा देवतालाई बोलाउने कलामा, युद्धका हात्तीहरूको कला बुझाउन, जादु क्रियामा, कृत्या प्रयोग गर्ने अभिचार क्रियाको विषयमा पनि पूर्वज (विज्ञ) हरूले यही संस्कृत भाषामा हामीलाई बताइसकेका छन् । हुन पनि हो जनहितको लागि नै भनेर जीवन सुम्पेका सिद्धहरूले यो जगत्मा के पो दिन बाँकी राखेका छन् र ? ॥१०३॥

व्यासोपमन्युशुकशङ्करपुष्पदन्ता
बाणो मयूरमधुसूदननारदाद्याः ।
निर्माय नैकविधस्तोत्रकृतीः समाजे
भक्तेः प्रवाहसरितं समवर्धयन्ते ॥१०४॥[६४]

दिएका थिए । कृत्या उत्पादन गर्ने अभिचार विद्या शुक्राचार्य, दुर्वासा आदिसँग भएको प्रसङ्ग पनि श्रीमद्भागवत आदिबाट थाहा पाइन्छ ।

६४. यहाँ नारदाद्याः भनेर आदि शब्दले पण्डितराज जगन्नाथ, ध्वनिकार आनन्दवर्धन, वेङ्कटाध्वरि, जयदेव, उत्पलदेव, लङ्केश रावण, स्वामी रामानन्द, ब्रह्मानन्द, आदिकवि वाल्मीकि आदिलाई सङ्केत गरिएको छ । महर्षि व्यासले अठार पुराण र महाभारत ग्रन्थमा तत्तत् देवीदेवताहरूको अनेकौं प्रकारले स्वमुखमाध्यमले र कविनिबद्ध वक्ताको माध्यमले स्तुति गर्नुभएको प्रसङ्ग प्रसिद्ध नै छ । महर्षि उपमन्युको शिवस्तोत्र, शुकदेव स्वामीले नमः परस्मै पुरुषाय भूयसे आदि रूपले गर्नुभएको ईशस्तुति, शङ्कराचार्यको नामबाट प्रसिद्ध अच्युताष्टक, देव्यापराधक्षमापनस्तोस्त्र, शिवपराधक्षमापनस्तोत्र, नारायण स्तोत्र, त्रिपुरासुन्दरी स्तोत्र आदि छन् । शिवभक्त पुष्पदन्तको शिवमहिम्नः स्तोत्र, बाणभट्टको चण्डीशशतक, मयूरकविको सूर्यशतक, मधुसूदन सरस्वतीको अमन्दमन्दाकिनी, देवर्षि नारदको सङ्कटनाशनगणेशस्तोत्र, बगलामुखीस्तोत्र, राधाकवच, पण्डितराज जगन्नाथको गङ्गालहरी, अमृतलहरी आदि पाँच लहरी, आनन्दवर्धनको देवीशतक, वेङ्कटाध्वरिको लक्ष्मीसहस्त्रम, उत्पलदेवको स्तोत्रावली, रावणको शिवताण्डव स्तोत्र, रामानन्दको शिवाष्टक, जयदेवको गीतगोविन्द काव्य, आदिकवि वाल्मीकिरचित वाल्मीकि रामायणका रामका स्तोत्रहरू उपलब्ध छन् । यस्तै इन्द्रआदि देवताले गरेका शिव, विष्णु, देवी आदिका स्तुतिहरू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यास, उपमन्यु, शुकदेव, शङ्कराचार्य, पुष्पदन्त, बाणभट्ट, मयूरकवि, मधुसूदन, नारद आदिले अनेकौं स्तोत्र काव्य रचना गरेर समाजमा भक्तिको गङ्गा बहाए ॥१०४॥

मानव, नाग, किन्नर, दैत्य आदिले गरेका देवस्तुतिहरू पनि पुराणग्रन्थहरूमा यत्रतत्र पाइन्छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्तरभागः (प्रत्युत्तरम्)

संस्कृतभाषा मृताऽनुपयुक्ता चेति कथयद्भ्य उत्तरम्–

दूष्यन्तः केचिदस्या धवलतरयशोवैजयन्त्या विभीता
निर्जीवां लोकजिह्वाप्रचलनरहितां संस्कृतां वाचमाहुः ।
वेदा अङ्गानि,साङ्ख्यं महितबहुकलास्तन्त्रमन्त्रा रहस्यं
राजन्ते यत्र सैषा भवति यदि मृता काऽमृताऽऽस्तेऽत्र ब्रूत ॥१०५॥[६५]

संस्कृत भाषा मरिसक्यो, उपयुक्त छैन भन्नेहरूलाई उत्तर–

संस्कृतको उज्ज्वल कीर्तिपताका (फहराएको) देखेर अति नै डराएका केही व्यक्तिहरू डाही बनेर यस भाषालाई लोकव्यवहारभन्दा बाहिरको र मरिसकेको भन्दछन् । जुन भाषामा वेद, वेदाङ्ग, साङ्ख्यदर्शन,बहुमानित अनेकौं कलाकौशल, तन्त्रमन्त्र र रहस्य छन्, त्यस्तो भाषालाई मरेको भन्ने हो भने अमर भाषा कुन हो भनुन् त ?॥१०५॥

या भाषा पठ्यमाना चिरतरसमयाल्लिख्यमाना तथाऽऽस्ते
यस्याः साहित्यमुच्चं सकलजनपदैर्मानितं दर्शनञ्च ।
इत्थं लोके प्रसिद्धामपि सुरभणितिं ये निरर्थां गदन्ति
सूर्यो नास्तीत्युलूकैः कथितमिव स्वतस्ते निरर्था भवन्ति ॥१०६॥

जुन भाषा लामो समयदेखि पढिँदै र लेखिँदै आंएको छ, जसको साहित्य उच्च छ, सारा देशले जुन भाषामा निहित दर्शनलाई सर्वोच्च मानेका छन्, त्यस्तो लोकप्रसिद्ध संस्कृत भाषालाई पनि जो निरर्थक छ

---

६५. छात्रवर्गद्वारा सञ्चालित जयतु संस्कृतम् आन्दोलन (वि. सं. २००४) प्रति विमति जनाउँदै श्री ३ पद्मशमशेरले संस्कृत भाषालाई मृतभाषा भनेकाले त्यसबाट आन्दोलन भड्किन लागेको बुझी पछि सच्याएर मृत होइन अमृत भाषा भनेको हुँ भन्ने चर्चा तात्कालिक जयतु संस्कृतम् आन्दोलनका अगुवा कमलराज रेग्मी, श्रीभद्रशर्मा आदिका लेख संस्मरणमा पाइन्छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भन्छन् उनीहरूको बोलीमा सूर्य छैन भनेर लाटोकोसेराले भने झैं कुनै तुक छैन ॥१०६॥

अस्यै दोषं ददानाः कतिचन कुधियः कर्मकाण्डीयभाषा
विज्ञानाद् वञ्चितैवं नवगतिविधितो भिन्नभाषेति चाहुः ।
याथार्थ्यं नैव बुद्धा न च सुरभणितेरन्तरङ्गे प्रविश्य
यत्किञ्चित् कथ्यमानान् प्रति किमु सुजनैर्गद्यते ब्रूत हन्त॥१०७॥ [६६]

यसलाई दोष दिँदै केही बुद्धिभ्रष्टहरूले यो कर्मकाण्डीहरूको भाषा हो, यसमा विज्ञान छैन, नयाँ गतिविधिसँग नमिल्ने यो एकलकाँटे छ भन्न सक्छन् (भनेका पनि छन्) तर यथार्थ तत्त्व नबुझेर अनि संस्कृत भाषाको भित्री तहसम्म नपसेर सतहीभरमा मनपरि बोल्नेलाई सज्जनले के पो भन्न सक्छन् र ? दुःखको कुरा छ ! ॥१०७॥

---

६६. संस्कृत भाषाको क्षेत्र बृहत् छ । भाषा साहित्यदेखि लिएर योग, दर्शन, ज्योतिष, राजनीति, न्याय, मीमांसा, तन्त्र, वेद, वेदाङ्ग, पुराण, कला आदि सयौं शाखा प्रशाखा यसमा अटाएका छन् भने धर्मशास्त्रको सानो छेउ कर्मकाण्डलाई मात्र हेरेर यसलाई कर्मकाण्डीय भाषा भन्न सुहाउँदैन । यहाँ प्रतिपादित कर्म पनि कर्मकाण्डमात्र नभएर कर्मयोग हो । त्यतातिर अर्थात् कर्मलाई योग बनाउनेतिर नलगी धन कमाउने र भोज भतेरतिर लाग्ने कर्मकाण्ड सञ्चालक व्यक्तिहरूको प्रायः क्रियाकलापले, कर्मकाण्डबाट मिल्ने तात्कालिक फल केही नदेखिनाले, कर्मकाण्डले यसो गर्छ, दैहिक र आत्मिक लाभ यति छ भनेर बताउन सक्ने बुद्धिजीवी नभएकाले संस्कृतले कर्मकाण्डीय भाषा मात्र हो भन्ने आक्षेप सहनु परेको छ । कर्मकाण्ड कर्मको माध्यमले कर्मत्याग गर्न सिकाउने वैज्ञानिक विधि हो । सुरुमा अपवित्रः पवित्रो वा भनेर विष्णुको आराधना गरी अन्तमा कायेन वाचा भन्दै उनैलाई कर्म समर्पण गरेपछि आफूमा रह्यो के ? बन्धन त सुम्पिहालियो उनै परमात्मालाई । पूजामा प्रयोग हुने पञ्चगव्य, पञ्चामृत, जौ, तिल, कुश, रेखीको वैज्ञानिकताप्रति पनि जनमानसमा चेतना फैलाउने काम वास्तवमा भएकै छैन । यसबारेमा माधवाचार्यले 'क्यों' मा प्रकाश पारेका छन् । तर त्यतिले पर्याप्त हुँदैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तरुजलदनदीनां वर्णनाद् नित्यमेव

वितरणमयवृत्यै प्रैरयन् पूर्वजा नः ।

निजहितमपि हित्वा लोककल्याणहेतोः

प्रतिपलमिह सन्तो जीवनं धारयन्ति ॥१०८॥

रुख, मेघ र नदीको वर्णनका माध्यमले हाम्रा पूर्वजहरूले सधैँ त्यागी जीवन बिताउने प्रेरणा दिएका छन् । हुन पनि सज्जनहरू आफ्नो हितलाई लोककल्याणार्थ तिलाञ्जलि दिँदै बाँचेका हुन्छन् ॥१०८॥

कार्याणि कार्याणि तथाविधानि

यानीह शिष्टैर्नहि गर्हितानि ।

दोषैर्विहीनानि च सात्विकानि

ब्रवीति नः शाश्वतदेववाणी ॥१०९॥

कार्य त्यस्ता गरिनुपर्छ जुन कार्यहरू शिष्ट व्यक्तिद्वारा निन्दित नहोउन् । दोषरहित हुन् र सात्विक (दया, प्रेम र सहयोगको भावनामा अडेका) हुन् भन्ने कुरा सनातन देववाणी संस्कृतले हामीलाई बताएको छ ॥१०९॥

पाश्चात्त्यानां संस्कृताभिरुचिं दर्शयति–

ग्रीयर्सन्–मेक्समूलर्–बुलर–जुलियसा हेनरीथम्स–कोलब्रुक्

ब्लुमफिल्ड्–जैकोवि–पिश्चल्–स्मिथ–मनुलेउम्यान्–राप्सन्–दारासिकोहाः ।

एवं पाश्चात्त्यदेश्या अपि सुरवचसःसेवनात् ख्यातिमापन्

न्नार्या भूत्वाऽपि नाध्यैमहि सुरभणितिञ्चेद् वयं किं भवेम ॥११०॥[६७]

---

६७. ग्रीयर्सन सूरी देशका विद्वान् थिए । यिनले संस्कृत भाषा विज्ञानको अनुसन्धान गरे । Linguistic Survey of India: 20 भोलममा सम्पादन गरे । फ्रेडरिक म्याक्समूलर जर्मनीदेशका, जसले ऋग्वेद संहिताको सम्पादन गरे । यसका साथै ब्राह्मण,आरण्यक, निरुक्त छन्दमाथि पनि अनुवाद, टीका टिप्पणी गरे ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पश्चिमवासी व्यक्तिहरूमा रहेको संस्कृतप्रतिको अभिरुचि देखाउँछन्-

अब्राहम ग्रीयर्सन, मेक्समूलर, जर्ज बुलर, जुलियस जोली, हेनरी थम्स, कोलब्रुक, म्युरिच ब्लुमफिल्ड, हर्मन जैकोवि, रिचर्ड पिश्चेल, हेल्मेर स्मिथ, मनु लेउमेन, इ जे राप्सन, दारासिकोह (यी पश्चिमी देशका (दारासिकोह) लाई छाडी वासिन्दाहरूले पनि संस्कृत भाषाको सेवा गरेर ख्याति पाए । हामी आर्य भएर पनि संस्कृत पढ्दैनौं भने के भयौं ? (आफैँ सोचौं) ॥११०॥

गेटे शर्मण्यदेश्यो रसिकबुधवरः कालिदासीयकाव्यं
लोकं लोकं नितान्तं ललितपदतनोर्दर्शनात् सन्ननर्त ।
अक्षय्यानन्दलब्ध्यै पठत कविवरैर्निर्मितं नाट्यजातं
चेत्थं साहित्ययोषाधरमनुभवितुं प्रैरयत् सोऽधिकं नः ॥१११॥

जर्मनी देशका रसिक विद्वान् गेटे कालिदासको काव्य बारम्बार हेरी त्यहाँको ललितपदावलीले प्रभावित भएर नाचे । उनले अक्षय्य आनन्द

जर्जबुलर- मनुस्मृतिको सम्पादक ।
हेनरी थम्स कोलब्रुक- अमरकोशको सम्पादन तथा अनुवाद कार्य गरे ।
म्युरिच ब्लुमफिल्डले वैदिक शब्दानुक्रमणिका कोश बनाए । ऋग्वेदमा पुनरुक्त भएका मन्त्रहरूको यिनले समीकरण गरे ।
हर्मन जैकोवी, जर्मनी वोनका बासिन्दा, यिनले कल्पसूत्रहरूको सम्पादन गरे ।
रिचर्ड पिश्चेल- प्राकृत भाषामा व्याकरण लेखे ।
मनु लेउमन- स्वीट्जल्याण्ड जुरिचवासी, यिनले संस्कृत विद्वान्हरू र बुद्धिजमको बारेमा जर्मनीभाषामा लेखे ।
इजे राप्सन- इङ्गल्याण्ड केम्ब्रिज नगरका बासिन्दा, यिनले पहिलोपल्ट भारतीय इतिहास लेखे ।
दारासिकोह- उपनिषद्हरूको पारसीमा भाषामा अनुवाद गरे ।
गेटे (गोथे) ले अभिज्ञान शाकुन्तलम्को अंग्रेजीमा अनुवाद गरे । विलोकनीय - किमन्ताराष्ट्रे संस्कृतस्य महत्त्वं वर्तते ? सम्पादक डा. स्वामी प्रपन्नाचार्यः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाउन कविवर (कालिदास) ले लेखेका नाटकहरू पढ भने । साहित्यबधूको अधरपान गराउन यसो भनेका हुन् ॥१११॥

संस्कृतनिष्ठं विज्ञानं सङ्केतयति–

विज्ञानं नैव किञ्चित् सुरगवि गदता न श्रुतं किं पुराणं
कार्यार्थं रामचन्द्रोऽभ्रमदिह बहुधाऽऽरुह्य पुष्पं विमानम् ।
नीलोऽबध्नात् समुद्रे नलसखिसहितः सुदृढं दीर्घसेतुं
सर्वं विस्मृत्य दैवीं गिरमधिक्षिपते ह्युत्तरं किन्नु देयम् ॥११२॥[६८]

संस्कृतमा रहेको विज्ञानको बारेमा सङ्केत गरेका छन्–

---

६८. वाल्मीकि रामायणमा रामले समुद्रमा सेतु बाँध्न लागेको बखत ठूल्ठूला ढुङ्गा र पहाडहरू वानरहरूले यन्त्रद्वारा बोकेर ल्याएको प्रसङ्ग उल्लिखित छ । जस्तै –

हस्तिमात्रान् महाकायाः पाषाणाँश्च महाबलाः
पर्वताँश्च समुत्पाट्य यन्त्रैः परिवहन्ति च ।
प्रक्षिप्यमाणैरचलैः सहसा जलमुद्धृतं
समुत्ससर्प चाकाशमवासर्पत् ततः पुनः ॥
....
नलश्चक्रे महासेतुं मध्ये नदनदीपतेः
स तदा क्रियते सेतुर्वानरैर्घोरकर्मभिः ॥

ठूला, ठूला र बलिया बाँदरहरूले हात्तीजत्रा ढुङ्गा र पहाडहरूलाई उखेलेर यन्त्रहरूको सहायताले डोऱ्याउँदै ल्याई समुद्रमा फ्याँक्दथे । जल माथितिर छचल्किएर आकाश ढाक्दथ्यो । चारैतिरबाट फ्याँकेका ढुङ्गा र पहाडहरूले समुद्रलाई हुँडलहाँडल बनाए । केही वानर डोरीले तानेर ढुङ्गा फाल्दथे । सय योजन (४०० कोश) फराकिलो विशाल सागरमा साहसी कर्म गर्ने वानरको सहायताले नलले विशाल सेतु बनाए । (वाल्मीकि रामायण युद्धकाण्ड २३ औं सर्ग, ६०/६३ श्लोकहरू ।

पुष्पक नामको विमानमा चढेर आकाश भ्रमण, देश–विदेश भ्रमण राम, रावण र कुबेरले गरेका थिए भन्ने प्रसङ्ग वाल्मीकि रामायणमा उल्लिखित छ । मय दानवले बनाएको सौभ विमानमा चढेर शाल्वले यादवसँग भीषण युद्ध गरेको थियो । (भागवत १० स्कन्ध, ७६ औं अध्याय) यो विज्ञानको त्यस बखतको प्रगति होइन ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृत भाषामा विज्ञान छैन भन्ने व्यक्तिहरूले के पुराण सुनेका छैनन्, जहाँ (अयोध्यानरेश), रामचन्द्र कार्य सम्पादन गर्ने क्रममा पुष्पक विमान चढेर घुमेका घटना छन् । नील नामका कालीगढले नल नामका साथीसँग मिलेर समुद्रमा लामो पुल हालेका थिए । यी सबै तथ्य बिर्सेर संस्कृतलाई गाली गर्ने व्यक्तिलाई के उत्तर दिने र ? (सुने पो भन्ने बुझ्न पचाउनेलाई के भन्ने ?) ॥११२॥

मन्त्रैरग्नेश्च वायोर्जलदभुजगयोर्ब्रह्मणश्चैव शक्तिं
बाणेष्वाकृष्य शूरानपि रिपुनिचयान् सञ्जयन्ति स्म पूर्वे ।
इत्थं प्रच्छाद्य सर्वं बहु ह्यपवदतः संस्कृते स्वल्पबोद्धॄन्
भोगेष्वासक्तचित्तानुदितमदलवान्नुत्तरं किं वदेयम् ॥११३॥

मन्त्रद्वारा अग्नि, वायु, मेघ, वरुण र ब्रह्माको शक्तिलाई बाणमा तानेर बलवान् शत्रुका हुलका हुललाई पनि पहिलेका योद्धाले जित्दथे । यस्ता सबै तथ्यलाई ढाकेर संस्कृतप्रति दुराशय राखेर बोल्ने अल्पज्ञानी, भोगमा मन डुबाएका, मदगर्वित व्यक्तिहरूलाई के उत्तर दिऊँ र ? ॥११३॥

गम्भीरायां विपत्तौ कतिचन समये दूरवाण्यो नभस्तः
संश्रूयन्ते स्म सर्वैस्तदनुसरणतः सा समाधीयते स्म ।
गोकर्णो भ्रातृकष्टं तदनु विधिसुतो भक्तिदुःखं न्यहार्षीत्
किं विज्ञानं न वैतद् गदत बुधवराः संस्कृते सन्निविष्टम् ॥११४॥[६९]

---

६९. पद्मपुराणको श्रीमद्भागवत महात्म्यमा गोकर्णलाई सूर्यले आकाशवाणीद्वारा भागवत लगाउन प्रेरणा दिएको, देवर्षि नारदलाई सत्कर्म गर्न आकाशवाणीले भनेको, कंसलाई देवकीको आठौं गर्भबाट उसको मृत्यु हुने सूचना दिएको, बलरामलाई जुवामा रुक्मीले छल गरेको, दुष्यन्तलाई शकुन्तला उनकै पत्नी र भरत उनकै छोरा भएको तथ्य आकाशवाणीले नै बताएको वृतान्त श्रीमद्भागवतमा, महाभारतमा र पद्मपुराणमा उल्लिखित छ । सञ्चार क्षेत्रमा पौरस्त्य विद्वान्हरूले उतिखेरै कति प्रगति गरेका रहेछन् भन्ने तथ्य यसबाट पुष्टि हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कठिन विपदको घडीमा कतिपय बेला टाढा आकाशबाट बोलेका वाणी (विना तार आकाशमा तरङ्गिंदै आएका बोली) सुनिन्थे र त्यसले दिएको सल्लाह अनुसार कर्म गरेर त्यस्ता विपदको समाधान गरिन्थ्यो । जस्तै कि यही (आकाशवाणीको) परामर्श अनुसार गोकर्णले दाइ धुन्धुकारीको प्रेतकष्ट त्यसपछि नारदले भक्तिको कष्ट समूल हटाए । के यो संस्कृतमा रहेको विज्ञान होइन ? विद्वान् हो भन्नुहोस् त ? ॥११४॥

जातः कुम्भादगस्त्योऽसुरकुलदहनः कौरवाः कुम्भतश्च
धन्वी शारद्वतोऽभूच्छरचय इति तच्छ्रेष्ठविज्ञानमेव ।
लब्धं निर्जीवदेहस्य च विविधरसै रक्षणार्थे यशो यत्
स्मृत्वा तत् पूर्वजेभ्यो भवति किल नतं सन्ततं मस्तकं नः ॥११५॥

घडाबाट असुरकुलका लागि अग्निसमान अगस्त्य जन्मे । कौरवहरू पनि घडाबाट नै पैदा भए । शरद्वानका छोरा धनुर्विद्/धनुर्धारी कृपाचार्य निगालाका झाँगमा जन्मे भन्ने विषय उत्तम विज्ञान नै हो । यस्तै मरेको शरीरलाई विविध औषधीले रक्षा गर्ने क्षमतामा पुर्खाले जुन कीर्ति पाए त्यो सम्झँदा हाम्रो शिर पूर्वजप्रति सधैं झुक्दछ ।*

आचारज्ञानायापि संस्कृतं पठनीयमिति कथयति–

---

* मित्रावरुणले उर्वशीलाई देख्दा क्षरण हुन थालेको वीर्य घडामा राखेर अगस्त्यलाई जन्माएको, गान्धारीको तुहिएको गर्भलाई १०१ घडामा राखेर १०१ सन्तान जन्माएको, शरद्वान्ले निगाला (शर) को झाँगमा सुरक्षित गराएको वीर्यबाट कृप र कृपी जन्मेको प्रसङ्ग महाभारतमा पाइन्छ । अनि मावल (केकय देश) बाट छोरा भरत अयोध्या नआएसम्म दशरथको शव औषधीयुक्त तेलमा राखेर जोगाएको प्रसङ्ग पुराण, रामायणमा पाइन्छ । आमाको कोखभन्दा अन्यत्र पनि गर्भ हुर्काउने पद्धति अनि शबलाई हप्तौं सुरक्षित राख्ने विधि पूर्वज ऋषिहरू जान्दथे । यो चानचुने विज्ञान होइन ।

द्रष्टव्य : (क) महाभारत आदिपर्व १२९ औं अध्याय ।
(ख) वाल्मीकि रामायण अयोध्या काण्ड ६६ देखि ७० सर्गतक ।
(ग) श्रीमद्भागवतमहापुराणम् नवम स्कन्ध २१ औं अध्याय ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नित्यं पित्रोर्गुरूणां चरणनमनतः पूजनाद् देवतानां
स्वाध्यायात् पूर्तकार्यादतिथिखगपशुभ्योऽन्नतोयार्पणाच्च ।
संस्काराणां विधानादपि कुलक्रमतो मानितानां मनुष्या
मुच्यन्ते ह्येवमूचुर्मनुगुरुकवयः शङ्खपारस्कराद्याः ॥११६॥[७०]

आचार बुझ्नको लागि पनि संस्कृत पढ्नुपर्छ –

सधैँ बा आमाको र मान्यजनको चरणवन्दना (लक्षणया सेवा संरक्षण, पालन आवश्यकता अनुसार) गर्नाले, देवताहरूको पूजा गर्नाले कुलक्रमागत (शाखासूत्र अनुसारको) वेद पाठले, (चौतारो लगाउने, बाटो बनाउने, विद्यालय खोल्ने, अस्पताल, पाटी पौवा राख्ने, गुठी सञ्चालन गर्ने जस्ता) पूर्तकार्य गर्नाले, अतिथि सत्कार, चराचुरुङ्गी र पशुलाई अन्नपानी दिनाले, कुलले मान्दै आएको संस्कारहरू पूरा गर्नाले मानिसहरू मुक्त हुन्छन् भनी मनु, बृहस्पति, शुक्राचार्य, शङ्ख, पारस्कर आदिले बताएका छन् ॥११६॥

७०. मनु, अत्रि, विष्णु, हारीत, शङ्ख आदि ऋषिहरूले स्मृतिग्रन्थको रचना गरेर हाम्रा आचार, व्यवहार र आश्रम धर्मका सम्बन्धमा राम्ररी प्रकाश पारेका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यागमहत्त्वं संस्कृते भूरिशो वर्णितमिति व्याख्याति–

षष्ठो भागः प्रदेयो नृपतिकरतया राज्यसञ्चालनाय
देयो लब्धेर्दशांशो धनरहितजनेभ्यश्च सञ्जीवनाय ।
सेवाऽऽशक्त्या विहीना जनजनपदयोर्जायतां सन्ततं नो
ब्रूवाणा वेदमूला जयति हितकरी सन्ततं देववाणी ॥११७॥

त्यागको महत्त्व संस्कृतमा धेरै ठाउँमा बताएको छ भनी व्याख्या गर्दछन्–

राजकरको रूपमा ६ भागको १ भाग राज्य सञ्चालनको लागि दिनुपर्छ । कमाइको दशांश गरीबगुरुवाको जीविकाको लागि दिनुपर्छ । जनता र देशको सेवा निर्लोभ तरिकाले सधैँ होस् भन्ने हितकारी वेदमूलक संस्कृत भाषा सर्वोच्च छ ॥११७॥

संस्कृतनिष्ठं विज्ञानं पुनरपि सूचयति–

बार्हस्पत्यो महर्षिर्दनुकुलतिलकः सूर्यशिष्यो मयाऽऽख्यः
कर्मासौ विश्वपूर्वो द्युसदसि दिविजैः संस्तुतः ख्यातशिल्पी ।
निर्मान्ति स्मेति चैते पवनगतिजयिव्योमयानानि पूर्वं
विज्ञानं किन्न वै तद् भणत बुधवराः प्राच्यभाषानिबद्धम् ॥११८॥[७१]

---

७१. महर्षि भरद्वाजले 'यन्त्रसर्वस्वं नामको' कलाकौशल विषयमा एक विज्ञान ग्रन्थ लेखेका थिए त्यसको केही भाग बडौदा (भारत) को राजकीय पुस्तकालयमा सुरक्षित छ । यही ग्रन्थको विमानविषयक एक अंश लिएर श्रीप्रियरत्न (स्वामी ब्रह्ममुनि) ले विमानशास्त्र नामबाट ग्रन्थ प्रकाशित गराए । (वाचस्पति गैरोला, संस्कृत साहित्यका इतिहास, पृष्ठ ५७८)
मयले आकाशमा सुन, चाँदी र फलामको अभेद्य तीन सहर बनाएको, युधिष्ठिरका लागि आधुनिक सुविधा सम्पन्न सभाभवन बनाएको, जसमा जलमा थलको र थलमा जलको भ्रम हुन्थ्यो । थल भनेर हिंड्दा पानीमा परेर दुर्योधन डुबेको देख्दा भीमसेन हाँसेका थिए । यो प्राच्य विज्ञानको ठूलै नमुना होइन र ?

ततः स्फाटिकतोयां वै स्फाटिकाम्बुजशोभिताम् ।
वापीं मत्वा स्थलमिव सवासाः प्रापतज्जले ॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृतमा रहेको विज्ञानको फेरि पनि सूचना दिन्छन्–

महर्षि भरद्वाज, दानवकुलतिलक सूर्यका चेला मय, स्वर्गमा देवताद्वारा सम्मानित प्रख्यात वैज्ञानिक विश्वकर्मा यी विज्ञानविद्हरूले हावाको गतिलाई जित्ने विमानहरू पहिले धेरै बनाए । विद्वान् हो भन्नुहोस् के यो प्राचीन भाषामा उल्लिखित विज्ञान होइन ? ॥११८॥

जातिवादप्रधाना, रुढिमूलाचेति आरोपं खण्डयति–

उच्चं मध्यञ्च निम्नं मनुजमतिक्षयाधायकं जातिवादं
संश्रित्यैषा चलन्ती पुरुषमहिलयोःपुंस्त्ववादाश्रिता च ।
रूढिं श्रित्वा चलन्तीत्यपि च सुरगिरं भूय आक्षेपमाणा
अस्या उत्कर्षतायामसहनमतयोऽद्यापि जल्पन्ति जाल्माः ॥११९॥[७२]

जातिवादी र रुढिमूल संस्कृतभाषा छ भन्ने आरोपको खण्डन गर्छन्–

यी उच्च जातका, यी माझ जातका, यी तल्ला जातका भनेर मानिसको बुद्धि घटाउने जातिवादलाई अँगालेर अघि बढ्ने, पुरुष र महिला वर्गमा पुरुषवर्गको पक्ष लिने, रूढिलाई महत्त्व दिने जस्ता आरोप संस्कृतमा

जले निपतितं दृष्ट्वा भीमसेनो महाबलः । जहास जहसुश्चैव किङ्कराश्च सुयोधनम् ।
.... महाभारत सभापर्व ४७ औं अध्याय, ६, ७ श्लोकहरू ।

७२. ब्राह्मण वेदपाठीलाई उच्च जातको, क्षत्रिय, ब्रह्मबन्धु, वैश्य र जनजाति वर्गका राई, गुरुङ, शेर्पा, तामाङ, मगर आदिलाई मध्यजातका र कामी, सार्की, दमाई, पोडे, डोम, सुनार आदिलाई दलित निम्न तथा अछुत जातका भनेर जातिवादलाई प्रोत्साहन दिने अनि महिला र पुरुषमा पुरुष श्रेष्ठ हो भन्ने, भूत, प्रेत, बोक्सीजस्ता अन्धविश्वास, सती प्रथा जस्ता रूढि परम्परालाई महत्त्व दिने भनेर संस्कृत भाषालाई आक्षेप लगाउने व्यक्तिहरू अहिले पनि छन् भन्ने पद्यको आशय छ । साथै यस पद्यले यस्तो सोचाइ र भनाइ गलत हो भन्ने सङ्केत यस भाषाको उत्कर्ष सहन नसकेकाले भनेका हुन् भन्ने वाक्यले देखाएको छ । 'पद्भ्या गुं शूद्रो अजायत' भन्ने वैदिक वाक्यांशले परमेश्वरको पाउबाट शूद्र पैदा भएको देखाउँछ । परमेश्वरबाट पैदा भएका शूद्र जाति कसरी अपवित्र हुन्छन् ? फेरि पूर्ण भक्ति रहेको अवस्थामा शूद्र पनि मुक्त हुन्छन् भन्ने वचन पनि छ । (भागवत द्वि. स्कन्ध, ४/१८ ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वारम्बार लगाउने व्यक्तिहरू अहिले पनि छन् जो वास्तवमा यस संस्कृत भाषाको उत्कर्ष वृद्धिका कारण डाही भएका हुन् ॥११९॥

का वा भाषा विभेदे चलति ननु च का संभवेदन्धरूढा
जात्याः पोषे स्थिता का तदनु जनहितात् का भवेद् भिन्नरूपा ।
भाषाः सन्तीह सर्वा अपि जनहितदाः पुस्त्ववादाश्रिता न
मिथ्यामारोप्य चेत्थं सुरगवि लभते कञ्च स्वार्थं विपक्षः ॥१२०॥[७३]

---

७३. यो भाषाले कहाँ के भनेर कुन वर्गलाई पढ्न लेख्न रोक लगाएको छ ? मन्त्र ब्राह्माणात्मक वेद पढ्न शूद्रलाई रोक लगाएको उल्लेख मनु आदि स्मृतिकारले गरेका छन् । यहाँ शूद्र भनेर कार्याकार्य र भक्ष्याभक्ष्यको विवेक नभएका व्यक्तिहरूलाई लिइएको हो । वेद पढ्न आचारपालनको अधिक आवश्यकता पर्ने हुँदा त्यसो भनिएको हो । जनक, युधिष्ठिर, नल, दुष्यन्त, नहुष, ययाति, कार्तवीर्य धनसमसेर राणा, पत्यजङ शाह, पृथ्वीपाल सेन आदि क्षत्रिय संस्कृतविद् थिए । शूद्र मानिएका विदुर संस्कृत जान्दथे । उनले बताएको विदुरनीति संस्कृत जगत्मा मात्र नभई विश्वमै प्रसिद्ध छ । दलितमा गनिने नेपालका हिरालाल विश्वकर्मा संस्कृत जान्दथे । गार्गी, मैत्रेयी, घोषा, दमयन्ती, मदयन्ती, सूर्या, जुहू, माधवी, सीता आदि नारीमध्ये केही संस्कृत त केही वेदका ज्ञाता थिए । विज्जका, निरुमलाम्बा, सुभद्रा, अवन्तिसुन्दरी, फल्गुहस्तिनी, मोरिका, मारुला, विकटनितम्बा र शीला संस्कृतका महिला कवयित्री भएको चर्चा पाइन्छ । वानर जातिका हनुमान, सुग्रीव, राक्षस जातिका रावण, विभीषण, दैत्य जातिका प्रल्हाद, बलि, बाणासुर, सर्पजातिका वासुकि, अनन्त, पद्म, प्रमथजातिका नन्दी, पुष्पदन्त, यक्षजातिका कुबेर, नलकूवर संस्कृतविद् देखिएकाले संस्कृत ब्राह्मणको मात्र भाषा भन्न सुहाउने देखिएन । नेपालका लिच्छवि, मल्ल र शाहवंशीय राजाहरू प्रायः संस्कृतविज्ञ भेटिन्छन् त्यसकारण संस्कृत ब्राह्मणको मात्र भाषा भन्ने आरोप पूर्णतः मिथ्या सिद्ध हुन्छ । नेपालमा प्रपन्नाचार्य नामले चिनिएका काले राईले, वैश्य मानिन अमरसिंह बाँडा, धर्मगुप्त सुन्दरानन्द बाँडाले संस्कृत काव्य लेखेको पाइन्छ । गुरुङ थरले चिनिएका डा. जगमानले संस्कृतको अध्ययन गरेर उपल्लो तहमा पुगेको तथ्य छर्लङ्ग नै छ । जन्म र कर्म दुवैलाई आधार बनाएर समाजलाई व्यवस्थित बनाउन त्यसबेला चार वर्ण – ब्राह्मण, क्षत्री, वैश्य र शूद्रको परिकल्पना गरिएको थियो । 'चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः' भन्ने गीताको उक्तिले यसैलाई समर्थन गर्दछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुन भाषा त्यस्तो छ ,ज्ञा अत्यन्त रूढिमा चलेको होस्, कुन भाषा निश्चित जातिलाई पोस्ने होस् अनि जनहितबाट भिन्न कुन होस् (वास्तवमा कुनै भाषा त्यस्तो छैन) सबै भाषा जनहितकारी नै छन् । पुरुषवादलाई महत्त्व दिने खालका छैनन् । देववाणी संस्कृत भाषामा यस्तो मिथ्या आरोप लगाएर विपक्षीगणको कुन स्वार्थ पूर्ति हुन्छ ? ॥१२०॥

पूर्वं यावान् विकासः सुरगिरि समभूद् वत्सरैः पञ्चशत्या
शैथिल्यं तत्र प्राप्तं तदपि गतिरियं पूर्णतो नास्ति रुद्धा ।
दैवं, भौमं रहस्यं स्मृतिनिगमगतं दर्शनं चाथ तन्त्रं
भाषेयं सेविता स्याद् यदि च विमलया निष्ठया किन्न लभ्यम् ? ॥१२१॥

पहिले संस्कृत भाषामा जति विकास भएको थियो अहिले पाँच सय वर्ष यतादेखि त्यसमा शिथिलता आएको छ तर पनि यसको गति भने पूर्ण रूपमा रोकिएको छैन । आकाश र पृथ्वीका रहस्य धर्मशास्त्र र वेदमा भएका दर्शन अनि तन्त्र यो भाषाको अध्ययनबाट पाउन सकिन्छ । शुद्ध निष्ठाले सेवा गरे यहाँ के पाइन्न ? ॥१२१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सामयिकविषयान् संयोज्य संस्कृतं पाठनीयमिति सङ्केतयति–

अस्यां संयोज्य कालोचितबहुविषयान् लोकमान्यान् नवीनान्
पौरस्त्यैस्साकमेषां तुलनमपि विधायैव संपाठितायाम् ।
आक्षेपो लोकबाह्येति च किमु न दहेत् किं न यायात् समृद्धिं
भाषेयं किन्न दद्याज् जनहिततरतये ज्ञानविज्ञानसारम् ॥१२२॥[७४]

सामयिक विषयहरूसँग दाँजेर संस्कृत पढाउनुपर्ने सङ्केत गर्दछन्–

यस भाषामा समयले मागेका धेरै खालका र लोकले मानी आएका उचित विषयहरू समावेश गरेर ती विषयहरूसँग दाँज्न सकिने गरी पुराना विषयहरू पनि सँगै तुलना गर्दै राम्ररी पढाएको खण्डमा यसमा लागेको लोकजीवन भन्दा बाहिरको भन्ने आक्षेप कसो शान्त नहोला ? अनि यो भाषा कसो समृद्ध नहोला ? त्यसपछि यस भाषाले जनताको हित र खुसीका लागि ज्ञान र विज्ञानको सारतत्त्व किन नदेला ? ॥१२२॥

सार्वत्रिकेशदृष्टिता संस्कृतस्य वैशिष्ट्यमिति दर्शयति–

अग्नौ, भूमौ च तोये, वियति च पवने, वृक्षवल्ल्यौषधीषु
मर्त्येऽमर्त्ये समन्ताल्ललसति ह सततं सर्वव्यापी रमेशः ।
एवं हेतोः समन्ताच् चलितुमिह गदत् संस्कृतं नैव हेयं
को वा सेवेत दूष्यं सलिलमिह जहत् पावनं गाङ्गतोयम् ॥१२३॥[७५]

---

७४. प्राच्य विधिशास्त्रसँग आधुनिक विधिशास्त्र, प्राच्य साहित्यशास्त्रसँग आधुनिक साहित्य, प्राच्य ज्योतिषसँग आधुनिक ज्योतिष, प्राच्य राजनीतिसँग आधुनिक राजनीति, प्राच्यकलासँग आधुनिक कला, त्यस्तै प्राच्य मानवशास्त्र, समाजशास्त्र, दर्शन, कृषि, आर्युवेद आदि विषयहरूको आधुनिक यिनै विषयसँग के कति साम्य वा वैषम्य छ भन्ने तुलना गरी पढाउँदा लाभ नै हुनेछ ।

७५. आकाश, वायु, आगो, पानी, पृथ्वी, ग्रह, नक्षत्र, प्राणीहरू, दिशाविदिशा, वृक्ष लता, नदी, समुद्र यी सबै हरिका शरीर हुन् । यसै कारण सबैतिर भगवान् छन् भन्ने सम्झी सारा स्थावरजङ्गम पदार्थजगत्लाई अनन्य भावले नमन गरोस् । (श्रीमद्भागवत ११ स्कन्द, २ अध्याय, ४१ औं पद्य)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सबैतिर ईश्वरलाई देख्नु संस्कृतको विशेषता हो भन्ने देखाउँछन्–

अग्नि (प्रकाश), भूमि, जल, आकाश, हावा, रुखलहरा, औषधीहरूमा, निर्जीव र सजीवमा सबैतिर सधैँसधैँ सर्वव्यापक विष्णु रहनुभएको हुनाले सबै प्राणीमा भेदभावहीन शैलीले समताको व्यवहार गरी अघि बढ्न सिकाउने संस्कृतलाई हामीले छाड्नुहुँदैन किनकि को व्यक्ति त्यस्तो होला जो पवित्र गङ्गाको पानीलाई छाडेर दूषित पानीमा रहला (त्यस्तो असमझदारी त कोही गर्न सक्दैन त्यस्तै संस्कृत पढ्न पनि छाड्न सकिन्न) ॥१२३॥

अज्ञैस्तन्त्रमार्गस्य दुष्प्रचारो विहित इति दर्शयति–

ऊचुस्तन्त्ररहस्यबोधरहिता वामाख्यमार्गे श्रितान्
निन्दन्तो झषमद्यमैथुनरता आचारभ्रष्य इति ।
किं स्वीकृत्य प्रतीकमेतदखिलं प्रोक्तं विबोद्धुं बुधैः
पठ्या आगमसारबोधनिपुणा ग्रन्थाश्चिरं संस्कृते ॥१२४॥[७६]

---

७६. तन्त्र ग्रन्थहरूमा वामचार वा कौलाचार भनिने साधनामा पञ्च मकारको सेवन गर्ने उल्लेख पाइन्छ । मत्स्य, मांस, मद्य, मैथुन र मुद्रा पञ्चमकारभित्र पर्छन् । ईशसाधक मनीषीहरूले खुला रूपमा मद्य मांसादिको भोग गर भन्न सक्तैनन् । मद्य मांसादि पञ्चमकारका प्रतीक के के हुन सक्छन् ? मद्यका बारेमा कुलार्णव तन्त्रमा उल्लिखित भन्दै कुलार्णव रहस्य ग्रन्थमा लेखिएको छ– "चन्द्रमा जस्तै चहकिलो, चैतन्यरूपी कुण्डलिनी शक्ति मूलाधारबाट उठेर ब्रह्मरन्ध्रसम्म पुगेर सहस्रार चक्रमा रहेका परशिवसँग संयुक्त हुँदा उत्पन्न भएको सहस्रारबाट चुहिएको अमृतपान गर्ने व्यक्ति नै सुधापायी हो, अरु सबै मद्यपायी हुन् ।" (कुलार्णवरहस्य प्रथम पटल, १६ औं पृष्ठ)
मांसको बारेमा आगमसारतन्त्रको उल्लेख गर्दै भनिएको छ – "काम, क्रोध, लोभ र मोहरूपी पशुलाई विवेकको तरवारले काटेर परात्मप्राप्ति गराउने निर्विषय मासु खाने साधक पुण्यात्मा हुन् अरु हिंसाकारी हुन् ।" मत्स्यको बारेमा कुलार्णवतन्त्रको हवाला दिँदै भनियो– मनले इन्द्रियलाई दबाएर परमात्मामा मन लगाउने साधक मत्स्याशी हो । अरु प्राणीहिंस्रक हुन् । तन्त्रान्तरमा भनिएको छ– सहस्रारचक्रमा रहेको आत्मामा कुण्डलिनीको संयोग गराउने मुद्रासाधक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अबुझहरूले तन्त्रमार्गको दुष्प्रचार गरेको देखाउँछन्–

तन्त्रको रहस्य बुझ्न असमर्थ भएका व्यक्तिहरू वाममार्गी साधकहरूलाई यी माछा, मदिरा र मैथुनमा रम्ने आचारभ्रष्ट हुन् भन्दछन् । साधकवर्गले के कस्ता प्रतीक स्वीकारेर यसो भनेका हुन् भन्ने बुझ्न बुद्धिमान् व्यक्तिहरूले आगम तत्त्वको सार बुझाउन निपुण संस्कृत भाषामा लेखिएका ग्रन्थहरूलाई धेरै समय लगाएर (मननपूर्वक) पढ्नु पर्दछ ॥१२४॥

पुराणादिषु अतथ्या घटना वर्णिता इत्यस्य उत्तरम्–

संवादं राजवृत्तं जलधिमथनकं मत्स्यकोलावतारान्
पौराणीं वाचमेवं कतिचन भयदां तथ्यहीनाञ्च प्रोचुः ।
ईशावास्यं समस्तं विविधप्रकृतिकं लोकजातं ब्रुवाणै–
र्बालानां बोधनार्थं कतिचन घटना वर्णिता देववाण्याम् ॥१२५॥[७७]

हुन् । मैथुनबारे बृहद्वडवानलतन्त्रको हवाला दिँदै भनिएको छ– "आत्मा र पराशक्तिको मिथुन संयोगानन्दको अनुभव गर्नु नै मैथुन हो । (पूर्ववत् पृष्ठ १६ र १७)

यस्ता तथ्य नबुझेर मत्स्य, मैथुनादिमा आसक्त भएमा ती वाममार्गी भ्रष्ट हुन्छन् । त्यस्ता प्रतीक बुझेर साधना गर्दै जाँदा महासिद्ध हुन्छन् जस्तै– गोरखनाथ, मत्स्येन्द्रनाथ, गहिनीनाथ आदि । यस प्रकारका तन्त्ररहस्य कुलार्णवतन्त्र, आगमसार, मेरुतन्त्र आदिबाट बुझ्न सकिने भएकाले पनि संस्कृत वाङ्मयभित्र निहित यस्ता गुप्त रहस्य बुझ्न, बुझाउन संस्कृतको अध्ययन, अध्यापन, अनुसन्धान र सम्पादन जरुरी देखिन्छ ।

७७. वेदान्तीहरू जगत्लाई मिथ्या अनि स्वप्नसदृश मान्दछन् । "ब्रह्म सत्यं जगन्मिथ्या" यो उनीहरूको सिद्धान्तसूत्र हो । जगत् मिथ्या भएपछि जगत्मा उल्लिखित सबै घटना पनि मिथ्या नै हुने भए । त्यस क्रममा पुराणका घटना पनि मिथ्या हुने भए । त्यसो त दयानन्द स्वामी, रजनीश आदिले पुराणमा वर्णित वृत्तान्त मिथ्या भनेर उल्लेख गरेका छन् । त्यस्तै चार्वाक, बौद्ध, जैन, मतावलम्बीले पनि मिथ्या बताएका छन् । तर यस पंक्तिकारले "बालानां बोधनार्थम्" भन्ने वाक्यांशद्वारा तात्त्विक सत्य सम्झाउन केही न केही दृष्टान्त त दिनै पर्छ त्यसै क्रममा कथा, संवाद, चरित्रहरू जोड्नुपर्छ भन्ने सङ्केत गरेका छन् । अनि हामी मायिक परिधिमा रहेका अल्पज्ञानी वा अज्ञानीहरूले ती सबै समाधिभाषाका सूत्रहरूको मर्म पनि त बुझ्न सक्दैनौं । फेरि शुकदेव परमहंसले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पुराणहरूमा झुट्य घटना वर्णित छन् भन्ने आक्षेपको उत्तर–

कतिपय संवाद, राजाहरूको चरित्र, समुद्रमन्थनको चर्चा, माछा, सुँगुर आदि भगवान्का अवतारका केही पौराणिक घटना डरलाग्दा र तथ्यमा आधारित नभएका छन् भनेर केही व्यक्ति भन्छन् । वास्तवमा विविध प्रकारका लोकहरूमा सबैतिर ईश्वरको वास छ भन्ने सत्य बालवर्ग (अज्ञानी, अल्पज्ञानी, मिथ्याज्ञानी र ज्ञानगर्वी) लाई बुझाउन संस्कृत भाषामा वर्णित छन् ॥१२५॥

ईशप्राप्तये, स्थिरशान्तये, मनोनियमनाय च यमनियमादयः प्रतिपादिता इति दर्शयति–

भागवत सुनाउने सिलसिलामा पारमार्थिक सत्य त कृष्ण नै हो भन्ने तथ्य बुझाउन यसो भने– कथा इमास्ताः कथिता महीयसां, विताय लोकेषु यशः परेयुषाम् विज्ञानवैराग्यविवक्षया विभो वचोविभूतिर्न तु पारमार्थ्यम् ॥ (भागवत् १२ स्कन्ध ३ अध्याय, १४ औं पद्य) । लोकहरूमा धेरै धेरै कीर्ति फैलाएर बितेका महापुरुषहरूका कथा मैले यहाँलाई जेजति सुनाएँ ती वैराग्य बढाउने अभिप्रायले सुनाएको हुँ । यसमा पारमार्थिक सत्य केही छैन ।

यथार्थ तत्त्व निश्चित हुन्छ । सूक्ष्म, सूक्ष्मातिसूक्ष्म हुन्छ त्यो बुझाउन केही बाह्य उपकरणको साहारा चाहिन्छ नै । जस्तै सुन्तलाको रस लिन बोक्रासहितको सुन्तला टिप्नुपर्छ । बोक्रा र बिँया फालेपछि केस्राभित्रको रस चुस्न सकिन्छ । उखुको रस चाहिएमा उखुको बोक्रा, छोक्रा, टुप्पो र पात फालेर छानेपछि मात्रै रस पिउन सकिन्छ । रसलाई तिनै बोक्रा र छोक्राले सुरक्षित राखेकाले ती पनि सत्यप्रायः नै हुन् । त्यस्तै कथामा वर्णित वृतान्त पनि सत्य उद्घाटन गर्न सहयोगी हुने हुनाले सत्यसरह नै मानिनु उपयुक्त हुन्छ । स्थायी परंसत्य भने होइनन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दूरं यायान्न चेतोऽनलविपिनमये शून्यसारे च लोके
यायादीशस्य केन्द्रे विपुलसुखसुधास्वादसिन्धावगाधे ।
इत्येवं बोधनार्थं जपयमनियमान् सेवितुं प्रेर्यमाणा
वाल्मीकिर्व्यासशेषौ शुककपिलवशिष्ठादयः सन्ति धन्याः ॥१२६॥[७८]

ईश्वर प्राप्ति, स्थिर शान्ति र मन नियन्त्रणका लागि जप, यम, नियम आदि पालना गर्नुपर्ने देखाउँदछन्–

---

७८. जप, ध्यान, मूर्तिपूजन, अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रह व्रतको अनुष्ठान मन नियन्त्रणका लागि परिकल्पित तथा निर्धारित यथार्थका नजिक रहेका आत्मसंयमका अचुक उपाय हुन् । सामान्य कर्म गर्दा पनि सावधान मन चाहिन्छ भने ईश चिन्तनमा अझ सावधान हुनु जरुरी नै हुन्छ । लोकको सार्वकालिक हित सोचेर भक्ति र योगका उपाय ऋषि वर्गले निर्धारण गरेका छन् आ–आफ्ना ग्रन्थमा । जस्तैकि वाल्मीकिले योगवाशिष्ठमा, शुकदेव स्वामीले श्रीमद्भागवतमा, व्यासले ब्रह्मसूत्र, पुराणहरू र महाभारत ग्रन्थमा, शेषले सनकादिलाई भागवतमा, कपिलाचार्यले साङ्ख्य दर्शन र भागवतमा आदि शब्दले नारद, कृष्ण, राम, दत्तात्रेय, देवव्रत (भीष्म), सूत, शौनक, विदुर आदिले पुराण, महाभारत, गीता, पाञ्चरात्र, भक्तिसूत्र आदिमा र अन्य ऋषिले अन्यत्र पनि भक्ति ज्ञान र वैराग्यको चर्चाका क्रममा भनेका छन् ।

पुराणहरूमा उल्लिखित नरक यातना, नरक स्वरूप वर्णन, नरक भेद पक्कै भयदायी छन् । अन्यत्र पनि पापीहरूले पाउने यातनाको बयान भयदायी देखिन्छन् । यस लोकमा पनि अपराधीले पुलिसको/अदालती सजायको र जनताको तिरस्कारको सजाय त भोग्नै पर्छ । पापअनुसारको दण्डको उल्लेखलाई भयदायी भनेर उपेक्षा गर्न मिल्दैन । उसो त पुण्यात्माले पाउने लोक र सम्मानको बयान सुखदायी पनि त छन् । यी वृत्तान्तलाई तथ्यहीन भन्न पनि सुहाउँदैन । किनभने घटना र परिवेश हेर्दा देशको ऐन, नियम र कानुनले भन्दा पनि धर्मशास्त्र र पुराणादिमा वर्णित नरकादिको प्राप्तिको सजायबाट मानवजगत् संयमित भएको छ भन्नै पर्छ । डरले नै मानिसले संस्कार मानेका छन् । डरले नै धर्म, कर्म, दान, ध्यान, जप, बाटोघाटो, विद्यालय, अस्पतालको निर्माणमा लागेका छन् । यस कारण समाजलाई अनुशासनमा बाँध्ने प्राचीन नियमकानुनका दण्ड प्रसङ्गलाई असत्य भनेर हेप्न मिल्ने देखिदैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आगो लागेको जङ्गल जस्तै हातलागि शून्य हुने संसारमा चित्त नजाओस् । ईश्वरको निवास भएको आनन्दामृतको आस्वाद मिल्ने अगाध अमृत सिन्धुमा मन रमोस् भन्ने बुझाउन जप, यम, नियम आदिको पालना गर भनेर (साधक समुदायलाई) प्रेरणा दिने वाल्मीकि, व्यास, शेष (लक्षणाले शेषावतार पतञ्जलि) शुकदेव स्वामी, महर्षि कपिल र वशिष्ठ आदि धन्य छन् ॥१२६॥

संस्कृतं अनुशासनस्य परिचालनाय प्रेरयतीति दर्शयति–

भोगे लोको न सज्जेदिति किल गदितुं त्यागमाहात्म्यमुक्तं
पित्रोर्देवे कृतज्ञो भवतु कथयितुं गर्वनाशाय चोक्तम् ।
एवं रीत्याऽनुशिष्यन् जनपदमनुजान् हन्त निर्मातुकामाः
सन्तो लोकोपकारे ह्यवहितमनसः सर्वदा सन्ति धन्याः ॥१२७॥[७९]

---

७९. "भोगे रोगभयम्" अधिक भोग रोगको घर हो । शारीरिक रोगका साथ अतृप्ति बढाउने हुँदा भोग मानसिक रोगको पनि कारण हो । यसलाई वैतरणी नदी पनि भनिएको छ – 'तृष्णा वैतरणी नदी' । आगोमा घ्यू हाल्दा आगो झन् भर्भराएर बल्छ, घ्यू हाल्न छाडेमा मात्र निभ्छ । त्यसैै हुँदा भोगमा बढाइने आशक्ति अन्ततः मानवीय उत्थानमा घातक नै हुने भएकाले भोग घटाउन ऋषि वर्गले त्यागको महात्म्य बताए । पिता, माता र देववर्गप्रति कृतज्ञ होउन् भन्नका लागि नम्र हुन सिकाए । धन, पद, उमेर आदिको कारणबाट हुने उन्मादले समाज विशृङ्खलतातिर धकेलिन सक्ने हुनाले अहंकार छाड्न भने । आजभोलि वृद्धवृद्धालाई घोचपेच गर्ने, सडकमा छाड्ने, धर्मशालातिर पसाउने, उनीहरूको वृद्धभत्ता, पेन्सन वा अंश खाएर पनि राम्ररी स्याहार–सुसार नगर्ने, कहिले मर्लान् भन्ने वा त्यस्तै चाहने क्रियाकलापमा जसरी बढोत्तरी हुँदैछ त्यसको कारण धर्मशास्त्र, नीतिशास्त्र, पुराण, उपनिषद्हरूको अध्ययन नहुनु वा परिपालन नगर्नु हो । सामाजिक मर्यादाबाट समाजलाई विचलित नबनाउन नरक, स्वर्गको उदाहरण ल्याएर पुण्डरीक, श्रवणकुमार, धर्मव्याध, नचिकेता, नल, युधिष्ठिर, भरत, राम, कृष्ण आदिको आख्यान उपाख्यानद्वारा मातृपितृगुरुभक्तिमा पुर्खाले जोड दिएका हुन् । त्यस्ता दूरदर्शी समाजसुधारक महामनीषिहरू सँधै धन्यधन्य नभए अरु को धन्य हुने ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृतले अनुशासनको परिपालनमा प्रेरणा दिन्छ भन्ने देखाउँछन्–

जनसमुदाय भोगमा नलागुन्, दिनेखाने बुद्धि जागोस् भन्नका लागि त्यागको महत्त्व बताइएको हो । बुबा, मुमा (लक्षणाले दाजु, काका, दिदी आदि) मान्यजनप्रति र देवताहरूमा कृतज्ञ होऊन् भन्नका लागि नम्र बन्नुपर्ने शिक्षा दिइएको हो । यसरी गाउँ ठाउँका मान्छेहरूलाई अनुशासित बनाउन खोज्ने, लोकको हितमा लाग्ने सज्जनहरू सधैँ धन्य धन्य छन् ॥१२७॥

संस्कृतवाङ्मयस्य सर्वाण्यपि दर्शनानि लोकहितकारीणि सन्तीति दर्शयति–

आस्तिक्यं दर्शनं स्यात् तदितरमथवा जैनबौद्धादिकं वा
चार्वाकीयं मतं नः परहितकरणायैव सम्प्रेरयन्ति ।
एवं श्वानश्च काका अपि परमपितुः सन्ततित्वेन यत्र
पूज्यन्ते धर्मविद्भिः कथमिह सुरगीः सेवनीया भवेन्न ॥१२८॥[८०]

संस्कृत वाङ्मयका सबै दर्शनहरू लोकहितकारी छन् भनी देखाउँछन्–

---

८०. आस्तिक दर्शनको रूपमा परिचित न्याय, वेदान्त, मीमांसा, योग, साङ्ख्य र वैशेषिक अनि नास्तिक दर्शनको रूपमा उल्लिखित वौद्धका चारथरि मत, जैन मत र चार्वक सिद्धान्तहरू सबैले जनताको हितमा नै जोड दिएका छन् । ज्यादै भौतिकवादी चार्वक सिद्धान्तलाई छाडेर नास्तिक भनेर चिनाइएका तर लोकोपकारी कार्यमा जनतालाई लाग्न निर्देशन दिने, साधारण प्राणीलाई पनि मन, वचन र कर्मले दुःख दिन हुन्न भन्ने बौद्ध र जैन दर्शन हेर्दा आस्तिक र नास्तिक भन्ने विवाद पनि निरर्थक नै भन्नुपर्ने हुन्छ । जे होस् कुनै पनि पौरस्त्य दर्शनका सिद्धान्त जनहित गर्ने विचारमा पछि छैनन् । यो गौरवको विषय हो । वैदिक मतानुयायीहरूमा गाई, काग, कुकुरलाई पूजा गर्ने मान्यता मात्र होइन जड स्थावर मानिने रुखमा वरपिपल, नदीहरूमा प्रायः सबै, मेघ, हावा, पृथ्वी, झारमा– तुलसी, पहाडमा देउराली, हिमालको समेत पूजा समानरूपले गर्नुपर्ने व्यवस्था मान्ने हिन्दू सनातन धर्मको उदारतम विचारलाई अत्युत्तम भन्नैपर्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आस्तिक दर्शन हुन् अथवा जैन, बौद्ध या चार्वाक मत नै किन नहोस् यी सबै मतले हामीहरूलाई जनहित गर्न प्रेरणा दिन्छन् । यसैगरी जुन दर्शनमा कुकुर र कागलाई पनि परमेश्वरको सन्तान मानेर धर्मविद्हरूद्वारा पूजा गरिन्छ त्यस्तो संस्कृत वाङ्मय किन सेवालायक नहोस् ? ॥१२८॥

पर्यायशब्दानां बहुत्वमपि संस्कृतस्य वैशिष्ट्यमिति दर्शयति–

विष्णोरीशस्य तद्वद् रविगजमुखयो राधिकाया उमायाः
पठ्यन्ते पुण्यवृत्तैस्सह कलुषकुलध्वंसिनामानि यत्र ।
सर्वेषामेव नाम्नां सुरगवि बहवःसन्ति पर्यायशब्दा–
स्तुल्यार्था भूरिशब्दा अमरगिरमृते सन्ति ब्रूताऽत्र कुत्र? ॥१२९॥[८१]

धेरै पर्यायवाची शब्दहरू रहनु पनि संस्कृतको विशेषता हो भन्ने देखाउँछन्–

विष्णु, महादेव, सूर्य, गणेश, राधा र उमाहरूको पवित्र चरित्रका साथमा पाप नाश गर्ने नामहरू जहाँ पढिन्छन् । यस्ता पर्याय शब्दहरू संस्कृत भाषामा धेरै छन् । उस्तै अर्थ दिने अधिकाधिक शब्द संस्कृत भाषा छाडेर अन्त कहाँ छ भन्नुहोस् ? ॥१२९॥

शब्दसंख्याया न्यूनत्वात् संस्कृतं न पठनीयमित्यस्योत्तरम्–

कृत्वा सन्धिं समासं तदनु च प्रकृतौ प्रत्ययान् मेलयित्वा
निर्मातुं शक्यते वै जनव्यवहृतये भूयसी शब्दसंख्या ।
अस्यां शब्दा न सन्तीति च सुरभणितावुक्तमाक्षेपजातं

---

८१. विष्णु, शिव, सूर्य, गणेश, राधा, उमा/कालिका यस्तै जानकी, यमुना, बलभद्र आदिका सहस्र नाम उल्लेख भएका ग्रन्थ पाइन्छन् । जस्तै– विष्णु सहस्रनाम, शिव सहस्रनाम, सूर्य सहस्रनाम, जानकी सहस्रनाम आदि । भनिन्छ यी एक एक नाम अनन्त पाप शमन गर्न सक्षम छन् । संस्कृतमा एक पदार्थ/व्यक्तिका दुई, तीन, चार, दश, पन्द्र, बीस गर्दै हजार पर्याय पनि पाइन्छन् । यस्ता पर्यायवाची शब्द धेरै भएको भाषा संस्कृतलाई छाडेर अरु कुनै छैन । यो संस्कृतको निजी विशेषता हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निस्सारं याति तस्मादियममृतगवी सर्वसेव्या कथं न? ॥१३०॥[८२]

शब्दहरू थोरै रहेकाले संस्कृत पढ्नु ठीक छैन भन्नेलाई उत्तर–

सन्धि, समास गरेर प्रकृति (मूल धातु, मूल शब्द) मा कृत्, तद्धित र उणादि प्रत्ययहरू मिलाएर लोक व्यवहारमा (कम नहुने गरी) धेरै शब्द बनाउन सकिन्छ । यसकारण संस्कृत भाषामा शब्द छैनन् भन्ने आक्षेपमा कुनै तुक रहन्न । यसो हुनाले यो संस्कृत भाषा सबैका लागि अध्ययनीय किन छैन ? अवश्य छ ॥१३०॥

संस्कृतभाषा कठिनास्ति कथं ज्ञातव्येति प्रश्नस्योत्तरम्–

काश्चित् शब्दांश्च धातून् कतिचन नियमान् कारकाणां पठित्वा
ज्ञात्वा लिङ्गं समासं तदनु सहजतो लिख्यते देवभाषा ।
अभ्यासात् काव्यपाठादपि सुरभणितौ दक्षता वर्धतेऽतो
भाषाऽऽस्तेऽसौ दुरूहेति च जनकथनं वस्तुतोऽतथ्यमेव ॥१३१॥

संस्कृत भाषा कठिन छ कसरी जान्न सकिन्छ र ? भन्ने प्रश्नको उत्तर–

केही शब्द, केही धातु र केही कारकका नियम पढेर लिङ्ग र समासका बारेमा जानेपछि सजिलैसँग संस्कृत भाषामा कलम चल्छ । बारम्बारको अभ्यास र काव्यहरूको पठनबाट संस्कृत भाषामा दक्षता

---

८२. अच्सन्धि, प्रकृतिभाव सन्धि, हल्, विसर्ग र स्वादिसन्धि गरी पाँच प्रकारका सन्धि, केवल समास, अव्ययीभाव, तत्पुरुष यसकै भेद कर्मधारय, वहुब्रीहि, द्विगु, द्वन्द्व र अलुक् समासका रूप, प्रकृतिमा कृत्, तद्धित प्रत्यय मिलाएर बन्न सक्ने अनन्त शब्द, उपसर्गको योगले बनाइने शब्द, क्रियाका परस्मैपदी आत्मनेपदी, उभयपदी आदि दश प्रकारका रूपावली, कर्मवाच्य, भाववाच्य, णिजन्त, सन्नन्त, यङन्त, नामधातुका रूपहरू, उणादिप्रत्यय र अव्यय शब्द गरी संस्कृत भाषाका शब्द कति बन्दछन् कति ? त्यस कारण संस्कृतमा शब्द नै छैनन् र शब्द बनाउन पनि सकिन्न भन्नु पूर्ण रूपमा वाहियात कुरा हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बढ्दछ । त्यस कारणले संस्कृत भाषा कठिन छ भन्ने भनाइ वास्तवमा सत्य होइन ॥१३१॥

एकस्माद् ज्ञातशब्दात् तदनुसरणतो भूयसी शब्दसंख्या
निर्मातुं शक्यतेऽतः कठिनमिति वचः संस्कृते सारहीनम् ।
आख्यातानां बहुत्वात् कृतिरचनाविधौ यच्च सारल्यमास्ते
तत् किञ्चान्यासु भाषास्विति गदत बुधास्तथ्यजातं समीक्ष्य ॥१३२॥

एउटा शब्द जानेपछि त्यसको नक्कल गरेर धेरै शब्द बनाउन सकिन्छ । त्यसो हुँदा संस्कृत भाषा कठिन छ भन्ने भनाइमा सार छैन । क्रियाका धेरै रूप हुने भएकाले लेख तथा ग्रन्थ रचनामा जुन सरलपना पाइएको छ त्यो अरु भाषामा छ त ? यो तथ्यलाई समीक्षा गरेर विद्वान् हो भन्नुहोस् त ? ॥१३२॥ ✎

✎ एउटा राम शब्द जान्दा अकारान्त पुलिङ्गका श्याम, शिव, गोविन्द, माधव, दामोदर, वृक्ष, मेघ, देव, दानव, बुद्ध, असुर, सिंह, शूकर आदि हजारौं शब्द जान्न सकिन्छ । विभक्तिका रूपसहित जान्दा प्रत्येक शब्दको २१ वचन हुँदा कति रूप बन्दछन् कति ? यो त एक राम शब्दको कुरा भयो । यस्तै ह्रस्व इकारान्त हरि, ईकारान्त सुधी, उकारान्त भानु शब्द ऋकारान्त भातृ शब्द भैं एवं प्रकारले अजन्त पुलिङ्गका अनेकौं शब्द बन्छन् । त्यस्तै अजन्त स्त्रीलिङ्गका रमा मति नदी, धेनु, भू, द्यो, नौ आदि शब्दसँग मेल खाने अनेकौं रुपावली बन्न सक्छन् । त्यस्तै अजन्त नपुंसलिङ्ग, हलन्त, पुलिङ्ग, स्त्रीलिङ्ग, नपुंसलिङ्गका आधारमा बन्ने रूपावलीहरू अनन्त हुन सक्छन् । यस्तै धातुका भ्वादि, अदादि आदि दशगणका कर्तृवाच्य, सकर्मक धातुका कर्मवाच्य, अकर्मकका भाववाच्य, णिजन्त, नामधातु, सन्नन्त, यङ्लुङन्त, कण्वादि, उपसर्गको प्रयोगले हुने परस्मैपदी, आत्मनेपदी आदि त्यसका लकार वचन मिलाएर बन्ने रूपावली अनन्त नै हुने हुँदा कथा कवितामा छानीछानीकन त्यस्ता नाम तथा क्रियापद प्रयोग गर्न पाउँदा काव्यकार कति रमाउँछन् कति ? उनीहरूलाई शब्द निर्माण तथा प्रयोगमा पनि हुनहार सरलता हुन्छ । त्यस कारण स्तरअनुसार सुरुका केही महिना वा वर्ष पढ्न, बुझ्न गाह्रो हुने भए पनि पछिल्ला चरणमा सरल हुँदै जाने हुनाले संस्कृत भाषा कठिन छ भन्न सुहाउँदैन । यसको रूपका विविधता हेर्दा कठिन जस्तो भान हुने, वैज्ञानिकता बुझ्दा सरल लाग्ने संस्कृत भाषा सामान्य बोलचालका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृते प्रतीकात्मकतया देवादीनां स्वरूपाणि चित्रितानीति वर्णयति–

सूर्येन्दोरनलस्य रूपमिति संवक्तुं त्रिनेत्रं वृतं
तापानां त्रितयं जनस्य हरते वक्तुं त्रिशूलं धृतम् ।
भूतानीह वसन्ति पञ्च गदितुं पञ्चास्यता चर्चिता
पारोक्ष्येण महर्षिभिः पशुपतेरेवं तनूर्वर्णिता ॥१३३॥

संस्कृत भाषामा प्रतीकात्मक रूपमा देवताहरूको स्वरूप देखाइएको छ भनी वर्णन गर्दछन्–

सूर्य, चन्द्रमा र अग्नि तीनवटैको रूप देखाउन तीन आँखाको बयान गरियो । व्यक्तिको त्रिताप (आध्यात्मिक, आधिभौतिक र आधिदैविक) हरण गर्दछन् भन्ने देखाउन त्रिशूल लिएको बनाइयो । यहाँ पञ्चमहाभूत रहन्छन् भन्ने देखाउन पाँच मुखको चर्चा गरियो । यसरी महर्षिहरूले परोक्षरूपमा पशुपतिको स्वरूप वर्णन गरे ॥१३३॥

अष्टैश्वर्यस्य बोधे दरकमलगदाचक्रधारित्वमुक्तं
धर्मार्थौ काममोक्षौ वितरति गदितुं कल्पितं दोश्चतुष्कम् ।
मायारूपं नु माल्यं श्रुतियुगलगतं कुण्डलं सांख्ययोगौ
विष्णोरेवं स्वरूपं गदितमिह प्रतीकात्मकं देववाण्याम् ॥१३४॥[८३]

लागि केही हप्ता वा महिनाको समय दिंदा पुग्ने देखिन्छ भने कृति रचनामा निपुणता पाउन केही वर्ष दक्ष व्यक्तिका साथमा परिश्रम गर्नुपर्ने हुन्छ । नयाँ भाषा नयाँ ज्ञान लिन केही महिना वा वर्षको समय खर्च हुनलाई बढी समय लाग्यो, बढी गाह्रो भयो भन्न सुहाउँदैन यो वास्तवमा कठिन भाषा होइन । त्यसमा पनि नेपालीमा तत्सम र तद्भव रूपमा कैयौं शब्द भित्रिएका छन् । नेपालीमा भित्रिएका तत्सम शब्दहरूलाई विभक्ति वचन मिलाएर बोल्न लेख्न सकिने हुँदा नेपालीका लागि यो भाषा लेख्न पढ्न धेरै गाह्रो छैन भन्न सकिन्छ ।

८३. पौरस्त्य वाङ्मयका आगम ग्रन्थहरूमा विष्णुका चतुर्बाहु, शङ्ख, चक्र, गदा पद्मधारी, वनमाला पहिरिएको रूप, महादेवका पाँच मुख, सर्पको माला, शिरमा चन्द्रकला र गङ्गा, हातमा त्रिशूल र डमरु लिएको व्याघ्रचर्म पहिरिएको रूप, काली/उमाको अष्टभुजा सिंहवाहिनी रूप, गणेशको गजवदन मूषकवाहन रूप

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आठै प्रकारका ऐश्वर्य छन् भन्ने बुझाउन शङ्ख, कमल, गदा र चक्र धारण गरिएको बताइयो । धर्म, अर्थ, काम र मोक्ष दिन्छन् भन्ने बताउन चार हातको कल्पना गरियो । माला मायाको रूप हो । कानमा पहिरिएका कुण्डलहरू साङ्ख्य र योगदर्शन हुन् । यसरी प्रतीकात्मक रूपमा संस्कृतमा विष्णुको स्वरूप बताइएको छ ॥१३४॥

मुण्डस्रक्त्वेन वर्णान् समयबलविबोधाय चक्रञ्च दण्डं
मृत्योः संसूचनार्थं रिपुबलविजयित्वेन खट्वाङ्गखड्गौ ।
पाशं वश्यत्वसिद्ध्यै परशुमपि रिपोः कर्षणार्थंञ्च धृत्वा
दुष्टेभ्यो नूनवन्ती तुहिनगिरिसुता साधकैर्वर्णिता नः ॥१३५॥

मुण्डमालाको रूपमा वर्णमाला (स्वर र व्यञ्जनवर्ण) समयको शक्ति देखाउन चक्र, मृत्युको सूचकका रूपमा दण्ड, शत्रुको शक्ति नाश गर्ने प्रतीकका रूपमा खट्वाङ्ग र खड्ग, वशीकरण शक्तिको रूपमा पासो (नागपाश) रिपुलाई आकर्षण गरी जित्ने अस्त्रको रूपमा बन्चरो धारण गरी दुष्टहरूबाट मानव (लक्षणाले देव, किन्नर, नाग आदि जाति) लाई रक्षा गर्ने देवीको रूपमा हिमालयपुत्री (कालिका/कौशिकी) को स्वरूप साधकहरूले हामीलाई बताएका छन् । जो देववाणीमा लेखिएका आगमग्रन्थहरूबाट जान्न सकिन्छ ॥१३५॥ ⊛

यस्तै यस्तै प्रतीकात्मक रूप देवीदेवताका पाइन्छन् । यी देवदेवीहरूले भक्तको इच्छा अनुसार सौम्य वा उग्र रूप धारण गर्दछन् पनि भनिएको छ । ठाडो भनाइमा सौन्दर्य नआउने हुनाले ऋषि वर्गले प्रतीकात्मक रूपको उल्लेख गरेका हुन् । यसबारेमा बुझ्न तन्त्र र पुराणसम्बन्धी ग्रन्थहरू पढ्नु पर्दछ, जो संस्कृतका निधि हुन् ।

⊛ कालीको वर्णनको क्रममा खड्ग, चक्र, गदा, धनुष, बाण, त्रिशूल, शङ्ख धारण गरेकी, मुण्डमाला पहिरेकी अति डरलाग्दो स्वरूप देखाइएको छ । जस्तै कि–
'खड्गं चक्रगदेषुचापपरिधान् शूलं भुसुण्डीं शिरः
शङ्खं सन्दधतीं करैस्त्रिनयनां सर्वाङ्गभूषावृताम् ।
नीलाश्मधुतिमास्यपाददशकां सेवे महाकालिकाम्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निष्ठाया भद्रताया यत इह धरणौ प्रसृता दिव्यवाचो
दत्त्वा भोगस्य नीतावपि सुरवचनं ह्यग्रगण्यं सदाऽऽस्ते ।
नित्यं कुर्यादतन्त्रं सकलजनहिताधायकं कार्यजातं
जल्पन्तीत्थं जनेभ्यो जयति हितकरी सन्ततं देववाणी ॥१३६॥

जुन संस्कृत वाङ्मयबाट कर्तव्यनिष्ठा र भद्र स्वभावको बारेमा यो पृथ्वीमा दिव्यवचन फैलियो । दिएर खानुपर्ने नीतिको बारेमा पनि यो वाङ्मय अग्रस्थानमा छँदैछ । देश र देशवासीको लाभ हुने कार्य फुर्तिलो भएर सधैँ गरोस् भनेर मानवलाई बताउने हितकारी संस्कृत भाषा सधैँ सर्वोच्च ठाउँमा छ ॥१३६॥

आकाशस्तापतोये क्षितिपवनलतावृक्षमूलौषधानि
पूज्यन्ते यत्र मन्त्रैः प्रकृतिगतगुणग्राहिभिर्धीरवर्गैः ।
जीवानां दुर्गतानां खगझषमशकानाञ्च भद्राय नित्यं
देवान् सम्प्रार्थयन्त्रः श्रुतिवचनसमाराधकाः सन्ति धन्याः ॥१३७॥[८४]

..............'

यहाँ मुण्डमालाको रूपमा अक्षरमाला पहिरेकी छिन् किनकि काली १० महाविद्यामध्येकी प्रधान महाविद्या हुन् । वर्णमात्रिकारूपा हुन् । विद्याको विशाल वाङ्मय वर्णमात्रिकामा समाहित हुन्छन् । महाविद्याले धारण गर्ने वर्ण नै त हुन् । ती वर्ण असाधित अवस्थामा निष्क्रिय तथा सुप्त हुन्छन् । मृतमुण्डसमान हुन्छन् । जो महाकालीले धारण गरेकी छिन् । लेखाइ र बोलाइको व्यवहारमा आएपछि मात्र ती जागृत हुन्छन् । अक्षरमालाको उद्गम स्रोत काली हुन् भन्ने देखाउन उनले अक्षरमालाको रूपमा मुण्डमाला पहिरेको वर्णन गरिएको छ ।

८४. द्यौः शान्ति रन्तरिक्षं शान्तिः पृथिवी शान्तिरापःशान्तिरोषधयः शान्तिर्वनस्पतयः शान्तिः आदि मन्त्रद्वारा द्युलोक,अन्तरिक्ष, पृथ्वी, जल र वनस्पति जगत्मा र अरु जीवजगत्मा पनि हाम्रा आर्य मनीषीहरूले शान्तिकामना गरेका छन् । मधु वाताऋतायते मधु क्षरन्ति सिन्धवः आदि मन्त्रमा पनि पवन, जल, औषधी आदि कल्याणदायी बनुन् भन्ने कामना अभिव्यक्त छ । अग्निमीले पुरोहितम्, ॐ अयाश्चाग्ने.......... अग्निन्दूतं पुरोदधे,आकृष्णेन रजसा...... जस्ता मन्त्रहरूले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आकाश, प्रकाश, जल, पृथ्वी, हावा, लहरा, वृक्ष, जरा, औषधिवर्ग (अन्न, जौ, गहुँ आदि) लाई प्रकृतिमा रहेको गुण ग्रहण गर्ने बुद्धिमान् वर्गले पूजा गर्दछन् । चरा, माछा, लामखुट्टेलगायत दुर्गतिमा परेका समस्त जीवको कल्याणको कामना गरेर देवतालाई प्रार्थना गर्ने वेदवचनका आराधकहरू धन्य धन्य छन् ॥१३७॥

श्रीशः शंभुर्गिरीशो रविगिरितनये चेति रूपाणि पञ्च
यस्माद् भूतानि लोकाश्चरतदितरकाः कोटिशो यत्र सन्ति ।
सोऽजोऽनन्तोऽव्ययस्सः कथमिति सकलं व्यापृणोतीति बोद्धुं
विद्वद्भिर्दर्शनीयं सुरगिरि लिखितं तन्त्रवेदान्ततत्त्वम् ॥१३८॥

लक्ष्मीपति विष्णु, शङ्कर, गणेश, सूर्य र गिरितनया (पार्वती/काली) यी पाँच रूप जसबाट खडा भए र जहाँ चर तथा अचर करोडौं लोक (व्यक्ति र स्थान) रहन्छन् ती अजन्मा अनन्त र अविनाशी छन् । उनले कसरी सबैलाई ढाकेर बस्छन् भन्ने बुझ्न विद्वान्हरूले संस्कृत भाषामा लेखेका तन्त्र र वेदान्त ग्रन्थहरूमा प्रतिपादित तत्त्व सिद्धान्त हेर्नुपर्छ ॥१३८॥

प्रकाशदायी शक्तिहरूको ॐ ऊर्ध्वाऽअस्य समिधो भवन्त्यूर्ध्वा जस्ता मन्त्रले तीर्थ समुद्रको ॐ नदीभ्यः पौञ्जिष्ठ मृक्षीकाभ्यो नैषादं आदि मन्त्रले नदीको पृथ्वीसूक्तप्रभृति मन्त्रले पृथ्वीको ॐव्वायो ये ते सहस्रिणो जस्ता मन्त्रले वायुको, ॐ वनस्पते वीड्वङ्गो हि जस्ता मन्त्रले वनस्पतिको आराधना गरिएको छ । त्यस्तै देवासुरास्तथा यक्षा नागा गन्धर्वराक्षसाः पिशाचा गुह्यकाः सिद्धाः कूष्माण्डास्तरवः खगाः । जलेचरा भूमिचरा वाय्वाहाराश्च जन्तवः ते सर्वे तृप्तिमायान्तु मद्दत्तेनाऽम्बुनाऽखिलाः । नरकेषु समस्तेषु यातनासु च ये स्थितास्तेषामाप्यायनायैतद् दीयते सलिलं मया ।" यस प्रकारका समस्त दुर्गत जीवको कल्याण चाहेर प्रतिदिन तर्पण गर्ने आर्यजगत्को उदारता प्रशंसनीय छ नै । दुर्गत जीवमात्र हैन 'तरवः' पदले वृक्ष वनस्पतिको समेत तृप्तिको कामना गरिएको पाइन्छ । 'सर्वे भवन्तु सुखिनः …….. भनाइले पनि सबै प्राणीमा सधैँ सधैँ कल्याणको कामना गर्ने आर्य परम्पराको जस्तै उदात्त र उदार विचार वा दर्शन अन्यत्र बिरलै मिल्ला ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यत् स्थूलेऽणौ च पिण्डे लसति च सकलं व्याप्य सङ्क्रीडनाय
यस्मात् सम्प्राप्य शक्तिं तपति दिनकरः शीतवर्षी शशी च ।
एकं नैकञ्च दृश्यं तदनु दृगितरं वाङ्मनोभ्यां परं यत्
तत्त्वं तद् बोद्धुकामैर्निगमगणगता देववाण्यः सुसेव्याः ॥१३९॥[८५]

जुन (सार्वत्रिक) महाशक्ति स्थूल तथा अणु पदार्थहरूमा व्याप्त छ जसले क्रीडाको लागि यो विश्व खडा गरेको छ । जसबाट शक्ति पाएर सूर्यले ताप दिन्छन् र चन्द्रमाले शीत बर्साउँछन् । जो एक छ अनेक पनि छ, दृश्य छ र अदृश्य पनि छ । मनले र वचनले जसको बारेमा भन्न सकिदैन ऊ त्यो भन्दा पनि पर छ । त्यस्तो सनातन तत्त्व (आत्मतत्त्व, शिवतत्त्व वा ब्रह्मतत्त्व) बुझ्न वेदमा उल्लिखित प्राचीन संस्कृत वाणीको अध्ययन गर्नु

---

८५. वेदान्तदर्शनले सबैतिर, सबै कालमा व्याप्त अनादि, अनन्त, अजर, अमर, शुद्ध, बुद्ध, अखण्ड, सच्चिदानन्दमय र निराकार रूपमा ब्रह्मको प्रतिपादन गर्दछ । जसलाई ब्रह्मसूत्र र उपनिशद् ग्रन्थहरूले विशेष रुपमा निर्देशन गर्दछन् । साधनाको स्तर उन्नत भएको र ज्ञान प्राप्त भएको अवस्थामा जीव म आफू नै ब्रह्म हुँ 'अहं ब्रह्मास्मि, तत्त्वमसि' अनुभूतिमा निमग्न हुन्छ । पुराणादि वा भक्ति दर्शनले यही ब्रह्मलाई राम, कृष्ण आदि साकार रूपमा पनि वर्णन गर्दछन् । 'एकोऽहं बहुस्याम' को सिद्धान्त अनुसार उही अद्वैत ब्रह्म नै कार्य सम्पादनका लागि द्वैत साकार ब्रह्म भएर धर्मरक्षा, अधर्मको उन्मूलन र कर्तव्य निर्देशन गर्छ भन्दछन् । यही क्रममा द्वैत, द्वैताद्वैत, शुद्धाद्वैत, विशिष्टाद्वैत वादहरू उत्पन्न हुन्छन् । यी मत पनि ब्रह्मसूत्रलाई आधार बनाएर आचार्यहरूले प्रतिपादन गरे । पुराण, इतिहास ग्रन्थलाईलाई उनीहरूले वेद व्याख्याताकै रूपमा मान्यता दिएका छन् । स्त्री, शूद्र द्विजबन्धु (पतित ब्राह्मण) का लागि वेदाध्ययनको सट्टा पुराण आदिको अध्ययन उपयुक्त हुने कुरामा जोड दिएका छन् । तिनै उपनिषद दर्शनका ब्रह्म वा पुराणादिका परमेश्वर रामकृष्णबाट शक्ति पाएर सूर्यले ताप र चन्द्रले शीतलता दिइरहेछन् । योगमाया शक्तिद्वारा खेल्नका लागि उसले यो ब्रह्माण्डको निर्माण गऱ्यो उही परब्रह्म ब्रह्माविष्णु र महादेव भएर सृष्टि पालन र संहार गरिरहेछ भन्ने बोध संस्कृत वाङ्मयका पुराण र इतिहास ग्रन्थले गराउँछन् । यी पनि संस्कृत वाङ्मयकै निधि हुन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पर्दछ । यो शिवतत्त्व वा परमात्मा तत्त्वको अनुभव गर्न संस्कृत भाषाको सेवा गर्नै पर्छ ॥१३९॥

ब्रह्माण्डानां समेषां तदधिपतितया कीर्तितानां विधातु–
र्विष्णोरीशस्य बोधाय च मुनिनिचयैरुक्त ॐकारशब्दः ।
श्रुत्याः सर्वस्वमेतत् सततमिह बुधा ब्रह्मबीजं जपित्वा
मुक्तिं शीघ्रं लभध्वं सहजतरतया वक्ति नो वेदवाणी ॥१४०॥

सम्पूर्ण ब्रह्माण्डहरू र तिनका अधिपतिका रूपमा प्रख्यात ब्रह्मा, विष्णु र शिवको बोध गराउन मुनिवर्गले ॐकार शब्दको उच्चारण गरेका छन् । यो ॐकार वेदको सर्वस्व हो । ब्रह्मवाचक पद हो र यसलाई नित्य जपेर सहज तरिकाले मुक्ति प्राप्त गर भनेर हामीलाई वेद/उपनिषद्का वचनले बताएका छन् ॥१४०॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एकं ब्रह्मैव ब्रह्माच्युतगिरिशतनौ सर्वदेवेषु चैवं
तीर्यग्जातौ मनुष्ये सकलतरुलतागुल्मपुष्पेषु व्याप्तम् ।
दृग्द्रष्टृदृश्यरूपे कथमिति परमं राजते तत्त्वमेतद्
बोद्धुं सम्यक् सुधीभिः सुरगवि महिता वेदवाण्यः सुसेव्याः ॥१४१॥

एउटै ब्रह्मतत्त्व ब्रह्मा, विष्णु, शिवमा, सबै देवतामा, तीर्यग्जाति (पशु, पक्षी, चलचर) मा, मानवमा अनि सम्पूर्ण रुख, लहरा, जरा र फूलमा समेत व्याप्त छ । दृष्टि, द्रष्टा र दृश्य उही तत्त्व हो भन्ने सत्य राम्ररी बुझ्न विद्वज्जनले वेदराशि (ब्राह्मण, आरण्यक, उपनिषद् ग्रन्थमा) प्रधान रूपले प्रतिपादित संस्कृत वाणीको मनन गर्नुपर्दछ ॥१४१॥

तारायां रामभद्रेऽप्यथ हरिहरयोः कालिकायाञ्च कृष्णे
राधायां कृष्णचन्द्रे गिरिशगिरिजयोरैक्यमुक्तं सुधीभिः ।
एवं जीवात्ममेलः कथमिति विदितुं देववाण्यां प्रणीता
द्रष्टव्याः सारपूर्णा बुधजनमहिता तन्त्रवेदान्तग्रन्था: ॥१४२॥[८६]

---

८६. "कालीकृष्णयोरैक्यमुक्तं महाकालसंहितायाम् –
स्त्रीणां त्रैलोक्यजातानां कामोन्मादैकहेतवे ।
वंशीधरं कृष्णदेहं चकार द्वापरे युगे
उभयोर्मेलनाद्देवि शिवशक्तिर्हि गीयते ॥
तन्त्रराजेऽपि –
कदाचिदाद्या ललिता पुंरूपा कृष्णविग्रहा
वेणुनादसमारम्भादकरोद् विवशं जगत्
शक्तिसङ्गमे–
कदाचिदाद्या ललिता पुंरूपा कृष्णविग्रहा ।
लोकसंमोहनार्थाय स्वरूपं विभ्रती परम् ।
वेणुनादसमारम्भसर्वसम्मोहनक्षमा ।
कदाचिदाद्या श्रीकाली सैव ताराऽस्ति पार्वती
कदाचिदाद्या श्रीतारा पुंरूपा रामविग्रहा
रावणस्य वधार्थाय देवानां स्थापना च ॥
...

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तारा र रामचन्द्रमा, हरि र हरमा, काली र कृष्णमा, राधा र कृष्णमा अनि महादेव र पार्वतीमा विद्वान्हरूले यी एक हुन् भनेर उल्लेख गरेका छन् अर्थात् तारा नै रामचन्द्र, हरि नै हर एवं प्रकारले ऐक्य सिद्ध गरेका छन् । त्यस्तै जीव र आत्मामा पनि एकता सिद्ध गरिएको छ । यो कसरी त भन्ने बुझ्न संस्कृत भाषामा निर्मित विद्वान्हरूले आदृत तन्त्र र वेदान्तका सारपूर्ण ग्रन्थहरू हेर्नुपर्दछ ॥१४२॥

संस्काराः शुद्धमिश्रा द्विजकुलमहिताः सन्ति यस्यां निबद्धा
आचाराः वेदमूला मनुजहितकराः सन्ति यस्यां प्रणीताः ।
त्यक्त्वा क्षुद्रस्वभावं जनजनपदयोरुन्नतेरुच्चकार्ये
लोकान् संयोजयन्ती सुरभणितिरियं किं न सेव्या भवेन्नः? ॥१४३॥

शुद्ध र मिश्रित प्रकारका द्विजकुल (ब्राह्मण, क्षत्रिय र वैश्य) मा प्रचलित संस्कार (जन्मदेखि मृत्युसम्मका) यही संस्कृतमा लिपिबद्ध छन् । वेद, धर्मशास्त्र आदिद्वारा प्रतिपादित मानवलाई (सन्मार्गमा पुऱ्याएर) हित गर्ने (मनु आदिद्वारा कथित) आचारपद्धति पनि यही भाषामा छन् । क्षुद्र स्वभाव छाडेर जनता र देशको उन्नतिको उच्च कार्यमा समाजमा लाग्न प्रेरणा पनि यसैले दिएको छ । यस्तो संस्कृत भाषा हाम्रा लागि पठनीय किन नहोस् । (अवश्य पठनीय छ ।) ॥१४३॥

हरिहरयोरैक्यमुक्तं शक्तिसङ्गमे–
शिवो विष्णुस्वरूपत्वं विष्णुश्च शिवरूपताम् ।
उभौ हरिहरात्मानौ ह्यर्धनारीश्वरौ परौ ॥"
यसप्रकार महाकालसंहिता, तन्त्रराज र शक्तिसङ्गमतन्त्रको हवला दिएर तारा + राम, काली + कृष्ण र हरि र हरमा अभेद सिद्ध गराएका पंक्ति पाइन्छन् । (उद्धृत बृहत् पुरश्चर्यार्णव प्रथम खण्ड, पृ. २५–२६ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भक्तिज्ञानकर्मष्वेकतमं सेव्यमिति दर्शयति–

लोकान् शिष्यनुदारान् छलमदरहितं कर्तुकामैःसमाजं
स्वर्गा उक्ता अनेके बहुविधसुखदा नारका दुःखदाश्च ।
भक्तिर्ज्ञानञ्च कर्मेति च पथत्रितये कञ्चिदेकं सुखेव्य
चोद्धार्यैषा जनिर्भो गदति सुरगवी सन्ततं नो सुखाय ॥१४४॥

भक्ति ज्ञान र कर्ममध्ये कुनै एकमा समर्पित हुनुपर्छ भन्ने देखाउँछन्–

प्राणीवर्गलाई अनुशासित र त्यागी बनाउन अनि समाजलाई छल र मदबाट हटाउन चाहने व्यक्तिहरुले धेरै सुखदायी स्वर्ग र अति यातनादायी नरकहरुको वर्णन गरे । भक्ति ज्ञान र कर्ममा कुनै बाटोमा निरन्तर लागिपरेर मानव जुनि उठाओ भनेर हाम्रै हितका निमित्त संस्कृत बाङ्मयले भन्दैछ ॥१४४॥

नेपाले संस्कृतस्य गतिविधयः कीदृशाः सन्तीति ज्ञापयति–

नेपालः पूर्वमासीत् सुरवचनसमाराधकं मुख्यकेन्द्रं
राजानो लिच्छवीयास्तदनु च सुरगीस्सेविमल्ला अभूवन् ।
विच्छिन्नो नैव भूयात् क्रम इति जनताभावनां संविचार्य
नेतारस्तत्पराः स्युः सततमिह समुत्थापने संस्कृतस्य ॥१४५॥

नेपालमा संस्कृतको गतिविधि कसरी चल्दै आयो भन्ने जानकारी दिन्छन्–

नेपाल पहिले संस्कृत भाषाको आराधना गर्ने मुख्य केन्द्र थियो । लिच्छिविवंशी र मल्लवंशी राजाहरू संस्कृत भाषाका अध्येता भए । यो सिलसिला विच्छिन्न नहोस् भन्ने जनताको भावनालाई विचार गरेर नेताहरू संस्कृत भाषाको समुत्थानमा तत्पर रहुन् ॥१४५॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्कीर्णानश्मताम्रादिषु सुरवचसा लेखभागान् विलोक्य
नेपालस्येतिहासो रचित इति बुधैः स्वीकृतं तथ्यमास्ते ।
एवं भाषाकलादेरनवरतविकासाय पूर्वैः कृतानां
कार्याणां बोधनार्थं कथमिह सुरगीः सेवनीया भवेन्न ? ॥१४६॥[८७]

शिला, तामो आदि (आदिशब्दले ताडपत्र, भूर्जपत्र र नेपाली कागज) मा संस्कृत भाषामा खोपेर वा लेखेर राखेका लेखका खण्डहरूलाई हेरेर नेपालको इतिहास बनेको हो भन्ने तथ्य विद्वान्हरूले स्वीकार गरेका छन् । यसै गरी भाषा, कला आदिको लगातार विकास गर्न र पूर्वजहरूले गरेका कार्यहरू बुझ्नका लागि पनि हामीले संस्कृत भाषाको किन अध्ययन नगर्ने ? (संस्कृतको अध्ययन नगरी इतिहास, कला आदिको विकासगति बुझ्न सकिँदैन ।)॥१४६॥

---

८७. नेपालमा लिच्छवि कालमा राजाज्ञा प्रसारित गर्ने कर लगाएको, कर छुट गरेको, भूदान गरेको, सनतपत्र आदि राजकार्य देखाउने विवरणका शिलालेखहरू संस्कृतमा लेखिएका पाइन्छन् । त्यसबाट स्थानीय भाषा फरक रहे पनि राजकीय भाषामा संस्कृतको महत्त्वपूर्ण स्थान रहेको स्पष्ट हुन्छ । मल्ल कालका राजाहरूको कुरै अर्कै । उनीहरूमा कतिपयले संस्कृतमा नाटक लेखेका छन् । स्तुतिपद्य लेखेका छन् । जस्तै जगत्ज्योति मल्ल- हरगौरीविवाहनाटकम् र संगीतसर्वस्वम्, जगत्प्रकाश मल्ल- उषाहरणनाटकम्, भूपतीन्द्र मल्लको रुक्मिणीपरिणयनाटकम्, गौरीविवाहनाटकम् आदि । शाहकालमा शक्तिवल्लभ, ललितावल्लभ आदि कविदेखि लिएर पछिल्ला समयमा संस्कृतमा सुकृतिदत्त पन्त, कुलचन्द्र गौतम, सोमनाथ सिग्देल, पूर्णप्रसाद ब्राह्मण, छविलाल सूरि, कृष्णप्रसाद घिमिरे, प्रा. डा. माधव भट्टराई, प्रा. डा. टीकाराम अधिकारी, प्रा. डा. वेणीमाधव ढकाल, योगी नरहरिनाथ, भरतराज मन्थलीय, प्रा. भरतराज पन्त, दधिराम मरासिनी, भीमकान्त पन्थी आदिले काव्य,महाकाव्य र अरु रचनाद्वारा संस्कृतको विकास गरिरहेका छन् । हाल नवोदित कविहरूले पनि संस्कृतमा रचनाकृति प्रस्तुत गर्दैछन् । संस्कृत विश्वविद्यालय पनि खडा छ । आगामी दिनमा संस्कृत जगत्ले केही प्रगति गर्न सक्ने ठाउँ पनि छ । यसकारण नेपालमा संस्कृतको विकास हुन सक्दैन भन्न मिल्ने देखिन्न ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

केचिद् माध्यमिकास्तथा गुरुकुले संस्थापिताः केचन
नेपाले पठनाय संस्कृतगिरो विद्यालया आसते ।
निष्ठाया अवसानतः किमु द्रुतं वित्तार्जनेच्छावशाद्
हन्ताऽपेक्षितरूपतः सुरगवी नैवोत्थिता दृश्यते ॥१४७॥ [८८]

केही सरकारी माध्यमिक विद्यालय तथा केही गुरुकुलद्वारा सञ्चालित संस्कृत भाषाका विद्यालय र महाविद्यालयहरू नेपालमा स्थापित छन् । तैपनि संस्कृतप्रति निष्ठा कम भएर वा छिट्टै धन कमाउने इच्छाका कारण चाहेजति संस्कृत भाषा उठेको देखिदैन ॥१४७॥

जीवेत् संस्कृतनामकं समचलद् ह्यादान्दोलनं कर्हिचिद्
राणातन्त्रिकदुर्नयश्च सहसा छात्रैः समुन्मूलितः ।
कालेऽस्मिन्नपि याचते मतिमतः शूरान् सुतान् भारती
यो दुःखं व्यपनीय संस्कृतगिरं सन्तोषयेयुः स्फुटम् ॥१४८॥ [८९]

---

८८. गुरुकुल विद्यालयका रूपमा हाल नेपालमा दुई सय पचहत्तरको हाराहारीमा विद्यालय चलेका छन् । यी सबै जनताको स्वतःस्फूर्त सहभागितामा चलेका हुन् । जसमा सरकारको अनुदान नगण्य छ । संस्कृतको चौतर्फी विकासमा गुरुकुलीय विद्यालयले दिएको योगदान विशिष्ट छ । कतिपय गुरुकुलमा उच्च शिक्षाको अध्ययन पनि हुन्छ जो स्तरीय पनि देखिएको छ । तर यो चाहिँ पक्कै हो कि संस्कृतको अध्ययन-अध्यापन आदिको बारेमा जति प्रचारप्रसार र खर्च भएको छ, त्यति उपलब्धि पाउन सकिएको छैन ।

८९. २००४ साल असार १ गतेबाट संस्कृत शिक्षाका साथमा आधुनिक शिक्षाको पनि पढाइ हुनुपर्छ भनी सुरु भएको 'जयतु संस्कृतम्' आन्दोलन तात्कालिक पद्मशमशेरको राणाशासनले धरपकड गर्ने, थुन्ने, डाँडो कटाउने जस्ता सजायँ दिँदा पनि नआत्तिई उत्कर्षमा पुऱ्याएको आन्दोलन हो जुन वि. सं. २००७ सालको देशव्यापी जनक्रान्तिको सहयात्री पनि भयो । त्यसबेला भूगोल, इतिहास, नागरिकशास्त्र पढ्न पाउने आन्दोलन थियो भने आज पनि कम्प्युटर, विज्ञान शिक्षाको पनि पठनपाठन हुनुपऱ्यो, वृत्तिको अवसर बढी ठाउँमा पाउन पऱ्यो भन्ने माग छँदैछ । यसरी संस्कृत अध्ययनका पृष्ठभूमि क्रान्तिकारी जगबाट हुर्केको देखिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'जयतु संस्कृतम्' नामको आन्दोलन कुनै बेला चल्यो, जसद्वारा राणातन्त्रको खराब नीति (जनदमन आदि) लाई छात्रहरूले पूरै उखेले । आजको वर्तमान समयमा पनि संस्कृत भाषाले यस्तै शूर र बुद्धिमान छोराहरू खोजेकी छिन् । जसले दुःख हटाएर संस्कृत भाषालाई सन्तुष्ट राख्न सकून् ॥१४८॥

भाषाप्रशिक्षणकार्यक्रमादपि संस्कृतज्ञानं सुकरमिति सङ्केतयति–

भाषाशिक्षणकं प्रवर्तिचरं नेसंविना संस्कृते
मासैः पञ्चभिरेव कौशलमहो शिक्षार्थिभिः प्राप्यते ।
अल्पज्ञा अपि स्वल्पयत्नवशतो जानन्ति संभाषितुं
तस्मात् संस्कृतभारतीति कठिना वाचो निरर्थाः किल ॥१४९॥

भाषा प्रशिक्षण कार्यक्रमको सञ्चालनले संस्कृत पढ्न सजिलो बनाएको छ भन्ने सङ्केत गर्दछन् –

नेपाल संस्कृत विश्वविद्यालयले संस्कृतमा भाषा प्रशिक्षण कार्यक्रम चलाइरहेको छ । जुन प्रशिक्षणबाट पाँचै महिनामा शिक्षार्थीहरूले कुशलता हासिल गर्दछन् । अल्पज्ञान भएका मानिस पनि थोरै परिश्रम गरेमा बोलचाल गर्न सक्ने हुन्छन् । त्यसकारण संस्कृत भाषा कठिन छ भन्ने खालका भनाइहरू अर्थहीन छन् ॥१४९॥ ❁

❁ केही दशक यता नेपाल संस्कृत विश्वविद्यालयले भाषा प्रशिक्षण कार्यक्रम चलाइरहेको छ । पाँच महिनाको प्रशिक्षणमा नै विद्यार्थीहरू कुशल बन्न सक्दछन् । थोरै पढेका मानिसहरू पनि थोरै समयको प्रयासले बोल्न सक्ने भइराखेका छन् । यति मात्र होइन भाषा प्रशिक्षणमा उत्तीर्ण भएका व्यक्तिले विद्यापीठमा भर्ना भएर स्नातकोत्तर र पिएचडीसम्मको उपाधि पाइसकेका छन् । अहिले उनीहरू सफलतासाथ अध्ययन, अध्यापन र लेखनकार्यमा अघि बढ्दैछन् । संस्कृत भाषाको विस्तारमा भाषा प्रशिक्षण कार्यक्रमले ठूलो टेवा दिएको स्पष्ट छ । सामुदायिक विद्यालयबाट प्रवेशिकामात्र उत्तीर्ण गरेका व्यक्तिहरू पनि भाषाप्रशिक्षणको कार्यक्रममा उत्तीर्ण भएपछि संस्कृतमा उत्तरमध्यमास्तरको ११ कक्षामा भर्ना हुन सक्छन् । भाषा प्रशिक्षण भनेको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाश्चात्त्या अपि संस्कृतस्य पठने साराऽर्जने वाऽधुना
संलग्नाः किल सन्ति दर्शनकलायोगेषु दत्तादराः ।
अस्माकन्तु निधिर्महानिति धिया पौरस्त्यकं वाङ्मयं
संरक्ष्यं परिवर्धनीयमपि भो नास्मिन् विलम्बो भवेत् ॥१५०॥ [९०]

संस्कृतको पूर्वमध्यमा (प्रवेशिका) सरहको पाठ्यक्रम हो । विविध क्षेत्रमा काम गर्ने व्यक्तिहरू अहिले भाषा प्रशिक्षणमा सहभागी हुँदैछन् । यो संस्कृतको लागि खुशीको विषय हो ।

९०. पाश्चात्य देशहरू जर्मनी, रुस, अमेरिका, बेलायत आदिमा पौरस्त्य वाङ्मय विभाग खोली संस्कृतको पठनपाठन र अनुसन्धान भइरहेको देखिन्छ । एसियन स्टडिज् अर्न्तगत त्यहाँका विश्वविद्यालयहरूमा संस्कृतमा अन्तरनिहित योग, बौद्धदर्शन, भाषा, दर्शनको अध्ययन–अध्यापन तथा अनुसन्धान भइरहेको छ । भारतमा संस्कृतका पचासभन्दा बढी विश्वविद्यालय छन् जो हरिद्वार, दरभंगा, वनारस, उज्जैन, नयाँ दिल्ली, तिरुपति, पुरी, कान्चिपुरम्, चुनागढ र नागपुरमा छन् । भारतमा एकेडेमी अफ संस्कृत रिसर्च भन्ने संस्था मेलकोटमा छ । पाण्डिचेरीस्थित फ्रेन्च इन्स्टिच्युट्मा पनि संस्कृतको अनुसन्धान हुन्छ । चेन्नाईस्थित इन्स्ट्च्युट् अफ एसियन स्टडिज्मा पनि संस्कृतको रिसर्च हुन्छ । जर्मनीमा चौधवटा उच्चस्तरीय विश्वविद्यालयले संस्कृत पढाउँछन् । युनिभरसिटी अफ अक्सफोर्ड, यूकेमा फ्याकल्टी अफ ओरन्टियल स्टडिज् विभागमा संस्कृत पढाइ हुन्छ । सास युनिभर्सिटी अफ लण्डनमा साउथ एसिया डिपार्टमेन्टमा संस्कृतको पढाइ हुन्छ । यस विश्वविद्यालयले काठमाडौंको विश्वभाषा क्याम्पससँग पनि सहकार्य गरिसकेको छ । द युनिभर्सिटी अफ एडिनवर्ग, युनिभर्सिटी अफ क्याम्ब्रिज, लण्डनस्थित सेन्ट जेम्स जुनियर स्कूलमा (साना बालबालिकाका लागि), एल. कोलोजिओ डि मेक्सिकोमा सेन्टर फर ऐसियन एण्ड अफ्रिकन स्टडीज् अन्तर्गत, क्यालिफोर्नियामा इन्सिट्च्युट अफ इन्टिग्राल स्टडिज अन्गर्गत यस्तै कोलम्बिया युनिभर्सिटी, कर्नेल युनिभर्सिटी, इमोरी युनिभर्सिटी, हारवर्ड युनिभर्सिटीमा, क्यानाडामा कन्सर्डिया युनिभर्सिटी, मोजील युनिभर्सिटी, कोलम्बिया युनिभर्सिटी अफ क्यालगेरीमा, अष्ट्रेलियामा अष्ट्रेलिया नेस्नल युनिभर्सिटी, लाटोभ युनिभर्सिटी, युनिभर्सिटी अफ सिड्नी, युरोपियन देशहरूमा भियना युनिभर्सिटी, जेन्ट युनिभर्सिटी, लरेन युनिभर्सिटी, युनिभर्सिटी अफ कोपेनहेगन, युनिभर्सिटी अफ हेल्सिन्की, पेरिस युनिभर्सिटी, युनिभर्सिटी अफ बोलोग्ना, युनिभर्सिटी अफ रोम, मिलन स्टेट युनिभर्सिटी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाश्चात्त्य देशका (युरोप, अमेरिका, अष्ट्रेलियातिरका) व्यक्तिहरू पनि संस्कृत पढ्न वा संस्कृतको सार जान्न अहिले लागिपरेका छन् । उनीहरूले संस्कृत वाङ्मयभित्रको दर्शन (आस्तिक, नास्तिक, शाङ्कर, साङ्ख्य, बौद्ध, जैन, चार्वाक) कला (प्रसिद्ध कपडा सिउने, केश सिँगार्ने, भाँडाकुँडा बनाउने आदि) योग (पातञ्जल) को ज्ञान प्राप्तिमा आदर गर्दैछन् । यो पौरस्त्य वाङ्मय हामी आर्यहरू / वैदिक सनातनधर्मीको त ठूलो खजाना नै हो भन्ने बुद्धि लिएर हामीले यो वाङ्मयलाई संरक्षण र परिवर्धन गर्नुपर्छ यसमा विलम्ब गर्नु हुँदैन ॥१५०॥

नवतमप्रविधौ सुसांख्येपि संस्कृतभाषोपयुक्तेति दर्शयति ।

आख्यातानाञ्च नाम्नामधिकनियमनाद् रूपमेलाच्च तद्वद्
भाषेयं सांख्यिकीये नवतमप्रविधौ युज्यते ज्ञा वदन्ति ।
पूर्वस्मिन् वा परस्मिन् द्वितयवसुमतीभागयोस्तुल्यरूपे
ख्याता श्रद्धास्पदा वा जगति विजयते देवभाषाऽद्वितीया ॥१५१॥

नयाँ कम्प्युटर प्रविधिमा प्रयोग गर्न पनि संस्कृत भाषा उपयुक्त छ भन्ने देखाउँछन्–

क्रिया र नामपदहरूको नियम बनाएर अधिक व्यवस्थित गरिएकाले, उनीहरूको रूपमा समानता देखिएकाले यो संस्कृत भाषा कम्प्युटरको नयाँ प्रविधिमा पनि प्रयोग गर्न उपयुक्त छ भनेर विज्ञहरू बताउँछन् ।

आदिमा संस्कृतको अध्ययन, अध्यापन तथा अनुसन्धान हुन्छ । मध्यपूर्वमा हिब्रू युनिभर्सिटी अफ जेरुसेलम, तेलअबिब युनिभर्सिटी र ओमनको इन्डियन स्कूलमा संस्कृत पढाइ हुन्छ । एशियामा चीनका बेजिङ युनिभर्सिटीमा साथै जापानको क्योटो युनिभर्सिटी लगायत ४० युनिभर्सिटीमा, यस्तै थाइल्याण्ड, श्रीलंकाका कतिपय युनिभर्सिटीमा पनि संस्कृतको पढाइ तथा अनुसन्धान हुन्छ । यसप्रकार संस्कृत प्रायः सबै महादेशमा पढाइ हुने लोकप्रिय भाषामा पर्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्व र पश्चिमका देशहरूमा प्रसिद्ध र श्रद्धासाथ मानिने विशेषताका कारण अद्वितीय यो संस्कृत भाषा लोकमा सर्वोत्कृष्ट छ ॥१५१॥

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सन्दर्भग्रन्थसूची

१. वाचस्पति गैरोला संस्कृत साहित्यका इतिहास, चौखम्बा विद्याभवन, वाराणासी
२. महर्षि वाल्मीकिः, वाल्मीकिरामायणम्,
३. बालकृष्ण पोखरेल– राष्ट्रभाषा
४. ऋग्वेद–सायणभाष्य
५. महर्षिवेदव्यास– महाभारत
६. श्रीमद्भगवद्गीता
७. आचार्य कौटिल्य– कौटिलीयार्थशास्त्रम्
८. रुद्राभिषेकपद्धतिः
९. महर्षि वेदव्यास– श्रीमद्भागवतमहापुराणम्
१०. सर्वदर्शनसङ्ग्रहः
११. कुलार्णवरहस्य– सम्पादक– धनसमसेर
१२. बृहत्पुरश्चर्यार्णवः – सम्पादक धनसमसेर
१३. महर्षिवेदव्यास– ब्रह्मसूत्रम्
१४. महर्षि याज्ञवल्क्य– याज्ञवल्क्यस्मृतिः चौखम्बा कृष्णदास अकादमी विद्याभवन वाराणासी २०६५ ।
१५. शिवराज आचार्य कौडिन्यायन, वैदिकधर्म मूल रूपमा ....
१६. पञ्चतन्त्रम्, हितोपदेशः
१७. मध्यसिद्धान्तकौमुदी
१८. संस्कृतमा के छ ? – प्रकाशक, जयतुसंस्कृतम् वि. सं. २०६१ मार्ग
१९. लेखकः, सङ्कलकः, सम्पादकश्च डा. स्वामिप्रपन्नाचार्यः, किमन्ताराष्ट्रे संस्कृतस्य महत्त्वं वर्तते– प्रकाशकः किरातेश्वरप्रकाशनम् वि. सं. २०६४, पौषमासः पाँचथर, नेपालः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जर्मनीका १४ वटा युनिभर्सिटीमा संस्कृत पढाइ हुन्छ भन्ने कुरा तलको साइटमा छ–

www.universityworldnews.com/article.php

अमेरिकामा ६ वटा युनिभर्सिटीमा संस्कृत पढाइ हुन्छ भन्ने कुरा तलको साइटमा छ–

www.hotcoursesabroad.com/study/trainingdegree/us-usa/sankritcourses.

युएस र युरोपमा संस्कृतको लोकप्रियता बढेको बारेमा हिन्दुस्तान टाइम्समा सन् २००७ जुलाई १० मा एउटा रिपोर्ट छापिएको थियो । उक्त लेखको शीर्षक–

Popularity of Sanskrit on riseing, Europe.

विश्वभरि, एकेडेमिक संस्कृत कोर्सका बारेमा निम्न वेवसाइटले जानकारी दिन्छ–

myweb.uiowa.edu/pgailsanskritsanskritstudies.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नाम : रामहरि दाहाल
जन्म : वि.सं. २०११ श्रावण २४
जन्मस्थान : नीलकण्ठ नगरपालिका, नेवारपानी, धादिङ
पिता : लीलानाथ दाहाल
माता : बालकुमारी दाहाल
शिक्षा : साहित्याचार्य
पेसा : प्राध्यापन, समाचार सम्पादन तथा वाचन, रेडियो नेपाल विद्यावारिधि तथा स्नातकोत्तर तहका एक दर्जन विद्यार्थीको निर्देशक तथा विशेषज्ञ भई काम गरेको

पदक तथा पुरस्कार :

महेन्द्र विद्याभूषण, सरदार सोमप्रसाद शिक्षा पुरस्कार, २०४९, दीर्घसेवा पदक २०६२

संस्थागत संलग्नता : विश्व-हिन्दु महासङ्घ नेपाल (आजीवन सदस्य)

प्रकाशित कृति :

नेपालीमा

शान्तिको खोजी - खण्डकाव्य
सावित्री-खण्डकाव्य
नेवारपानी- खण्डकाव्य

संस्कृतमा

अमरभारतीगौरवम्- खण्डकाव्य
गतो मदीयो ननु कुत्र देश ?- कवितासङ्ग्रह

अनुवाद :

शिवमहापुराणम् (पशुपतिक्षेत्र-विकासकोषबाट प्रकाशित)- संयुक्त ग्रन्थ सम्पादन तथा परिमार्जन

पारस्करगृह्यसूत्रम् (नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशोन्मुख)

फुटकर रचना :

गोरखापत्र, कान्तिपुर, मधुपर्क, हिमालय टाइम्स, ऋतम्भरा, मर्यादा, जयतु संस्कृतम् आदि पत्रपत्रिकामा प्रकाशित ।

MF
मोलुङ फाउन्डेसन
कोटेश्वर, काठमाडौं

978 9937 567 26 8
ISBN

Jayatu Sanskritam, Kathmandu, Nepal